# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

हेल्लो भक्तपुर नगरपालिका

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{#%✮cÆ !✮g]; =!#*✮lj-; =@)&$ dl;/ ✮A.D.2017

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## Pp6f tl:a/

भक्तपुर नपाको साविक वडा नं. ११ स्थित योसिंख्योको एक पुरानो तस्बिर । यो पोखरी हरेक वर्ष लिंगो उभ्याउने ठाउँनिरको हो । अहिले यहाँको वातावरण निक्कै सुधार र फरक भइसकेको छ ।



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘अन्यायले विभाजन, घृणा तथा झगडा उत्पन्न गराउँछ ।’ – प्लेटो

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | चिनियाँ प्रमण्डलद्वारा भक्तपुरको अवलोकन भ्रमण | – | ३ |
| २) | ‘सम्पदा संरक्षणको अनुभव र सांस्कृतिक आदान प्रदानले सहयोग पुग्ने’ | सुनिल प्रजापति | ४ |
| ३) | ‘यो शहरको व्यवस्थापन र वातावरण राम्रो रहेको अनुभव गऱ्यौं’ | तु लिङसिन | ५ |
| ४) | गणतान्त्रिक नेपालको पहिलो आमनिर्वाचन सम्पन्न | – | ६ |
| ५) | महिला स्वास्थ्य शिविर सम्पन्न | – | ८ |
| ६) | ऐतिहासिक रानीपोखरीको सरसफाइ | – | ९ |
| ७) | शिक्षक तथा कर्मचारीहरूले देश र जनताको हितमा काम गर्नुपर्छ | – | १० |
| ८) | मतसीमा (थ्रेसहोल्ड) को रिटमा सर्वोच्चबाट कारण देखाउ आदेश जारी | – | १० |
| ९) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ११ |
| १०) | कामदार वर्गले अक्टोवर क्रान्तिको सिलसिला जारी राख्नुपर्छ | ए.के.श्रेष्ठ | २१ |
| ११) | वडाध्यक्ष परिचय : हरिराम सुवाल | – | २४ |
| १२) | सूर्यविनायक नगरपालिकाको मत विवरण | – | २५ |
| १३) | बुराँज्याः एक मौलिक नेवारी परम्परा | ओम धौभडेल | २९ |
| १४) | नेपालभाषाया ऐतिहासिक महत्त्व | धनवज्र बज्राचार्य | ३३ |
| १५) | ख्वप विश्वविद्यालय र डा. केसीको अनशन | जे.एल.‘विनायक’ | ३७ |
| १६) | राहुलको रुस यात्रा | रत्नसुन्दर शाक्य | ३९ |
| १७) | नागरिक भावना : म पनि नाच्ने छु | हेमन्त | ४३ |
| १८) | ऐतिहासिक नगर भक्तपुरमा प्रचलित परम्परागत चाडपर्वको संरचना | सह प्रा.डा. बलराम कायस्थ | ४५ |
| १९) | ‘शक्तिशाली हतियार विकास गर्ने कोरियालाई बधाई !’ | जे.पाठक | ५२ |
| २०) | SKETCHES FROM NIPAL (19) | Henry Ambrose Oldfield | ५३ |
| २१) | भक्तपुरको वर्ष ३४ को विषय सूची | – | ५७ |
| २२) | संक्रमणकालको पूर्ण अन्त्य हुँदै (सम्पादकको पृष्ठ) | | ६४ |


### साथमा


भक्तपुर जिल्लामा कहाँ कति मत खस्यो ?– ७/ खुला दिसागर्नेमा भारत एक नम्बर–८/ चिनियाँ नीतिकथा : शंका – ३८/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ – ४२/ नेपालको संविधान २०७२, भाग – १९, स्थानीय आर्थिक कार्यप्रणाली (२६) – ५५/ तपाईको भान्सा : मेथीका नौ फाइदाहरू – ५६/ मतसीमाविरुद्धको कारण देखाउ आदेशमा ढिलो म्याद–५६/ बसिबियाँलो – ५६/ कार्तिक महिनाको पर्यटक तथ्याङ्क – ६३ ।


नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# चिनियाँ प्रमण्डलद्वारा भक्तपुरको अवलोकन भ्रमण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र चीनको पेईचिङ नगरपालिका सिछङ क्षेत्रका जनप्रतिनिधिसभा स्थायी समितिका अध्यक्ष तु लिङसिनको नेतृत्वमा आएको चिनियाँ प्रतिनिधि मण्डलबीच मंसिर १५ गते भेटवार्ता भयो।



प्रमुख सुनिल प्रजापतिले अध्यक्ष तु लिङसिनको नेतृत्वमा आएको चिनियाँ प्रतिनिधि मण्डललाई स्वागत गर्नुहुँदै

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरबारे परिचय दिँदै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र र पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न कोसिस गरिरहेको बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' नारा दिएर प्राचीन कला र संस्कृतिको संरक्षण गर्दै आएको बताउँदै पर्यटक सेवा शुल्कबाट उठेको रकम शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा खर्च गर्दै आएको प्रस्ट पार्नुभयो।

'नेपाली कलाकार अरनिकोले बनाएको पेईचिङ नगरको सिछङ क्षेत्रमा रहेको श्वेत चैत्य र उहाँको सालिकले हाम्रो सम्बन्धलाई अझ गाढा बनाएको छ। सिछङ क्षेत्र बेइजिङको पुरानो क्षेत्र रहेको र धेरै प्राचीन सम्पदाले भरिपूर्ण क्षेत्र भएको हुँदा दुई पक्षको सम्पदा संरक्षणको अनुभव र सांस्कृतिक आदान प्रदानले हामीलाई सहयोग पुग्ने विश्वास गर्छु' उहाँले भन्नुभयो।

सिछङ क्षेत्रका जनप्रतिनिधिसभा स्थायी समितिका अध्यक्ष तु लिङसिनले भक्तपुरमा न्यानो स्वागत र आतिथ्य व्यवस्थाको निम्ति धन्यवाद व्यक्त गर्दै दुई क्षेत्रबीच सांस्कृतिक आदान–प्रदानमा जोड दिनुभयो।

'भक्तपुरको अवलोकनले हामीलाई नेपालको कला संस्कृति र रहनसहनबारे जानकारी प्राप्तभएको छ। यो सहरको व्यवस्थापन र वातावरण राम्रो रहेको अनुभव गर्‍यौं, उहाँले भन्नुभयो।

पेइचिङ नगरपालिकाको बीचमा रहेको सिछङ क्षेत्रको क्षेत्रफल ५१.७ वर्ग किलोमिटर र जनसङ्ख्या १२ लाख ४१ हजार रहेको छ। यो क्षेत्रमा जम्मा १५ वटा उपक्षेत्र छन् भने २७१ टोलहरू छन् ।

भेट वार्ता अगाडि प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, विभिन्न वडाका वडाध्यक्षहरू, कार्यकारी अधिकृतले लायकुको मूलढोकामा चिनियाँ प्रतिनिधि मण्डललाई स्वागत गर्नुभएको थियो।

प्रतिनिधिमण्डललाई भक्तपुर नगरका विभिन्न ऐतिहासिक एवम् पुरातात्त्विक स्थलको अवलोकन भ्रमण गराइएको थियो।



प्रमुख प्रजापति र उपप्रमुख जोशीद्वारा प्रतिनिधिमण्डललाई भक्तपुर नगरका विभिन्न ऐतिहासिक एवम् पुरातात्विक स्थलको अवलोकन भ्रमण गराउनु हुँदै

# ';Dkbf ;/Hf0fsf]cgej / ;f+s[ts cfbfg k|bfgn];xofu kÚg]

– सुनिल प्रजापति

(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट छिमेकी एवम् घनिष्ठ मित्र जनवादी गणतन्त्र चीनको पेचिङ नगरपालिका सीछङ क्षेत्रका जनप्रतिनिधिसभाका स्थायी समितिका अध्यक्षको नेतृत्वमा नेपाल भ्रमणमा आएको प्रतिनिधि मण्डललाई मंसिर १५ गते आयोजित स्वागत कार्यक्रममा व्यक्त मन्तव्य)

ऐतिहासिक र साँस्कृतिक नगर भक्तपुरमा यहाँहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछौं। भक्तपुरमा यहाँहरूलाई स्वागत गर्न पाउँदा हामी अत्यन्त खुशी छौं।

भक्तपुर नगर आठौं शताब्दीमा स्थापित ऐतिहासिक तथा साँस्कृतिक नगर हो। १२ औंदेखि १५ औं शताब्दीसम्म भक्तपुर नेपाल मण्डलको राजधानी थियो। १८ औं शताब्दीसम्म पनि भक्तपुर नेपालको छुट्टै स्वतन्त्र राज्य थियो।

भक्तपुरमा मौलिक शैलीका असङ्ख्य मूर्त र अमूर्त सम्पदाहरू छन्। आजभन्दा ३१५ वर्ष पहिले निर्मित नेपालकै सबभन्दा अग्लो पागोडा शैलीको ५ तले मन्दिर भक्तपुरमा अवस्थित छ। ५५ झ्याले दरबार, स्वर्णद्वार, भैरवनाथको मन्दिरलगायत पाटी, पौवा, ढुङ्गेधाराजस्ता सम्पदाहरूले नेपालको प्राचीन मौलिक प्रविधिको उदाहरण प्रस्तुत गरिरहेका छन्। मूर्त र अमूर्त सम्पदाहरूले भरिएको शहर भएकाले भक्तपुरलाई जीवित सङ्ग्रहालय पनि भनिन्छ। वर्षैभरी यहाँ विभिन्न साँस्कृतिक गतिविधिहरू भइरहन्छन्। विद्वानहरू भक्तपुरलाई नाचगानको राजधानी पनि भन्ने गर्छन्।

काष्ठकला, वास्तुकला, धातुकला, हस्तकलाका थुप्रै अनुपम उदाहरणहरू भक्तपुरमा छन्। भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारा दिएर प्राचीन कला र संस्कृतिको संरक्षण गर्दै आएको छ। भक्तपुर नपाले कला र संस्कृति संरक्षणमा गर्दै आएको योगदानलाई कदर गरेर सन् १९७९ मा युनेस्कोले भक्तपुरका विभिन्न क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गऱ्यो।

सन् १९९३ देखि भक्तपुर नपाले नगर प्रवेश गर्ने गैरसार्क मुलुकका नागरिकसित सेवा शुल्क उठाउँदै आएको हो। हाल सार्क र चिनियाँ नागरिकसित ५ डलर र गैरसार्क मुलुकका नागरिकसित १५ डलरका दरले सेवा शुल्क उठाउँदै आएका छौं। त्यसबाट उठेको रकमबाट ५ तले मन्दिर, ५५ झ्याल दरबारजस्ता विश्व प्रख्यात सम्पदाहरूलगायत अन्य सम्पदाहरू संरक्षणमा खर्च गर्दै आएका छौं।

भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू संचालन गर्दै आएको छ भने ३ वटा स्वास्थ्य केन्द्रहरू पनि संचालन गर्दै आएको छ। हामीले ख्वप विश्वविद्यालय स्थापना गर्न पहल गरिरहेका छौं। यहाँको हरेक हिसाब पारदर्शी हुन्छ। भक्तपुर नगरपालिका भ्रष्टाचार नहुने नगरपालिका मध्ये एक हो। ट्रान्सपरेन्सी इन्टरनेशनलले सन् १९९९ मा 'सदाचारको टापू' ले विभूषित गऱ्यो। साथै भक्तपुर नपाले सरसफाइ र कला संस्कृतिको क्षेत्रमा गर्दै आएको योगदानलाई कदर गर्दै युनेस्कोले सन् १९९९ मा शान्तिको कदम पदकले विभूषित गऱ्यो।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र र पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न हामीले कोसिस गरिरहेका छौं।

सन् २०१५ मा गएको भूकम्पबाट यहाँका धेरै घरहरू भत्के, सम्पदाहरूमा क्षति पुग्यो। भक्तपुर नपाले ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरू प्राचीन मौलिक प्रविधि प्रयोग गरी पुनः निर्माणमा जोड दिइरहेको छ। हामीलाई विश्वास छ, छिट्टै यी सम्पदाहरू पुनः निर्माणमा हामीलाई सफलता मिल्नेछ।

नेपालका कलाकार अरनिकोले बनाएको बेइजिङको सीछङमा रहेको चैत्य र उहाँको सालिकले हाम्रो सम्बन्धलाई अझ गाढा बनाएको छ। सीछङ क्षेत्र बेइजिङको पुरानो क्षेत्र रहेको र धेरै प्राचीन सम्पदाले भरीपूर्ण शहर भएको हुँदा दुई पक्षको सम्पदा संरक्षणको अनुभव र सांस्कृतिक आदान प्रदानले हामीलाई सहयोग पुग्ने आशा छ।

भक्तपुरमा प्राचीन कालमा रहेको ९९ चोकसहितको दरबारलाई पेइचिङको दरबार (फरविदन प्यालेस)को सानो रूप भन्ने गरिन्छ। लोपोन्मुख अवस्थामा रहेको ९९ चोकलाई भक्तपुर नपाले उत्खनन गर्ने तयारी गर्दैछ।

हालै सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको १९औं महाधिवेशनबाट सी जिनपिङ पुनः महासचिव पदमा निर्वाचित हुनु भएकोमा भक्तपुरका जनताको तर्फबाट उहाँलाई हार्दिक बधाइ तथा उहाँको सफल कार्यकालको निम्ति शुभकामना दिन चाहन्छौं। महासचिव निर्वाचित भएको लगतै उहाँले व्यक्तिगत धन सम्पति लोभ गर्नेहरू कम्युनिष्ट हुन नसक्ने अभिव्यक्ति दिएर विश्वभरका कम्युनिष्ट कार्यकर्ताहरूलाई सचेत पार्नुभयो। उहाँले ➲➲



प्रमुख प्रजापतिद्वारा अध्यक्ष तु लिङसिनलाई उपहार प्रदान गर्नुहुँदै

# ‘यो शहरको व्यवस्थापन र वातावरण राम्रो रहेको अनुभव गर्‍यौं’

(स्वागत कार्यक्रममा चिनियाँ प्रतिनिधिमण्डलका नेताबाट व्यक्त विचार) - तु लिङसिन

न्यानो स्वागत र आतिथ्य व्यवस्थापनको निम्ति धेरै धेरै धन्यवाद !

हामी सबै पहिलो पटक नेपाल आएका हौं ।

भक्तपुरको अवलोकनले हामीलाई नेपालको कला, संस्कृति र रहनसहनबारे जानकारी प्राप्त भएको छ । यो शहरको व्यवस्थापन र वातावरण राम्रो रहेको अनुभव गर्‍यौं ।

सिछङ क्षेत्र सन् २०१० को जुलाई महिनामा पुरानो सिछङ क्षेत्र र स्युएनऊ क्षेत्र मिलेर बनेको हो । यसको क्षेत्रफल ५०.७ वर्ग किलो मिटर र जनसङ्ख्या १२ लाख ४० हजार रहेको छ । यो क्षेत्रमा जम्मा १५ वटा उपक्षेत्र छन् भने २७१ टोलहरू छन् । यो क्षेत्र चीनको लामो इतिहास भएको र सम्पदाहरूले भरिपूर्ण राजनैतिक केन्द्र हो ।

सिछङ क्षेत्रका निम्न ४ वटा विशेषताहरू उल्लेख गर्न चाहन्छु ।

१. यो क्षेत्रमा पार्टी केन्द्रीय कार्यालय, जनसरकारको कार्यालय, विभिन्न मन्त्रालय, जनप्रतिनिधि सभा भवनलगायत महत्त्वपूर्ण राजनैतिक निकायहरू छन् ।

२. यो क्षेत्र पेइचिङको महत्त्वपूर्ण आर्थिक क्षेत्र पनि हो । Financial Street र विभिन्न आर्थिक निकायका केन्द्रीय कार्यालय यो क्षेत्रमा रहेको छ । यो क्षेत्रको कुल गार्हस्थ उत्पादन ७० अर्ब अमेरिकी डलर रहेको छ भने प्रति व्यक्ति आम्दानी १० हजार अमेरिकी डलर रहेको छ ।

३. यो क्षेत्रमा १८ वटा सांस्कृतिक महत्त्वका क्षेत्रहरू छन् जसमा १८० वटा सम्पदाहरू छन् । तीमध्ये मेयरज्यूले उल्लेख गर्नु भएको अरनिकोद्वारा निर्मित श्वेत चैत्य पनि पर्दछ जसले चीन नेपाल सम्बन्ध युगौं पुरानो छ भन्ने देखाउँछ ।

४. यो क्षेत्रमा स्वास्थ्य र शिक्षा क्षेत्रको श्रोत साधन प्रचुर मात्रामा रहेको छ ।

अब म जनप्रतिनिधि सभाबारे केही उल्लेख गर्छु ।

जनप्रतिनिधि सभाको व्यवस्था चीनको आधारभूत राजनैतिक व्यवस्था हो र चीनको सर्वोच्च निकाय पनि हो ।

देश, प्रान्त, नगरपालिका, क्षेत्र आदि विभिन्न तहमा जनप्रतिनिधि सभा रहेको हुन्छ । जनप्रतिनिधि सभाको ४ वटा मुख्य अधिकार हुन्छ ।

१. कानून बनाउने,

२. कानून कार्यान्वयनबारे सुपरिवेक्षण गर्ने,

३. सरकारका विभिन्न पदको निर्णय गर्ने,

४. महत्त्वपूर्ण काम वा घटनाबारे निर्णय दिने ।

हरेक वर्ष कम्तिमा एकचोटि जनप्रतिनिधि सभाको बैठक बस्छ र त्यसमा सम्बन्धित सरकार प्रमुखले प्रतिवेदन प्रस्तुत गर्छ ।

सिछङ क्षेत्रको जनप्रतिनिधि सभामा जम्मा ४१८ जना प्रतिनिधिहरू छन् । उनीहरू १२ लाख जनतामाझबाट निर्वाचित हुन्छन् । प्रतिनिधिहरू समय समयमा आफ्नो क्षेत्रमा जान्छन्, जनताका समस्या र आवश्यकताबारे बुझ्छन् र त्यसको प्रतिवेदन जनप्रतिनिधि सभामा प्रस्तुत गर्छन् ।

जनप्रतिनिधि सभाले सम्बन्धित तहको सरकार निर्वाचित गर्छ र सरकारको काम कार्वाहीबारे सुपरिवेक्षण गर्छ ।

‘एक क्षेत्र एक मार्ग’ मा वरिपरिका विभिन्न देशहरूले सक्रिय सहभागिता जनाएको छ ।

भक्तपुरको धेरै पक्षबारे बुझ्ने मौका आज प्राप्त भयो । पुरानो शैलीको नगर सुन्दर गल्लीहरूले हामीलाई राम्रो प्रभावित पारेको छ । यहाँबाट हामीले पनि सिक्नुपर्ने कुराहरू देख्छु ।

पेइचिङ ३००० वर्ष पुरानो नगर हो । ८०० वर्षदेखि यो चीनको राजधानी रहिआएको छ । हामीले धेरै काम गरे पनि गर्न बाँकी अझ धेरै छ । हामी दुई क्षेत्रबीच पनि आदान प्रदान आवश्यक छ । हामी अन्तर्राष्ट्रिय आदान प्रदानमा जोड दिइरहेको छौं । एशिया, यूरोप, अमेरिकाका विभिन्न नगर र क्षेत्रहरूसँग हाम्रो सम्बन्ध रहेको छ ।

मेयरज्यूलाई उपयुक्त समयमा चीन भ्रमण गर्नु हुन निमन्त्रणा गर्न चाहन्छु । यसरी आवतजावतको माध्यमबाट एक अर्काबारे बुझ्न र सिक्न सकिन्छ । छलफल र सहकार्यको आवश्यकता देख्छु । तपाईंको आगमनलाई हामी खुशीका साथ स्वागत गर्नेछौं ।

महासचिव सि चिनफिङलाई दिनु भएको बधाईको निम्ति धन्यवाद ।

मेयर सुनिलज्यूलाई जनताको विश्वास प्राप्त गरेर फेरि पनि निर्वाचित हुनुहुनेछ भन्ने शुभकामना दिन चाहन्छु ।

सुस्वास्थ्यको कामना !

---

➲➲ आफ्नो पहिलो कार्यकालमा भ्रष्टाचार विरोधी अभियान चलाएर चिनियाँ जनताको मात्र होइन विश्वभरका न्यायप्रेमी जनताको मन जित्नुभयो । उहाँको नेतृत्वमा सन् २०२१ सम्ममा चिनियाँ समाजलाई समृद्ध समाज बनाउने योजना सफल हुनेछ र सन् २०४९ सम्ममा चीन संसारकै अत्याधुनिक शक्तिशाली राष्ट्र बनाउने योजना पनि सफलतातर्फ अघि बढ्ने कामना गर्छौं ।

चीनले ‘एक क्षेत्र एक मार्ग’ (OBOR) मार्फत आफूसँगै छिमेकी देशहरूलाई पनि समृद्ध बनाउने नीति लिएकोमा पनि हामी नेपाली जनता अत्यन्त खुशी छौं ।

हामीहरूबीच सांस्कृतिक आदान प्रदानले दुवै पक्षलाई अगाडि बढ्न सहयोग पुऱ्याउनेमा हामी आशावादी छौं ।

धन्यवाद !

# गणतान्त्रिक नेपालको पहिलो आमनिर्वाचन सम्पन्न

नेपालको संविधान जारीपछिको पहिलो आमनिर्वाचन सम्पन्न भएको छ। मंसिर १० मा ३२ जिल्ला र मंसिर २१ गते ४५ जिल्ला गरी दुई चरणमा मतदान भएको थियो ।

## पहिलो चरणको चुनाव

हिमाली र पहाडी क्षेत्रका ३२ जिल्लाबाट प्रतिनिधिसभातर्फ ३७ र प्रदेशसभातर्फ ७४ निर्वाचन क्षेत्र तोकिएको थियो। प्रतिनिधिसभातर्फ ३७ जना सदस्यका लागि २८२ जना उम्मेदवार (महिला १६ जना) उठेका थिए भने प्रदेशसभातर्फ ७४ जना सदस्यका लागि ४२० जना उम्मेदवार (महिला २० जना) उठेका थिए। कूल ७०२ जना उम्मेदवार रहेको निर्वाचनको लागि ४,४६५ मतदान केन्द्रको व्यवस्था गरिएको थियो।

पहिलो चरणको निर्वाचन छिटफुट र सामान्य घटना बाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ। रुकुमको दुई मतदान केन्द्रको मतपेटिकामा आगलागी भएकोले स्थगित भएको मतदान मंसिर १५ गते गराइएको थियो।

पहिलो चरणको मतदानमा मतदाताहरूको सहभागिता उत्साहजनक रहेको बताइएको छ। मतदान ६५ प्रतिशतभन्दा बढी भएको जनाइएको छ।




पहिलो चरणमा निर्वाचन भएका जिल्लाहरू निम्न छन्–

प्रदेश नं. १ को – सोलुखुम्बु, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, ताप्लेजुङ, पाँचथर र खोटाङ

प्रदेश नं. ३ को – नुवाकोट, रसुवा, धादिङ, सिन्धुपाल्चोक, दोलखा र रामेछाप

प्रदेश नं. ४ को – मुस्ताङ, म्याग्दी, बाग्लुङ, मनाङ, लमजुङ र गोरखा

प्रदेश नं. ५ को – रुकुम (पूर्वी भाग) र रोल्पा

प्रदेश नं. ६ को – रुकुम (पश्चिम भाग), जाजरकोट, हुम्ला, मुगु, जुम्ला, कालिकोट र डोल्पा

प्रदेश नं. ७ को – दार्चुला, बझाङ, बाजुरा र बैतडी।

## दोश्रो चरणको चुनाव

तराई र पहाडी क्षेत्रका ४५ जिल्लाको निर्वाचन मंसिर २१ गते सम्पन्न भयो।

दोश्रो चरणको मतदानमा प्रतिनिधिसभातर्फ १२८ जना सदस्यकालागि १,६६३ जना (महिला १३०) र प्रदेशसभातर्फ २५६ जना सदस्यका लागि २,८१९ जना (महिला २२०) उम्मेदवार उठेका थिए। त्यसको लागि १५,३४४ मतदान केन्द्रको व्यवस्था गरिएको थियो। दोश्रो चरणको मतदानमा ६७ प्रतिशतभन्दा बढी मतदान भएको निर्वाचन आयोगले जनाएको छ। अर्घाखाँचीको एक केन्द्रमा स्थगित भएको चुनाव मंसिर २३ गते गरिएको छ। समग्रमा आमनिर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ।

सम्पन्न आम चुनावबाट प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी २७५ जना निर्वाचित हुनेछन्। त्यस्तै सातवटै प्रदेशसभाका लागि ३३० जना प्रत्यक्षबाट र २२० जना समानुपातिकबाट गरी ५५० जना निर्वाचित हुनेछन्।

दोश्रो चरणमा निर्वाचन भएका जिल्लाहरू निम्न छन्–

प्रदेश नं. १ को – इलाम, तेह्रथुम, धनकुटा, उदयपुर, झापा, मोरङ र सुनसरी

प्रदेश नं २ को – सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट

प्रदेश नं. ३ को – सिन्धुली, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौ, ललितपुर र भक्तपुर

प्रदेश नं. ४ को – नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ, कास्की, स्याङ्जा र पर्वत

प्रदेश नं. ५ को – नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, अर्घाखाँची, गुल्मी, रूपन्देही कपिलवस्तु, दाङ, प्यूठान, बाँके र बर्दिया

प्रदेश नं. ६ को – सल्यान, सुर्खेत र दैलेख

प्रदेश नं. ७ को – कैलाली, कन्चनपुर, डडेल्धुरा, अछाम र डोटी।

दोश्रो चरणको मतदान सम्पन्न भएपछि दुवै चरणको मतगणना शुरु गरिएको छ।

# आम निर्वाचन २०७४

## भक्तपुर जिल्लामा कहाँ कति मत खस्यो ?

### भक्तपुर क्षेत्र नं. १ प्रदेश क्षेत्र १ चाँगु र भनपा १०

खसेको मत विवरण

| क्र.सं | मतदान केन्द्र | जम्मा मत | खसेको मत | प्रतिशत |
|---|---|---|---|---|
| १ | चाँगु मावि, न्यौपानेगाउँ | १४९६ | ११४४ | ७६.४७ |
| २ | सरस्वती मावि पाटी,सरस्वती खेल | २१९५ | १६६५ | ७५.८५ |
| ३ | आजाद मावि, नाप्ला | ९०२ | ७११ | ७८.८२ |
| ४ | दुवाकोट गाविस भवन | ३०१३ | २३०४ | ७६.४७ |
| ५ | गाविस भवन झौखेल | १३२१ | १०४२ | ७८.८८ |
| ६ | यापी भैरव मावि | ११११० | ८८५ | ७९.७३ |
| ७ | बालभूषण मावि, कोल्पाकोट | १७०६ | १३३४ | ७८.१९ |
| ८ | चाँगु गाविस भवन | २२७५ | १६२४ | ७१.३८ |
| ९ | न्याचापौवा आधारभूत वि. | २१२१ | १५१३ | ७१.३३ |
| १० | गाविस भवन छालिङ | १७६३ | १३०८ | ७४.१९ |
| ११ | नाटेश्वरी आधारभूत वि. | २१४४ | १५८१ | ७३.७४ |
| १२ | राधाकृष्ण मावि | १९४४ | १३३४ | ६८.६२ |
| १३ | गाविस भवन नगरकोट | १८७० | १४१० | ७५.४० |
| १४ | चुनादेवी मावि | १२८१ | ९५१ | ७४.२४ |
| १५ | श्री बागेहिटी मावि, वागेश्वरी | १३४६ | ९७२ | ७२.२१ |
| १६ | श्री बाल्मिकी आ. वि. | ११३६ | ९०० | ७९.२३ |
| १७ | श्रीकृष्ण मावि, खरिपाटी | १५१९ | ११५२ | ७५.८४ |
| १८ | गाविस भवन सुडाल | १९५६ | १४४४ | ७३.८२ |
| १९ | महेन्द्रग्राम मावि | १९०९ | १४३९ | ७५.३८ |
| २० | सरस्वती मावि थाकलमठ | १७०१ | १२६७ | ७४.४९ |
| २१ | गणेश मावि ताथली | ४२६८ | ३२२९ | ७५.६६ |
| २२ | सरस्वती विद्यागृह, नवदुर्गास्थान | ४५७६ | ३५३१ | ७७.१६ |
| | **जम्मा** | **४३५५२** | **३२७४०** | **७५.१७** |

### भक्तपुर क्षेत्र नं २ प्रदेश क्षेत्र १ सूर्यविनायक नपा

खसेको मत विवरण

| क्र.सं | मतदान केन्द्र | जम्मा मत | खसेको मत | प्रतिशत |
|---|---|---|---|---|
| १ | कुलमाया मावि भवन | १४२२ | ११३० | ७९.४७ |
| २ | साविक गाविस भवन, सिरुटार | १९९३ | १५५९ | ७८.२२ |
| ३ | सोमलिंगेश्वर मावि | १७०६ | १३३२ | ७८.०८ |
| ४ | बालविनायक आ. वि., बालकोट | १७४४ | १३१४ | ७५.३४ |
| ५ | महेन्द्र शान्ति मावि, बालकोट | २९२० | २२३९ | ७६.६८ |
| ६ | गणेश आ. वि., बालकोट | ३२६६ | २५१० | ७६.८५ |
| ७ | अरनिको मावि, गाम्चा | २२६२ | १७८८ | ७९.०५ |
| ८ | चित्रपुर गणेश मन्दिर पाटी | २०४४ | १५७५ | ७७.०५ |
| ९ | तर्कगाल दूध डेरी, दधिकोट | १२६५ | १०२८ | ८१.२६ |
| १० | गाविस भवन कटुन्जे | २७२१ | २०६७ | ७५.९६ |
| ११ | महेन्द्र मावि, कटुन्जे | ३४९० | २७७२ | ७९.४३ |
| १२ | ए.जे. इङ्गलिस स्कुल, पाण्डुबजार | २१९४ | १७२९ | ७८.८१ |
| १३ | गाविस भवन, गुण्डु | ३१२८ | २४८९ | ७९.५७ |
| १४ | भैरव मावि, गुण्डु | १२३४ | ९२४ | ७४.८८ |
| १५ | कुमारी पाटी कृष्णमन्दिर छेउ, सिपाडोल | १४५७ | १११४ | ७६.४६ |
| १६ | सरस्वती मावि, सिपाडोल | १०३४ | ७३४ | ७०.९९ |
| १७ | सिपाडोल गाविसको कार्यालय | २२५१ | १७०० | ७५.५२ |
| १८ | पुरानो गाविस भवन, नंखेल | १६२७ | १२१५ | ७४.६८ |
| १९ | श्रीराम मावि | १८९९ | १३६० | ७१.६२ |
| २० | सरस्वती मावि | ३८३ | २८१ | ७३.३७ |
| २१ | देउजागाउँ मावि | १५५२ | १२०० | ७७.३२ |
| २२ | देवी आ.वि. | १३२१ | १००६ | ७६.१५ |
| २३ | बालशिक्षा सदन मावि | ११७६ | ८९१ | ७५.७७ |
| | **जम्मा** | **४४०८९** | **३३९५७** | **७७.०२** |

### भक्तपुर क्षेत्र नं. १ प्रदेश क्षेत्र २ भनपा

खसेको मत विवरण

| क्र.सं | मतदान केन्द्र | जम्मा मत | खसेको मत | प्रतिशत |
|---|---|---|---|---|
| १ | भक्तपुर क्याम्पस, दूधपाटी | ४४५१ | ३२६० | ७३.२४ |
| २ | जागृति मा.वि., खौमा | ३२५३ | २५३८ | ७८.०२ |
| ३ | शारदा मा.वि., यालाछें | ३२०२ | २५५२ | ७९.७० |
| ४ | कन्या मा.वि., तेखापुखु | २६७९ | २०३५ | ७५.९६ |
| ५ | पदम मा.वि., दरवार क्षेत्र | २४५७ | १९३८ | ७८.८८ |
| ६ | गहिटी | ३२३१ | २५७६ | ७९.७३ |
| ७ | तालाक्व | ३६३२ | २७३५ | ७५.३० |
| ८ | बरदायणी निमावि, भगवतीस्थान | २६३३ | २०१९ | ७६.६८ |
| ९ | विद्यार्थी निकेतन मावि | २९७२ | २२३९ | ७५.३४ |
| १० | ६ वडा कार्यालाय | ३४७० | २६३६ | ७५.९७ |
| ११ | बालबोध शान्ति निमावि | २३९२ | १८६४ | ७७.९३ |
| १२ | नवीन निमावि | ३८०२ | २९८८ | ७८.५९ |
| १३ | महेश्वरी सत्तल, इनाचो | २३७० | १८६९ | ७८.८६ |
| १४ | ख्वप इ. कलेज, लिवाली | ३२६३ | २६९५ | ८२.५९ |
| १५ | दत्तात्रय दबु | २८३० | २१२७ | ७५.१६ |
| १६ | जनस्वास्थ्य भनपा, च्यामासिंह | ३९७५ | ३१६१ | ७९.५२ |
| | **जम्मा** | **५०६१२** | **३९२३२** | **७७.५२** |

### भक्तपुर क्षेत्र नं. २ प्रदेश क्षेत्र २ मध्यपुर थिमी

खसेको मत विवरण

| क्र.सं | मतदान केन्द्र | जम्मा मत | खसेको मत | प्रतिशत |
|---|---|---|---|---|
| १ | उप स्वास्थ्य चौकी, लोकन्थली | ४८७८ | ३७१४ | ७६.१४ |
| २ | आदर्श मावि, सानोथिमी | २७७९ | १९७६ | ७१.१० |
| ३ | जनप्रेमी आधारभूत वि, कौशलटार | ५०५५ | ३६०१ | ७१.२४ |
| ४ | आदर्श मावि, लायकु | १७९४ | १४१० | ७८.६० |
| ५ | दथुटोल परिवार नियोजन क्लिनिक | २३२३ | १७६९ | ७६.१५ |
| ६ | १४ वडा कार्यालय, बालकुमारी | १७४१ | १३८७ | ७९.६७ |
| ७ | दिगु भैरवस्थान,दिगुटोल | २१०२ | १६३२ | ७७.६४ |
| ८ | नासननीको पाटी | १८३४ | १४३९ | ७८.४६ |
| ९ | प्राणोदय आधारभूत वि, चपाचो | २००७ | १६०२ | ७९.८२ |
| १० | पाटी विहार, थिमी | २०३० | १६४४ | ८०.९९ |
| ११ | हेल्थ सेन्टर, नपा भवन | २०७३ | १४५२ | ७०.०४ |
| १२ | कुम्हालक्ष्मी पाटी, नगदेश | ११५७ | ९२३ | ७९.७८ |
| १३ | गणेश मावि,नगदेश | १८९४ | १५१० | ७९.७३ |
| १४ | लाछी लायकु नगदेश थिमी | १२६० | १०४८ | ८३.१७ |
| १५ | बोडे मावि | १९३७ | १५५१ | ८०.०७ |
| १६ | हिमालय युवा क्लव | १७६४ | १३७२ | ७७.७८ |
| १७ | हेल्थ पोष्ट थिमी | ३२१८ | २५४० | ७८.९३ |
| | **जम्मा** | **३९८४६** | **३०५७०** | **७६.७२** |

साभार : मजदुर दैनिक

# महिला स्वास्थ्य शिविर सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा वडा नं. ३ तेखापुखुमा एकदिने नि:शुल्क महिला स्वास्थ्य शिविर (पाठेघरसम्बन्धी) मंसिर ९ गते सम्पन्न भयो।




स्वास्थ्य शिविरको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जनचेतनाको कमी तथा आर्थिक अभावले महिलाहरूको ज्यान गइरहेको हुँदा स्वास्थ्यप्रति सजग हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले स्वस्थ समाज श्रृजनाको लागि महिला स्वस्थ हुनु आवश्यक छ भन्नुभयो।

नेमकिपाका उम्मेदवारहरूले निर्वाचनमा प्रतिवद्धता जनाएअनुसार भक्तपुर नपाले स्वास्थ्य शिविर सञ्चालन गरेको उहाँले बताउनुभयो।

भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा भएको शिविरमा भक्तपुर नगरका महिलाहरूले उल्लेख्य रूपमा परीक्षण गराएका थिए।

डा. मनिष रायले क्यान्सर रोग समयमा पत्ता लागे निको हुने बताउँदै नियमित रूपमा स्वास्थ्य परीक्षण गराउनुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा कार्यपालिका सदस्य रोशनमैया सुवालले पनि बोल्नुभएको थियो।

डा.मनिष राय, डा.जस्मा माली, डा.अनिता थापालगायतका स्वास्थ्यकर्मीहरूले सहयोग गर्नुभएको शिविरमा ४२४ जना महिलाले स्वास्थ्य परीक्षण गराएका थिए। परीक्षणको रिपोर्ट पुस १ गते वितरण गर्ने नपाश्रोतले बताएको छ।



# खुला दिसागर्नेमा भारत एक नम्बर

विश्व शौचालय दिवस पारेर जारी एउटा प्रतिवेदनले दिसापिसाबको सुरक्षित व्यवस्थापनको पहुँच नहुने मानिसहरूको सबैभन्दा ठूलो सङ्ख्या भारतमा रहेको जनाएको छ।

वाटर एडको शौचालयहरूको अवस्था सम्बन्धी अध्ययन 'स्टेट अफ द वर्ल्स् ट्वाइलेटस्'मा जनाइएअनुसार ७० करोडभन्दा बढी मानिसले अझै पनि खुलास्थानमा वा असुरक्षित शौचालयमा शौच गर्ने गरेका छन्। तथापि पछिल्ला केही वर्षमा भारतमा प्रगति भएको बताइएको छ।

छिमेकी बांग्लादेशले भने खुलास्थानमा दिसापिसाब गर्ने प्रवृत्ति लगभग अन्त्य गरेको छ।

नेपालमा चाहिँ सन् २००० यता खुला दिसापिसाब गर्ने मानिसहरूको सङ्ख्या आधाले घटेको जनाइएको छ।

# ऐतिहासिक रानीपोखरीको सरसफाइ

भक्तपुर नगरपालिकाको हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत मंसिर १ गते भक्तपुर नपा वडा नं १ स्थित ३९१ वर्ष पुरानो ऐतिहासिक रानीपोखरी सरसफाइ सम्पन्न भयो। भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, सैनिक आवासीय महाविद्यालय र वडावासी स्थानीय जनताको उत्साहजनक सहभागीतामा सो सरसफाइ सम्पन्न भएको हो।



ईतिहासविद् पुरुषोत्तम लोचन श्रेष्ठले सरसफाइ कार्यक्रममा बोल्नुहुँदै

कार्यक्रममा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ऐतिहासिक सांस्कृतिक एवं पुरातात्त्विक महत्त्व बोकेका सम्पदाहरूको संरक्षण र संवर्द्धनले भक्तपुरलाई समृद्धिको बाटोमा लैजाने बताउनुभयो। उहाँले कुनै समय घाँसे मैदान बनेको सिद्धपोखरी आज स्वच्छ, सफा र राम्रो पोखरीको रूपमा विकास भएको उदाहरण दिनुहुँदै रानीपोखरीलाई पनि सुन्दर पोखरीको रूपमा विकास गर्न स्थानीय जनसमुदायको सहभागिता र चासो अति आवश्यक रहेको बताउनुभयो।

ईतिहासविद् पुरुषोत्तम लोचन श्रेष्ठले बाल्यकालमा खेल्न आउँदाको अनुभव सुनाउनुहुँदै पोखरीको दक्षिण बाटोतर्फ अवस्थित पाटीमा एउटा पुरानो शिलालेख रहेको बताउनुभयो। संस्कृतिविद् श्रेष्ठले सो शिलालेखमा पुस्करीणी नाम उल्लेख भएपनि पहिलेदेखि नै रानीपोखरीको नामले प्रसिद्ध पोखरी नेपाल सम्वत् ७४७ सालमा भक्तपुरका राजा जगज्योतिर मल्लले बनाउन लगाएको बताउनुभयो। उहाँले पोखरीको जीर्णोद्धार गर्दा मध्यकालीन स्वरूपलाई कायम राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

भक्तपुर नपा वडा नं १ का अध्यक्ष श्यामकृष्ण खत्रीले पोखरीको सरसफाइ र जीर्णोद्धारलाई निरन्तरता दिन प्राविधिक कार्यहरू पनि भइरहेको जानकारी दिनुभयो।

सरसफाइको क्रममा पोखरीको दक्षिणतर्फ चतुर्मुख शिवलिंग–१, ढुंगे सिँढी–१, उमा महेश्वरको मूर्ति–१, इँटा प्रयोग गरी बनाइएको पर्खालको अवशेष–१, ढुंगेद्वारको मकराकृति–१, ह्वँ ह्वँ पाटीको अवशेषको रूपमा प्रस्तर कलाकृतिहरू समेत भेटिएको स्थानीय कृष्णप्रसाद दुमरुले जानकारी दिनुभयो।



रानी पोखरीको दक्षिणतर्फ चतुर्मुख शिवलिंग





ऐतिहासिक रानी पोखरी र सफाइ कार्य हुँदै

# शिक्षक तथा कर्मचारीहरूले देश र जनताको हितमा काम गर्नुपर्छ

ख्वप मा.वि.तथा कलेजमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको भेला मंसिर २८ गते सम्पन्न भयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मानिस सामाजिक र राजनैतिक प्राणी भएकोले शिक्षक तथा कर्मचारीहरूले देश र जनताको पक्षमा राजनैतिक गतिविधिमा भाग लिनुपर्ने बताउनुभयो।

शिक्षक तथा कर्मचारीहरूले पदीय जिम्मेवारी र दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुका साथै निःस्वार्थपूर्वक देश र जनताको हितमा काम गर्नुपर्छ, उहाँले भन्नुभयो।

पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्था स्थापनामा शिक्षक तथा कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउँदै उहाँले बौद्धिक समुदायले राजनीतिक नगरेमा राजनीति गुण्डा, तस्कर र कमिशनखोरहरूको हातमा जानेछ भन्नुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसदहरूले संसदमा गएर शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, रोजगारीको सुनिश्चितताजस्ता व्यापक जनताको पक्षमा संविधान र कानुन निर्माणमा जोड दिएको उल्लेख गर्दै देशघाती सन्धि सम्झौताको विरोधमा सशक्त रूपमा प्रस्तुतभएको बताउनुभयो।

एमाले र माओवादीजस्ता पूँजीवादी पार्टीहरूले आफूहरू कम्युनिष्ट भएको भनी भ्रम फैलाउँदै जनतासँग मत मागिरहेको बताउँदै तिनीहरूको काला कर्तुतहरूलाई जनतासामु उदाङ्ग्याउन पनि नेमकिपाका उम्मेदवारहरूलाई जिताउनुपर्छ भन्नुभयो।

अहिले कतिपय उम्मेदवारहरूले आफूलाई जिताइएमा सडक, खानेपानी, विद्युत ल्याइदिने आश्वासन दिइरहेका छन्। त्यो स्थानीय तहको काम हो। सांसदहरूको काम ऐन कानुन बनाउनु हो। जनताले विकास माग्छन्। उम्मेदवारहरू पूरा गर्ने आश्वासन दिन्छन्। यस्तो अवस्थामा कसरी राम्रो कानुन निर्माणको आशा गर्ने ? उहाँले भन्नुभयो।

स्थानीय निकायमा १५ वर्ष जनप्रतिनिधि नहुँदा नयाँ पुस्ता भ्रष्टाचारमा डुबेको उहाँको कथन थियो।

ख्वप कलेजका प्राचार्य रूपक जोशीले कलेजका सकारात्मक कदमहरूलाई जनतामाझ पुऱ्याउनुपर्ने र यसमा शिक्षक तथा कर्मचारीहरूबाट सहयोग हुने अपेक्षा व्यक्त गर्नुभयो।

कार्यक्रममा ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो।

# मतसीमा (थ्रेसहोल्ड) को रिटमा सर्वोच्चबाट कारण देखाउ आदेश जारी

नेपाल मजदुर किसान पार्टीका तात्कालिन व्यवस्थापिका संसदका सदस्यद्वय प्रेम सुवाल र अनुराधा थापामगरले निर्वाचन सम्बन्धी कानूनहरूमा ब्यवस्था गरिएको मतसीमा (थ्रेसहोल्ड) सम्बन्धमा सर्वोच्च अदालतमा दायर गर्नु भएको उत्प्रेषणको रिट निवेदनमा कार्तिक २८ गते सर्वोच्च अदालतको पूर्ण ईजलासबाट विपक्षीहरूको नाममा कारण देखाउ आदेश जारी गरेको छ।

रिट निवेदकहरूले विपक्षीहरू नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्वाचन आयोगसमेत उपर सर्वोच्च अदालतमा गएको भाद्र ६ गते मुद्दा दायर गर्नुभएको हो।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५२ बमोजिम 'समानुपातिक निर्वाचनमा ३ प्रतिशत मत र प्रत्यक्षतर्फबाट एक सिट निर्वाचित दलमात्र राष्ट्रिय दलको मान्यता पाउने' ब्यवस्था नेपालको संविधानको धारा १७ को उपधारा १(घ), धारा २६९, २७० को समेत विपरीत हुँदा स्वतः अमान्य घोषित गरी पाउन माग गर्दै राख्नुभएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा प्रधानन्यायाधीश गोपाल पराजुली, न्यायाधीशहरू दीपकराज जोशी, ओमप्रकाश मिश्र, चोलेन्द्र शम्शेर ज.ब.रा र दीपककुमार कार्की गरी ५ जना न्यायाधीशहरू बसेको सर्वोच्च अदालतको पूर्ण ईजलास (संवैधानिक ईजलास) बाट विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी भएको हो।

नेपालको संविधानको धारा २६९ ले राजनीतिक विचारधारा, दर्शन, कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्न गराउन सक्ने उल्लेख छ।

त्यस्तै धारा २७० मा कुनै दललाई प्रतिबन्ध लगाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय संविधान प्रतिकूल मानिने र स्वतः अमान्य हुने संवैधानिक प्रावधान छ।

सर्वोच्च अदालतले सोही दिन राष्ट्रिय एकता मञ्चका अध्यक्ष विजेन्द्रलाल जोशीले सोही सम्बन्धमा राख्नु भएको रिट निवेदन पनि साथै राख्ने आदेश गरेको छ।

रिट निवेदकहरूको तर्फबाट संविधानविद् अधिवक्ता भीमार्जुन आचार्य र अधिवक्ता रामप्रसाद प्रजापतिले बहस पैरवी गर्नु भएको थियो।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित नयाँ भवन ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७४ कार्तिक २० गते, सोमबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रवीन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### बाँसुरी बाजा प्रतियोगिता

भक्तपुर नगरको कला, संस्कृति संरक्षणमा यस नगरपालिकाले गर्दै आएको गतिविधिहरूकै निरन्तरता स्वरूप यस नगरपालिकाको आयोजनामा यही २०७४ कार्तिक २५ गते हुने भक्तपुर नगरस्तरीय बाँसुरी बाजा प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न देहाय बमोजिम निर्णय गरियो :

क. प्रतियोगिताको पुरस्तकार वितरण समारोहमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) लाई प्रमुख अतिथिको रूपमा आमन्त्रण गर्ने ।

ख. प्रतियोगिताको मूल्यांकन समितिमा देहाय बमोजिमका पदाधिकारीहरू एवं सदस्यहरूलाई नियुक्त गर्ने :

| | |
|---|---|
| रविन्द्र ज्याख्व - | संयोजक |
| उकेश कवां - | सदस्य |
| हरिभक्त सुवाल - | सदस्य |
| इन्द्रबहादुर दुवाल - | सदस्य |
| विष्णुभक्त कुसी - | सदस्य |
| मुक्तिसुन्दर जधारी - | सदस्य |
| रविन कपाली - | सदस्य |
| तुल्सीलाल दनेखु - | सदस्य |
| विष्णुबहादुर मानन्धर - | सदस्य |
| दशराम त्वाती - | सदस्य |

ग. प्रतियोगितामा सहभागी हुने टोलीहरूलाई निम्न बमोजिम पुरस्कार राशी, खाजा खर्च तथा मायाको चिनोको व्यवस्था गर्ने :

| | |
|---|---|
| प्रथम पुरस्कार - | रु.५०,०००।- |
| द्वितीय पुरस्कार - | रु.४०,०००।- |
| तृतीय पुरस्कार - | रु.३०,०००।- |
| सान्त्वना पुरस्कार - | रु.२०,०००।- |
| सान्त्वना पुरस्कार - | रु.२०,०००।- |
| खाजावापत प्रति टोलीलाई - | रु.३,०००।- |
| मायाको चिनोवापत प्रति टोलीलाई - | रु.३,०००।- |

घ. प्रतियोगितालाई व्यवस्थित रूपमा संचालन गर्न देहाय बमोजिमका पदाधिकारी एवं सदस्य रहने गरी उप समितिहरू गठन गर्ने :

**स्वयंसेवक परिचालन समिति**

| | |
|---|---|
| श्यामकृष्ण खत्री - | संयोजक |
| हरिप्रसाद बासुकला - | सदस्य |
| महेन्द्र खायमली - | सदस्य |
| सुनिता अवाल - | सदस्य |
| सरिना द्योला - | सदस्य |

**पुरस्कार व्यवस्थापन समिति**

| | |
|---|---|
| उकेश कवां - | संयोजक |
| कुमार चवाल - | सदस्य |
| रोशन मैया सुवाल - | सदस्य |
| हरिराम सुवाल - | सदस्य |
| राजकृष्ण गोरा - | सदस्य |

**अतिथि सत्कार समिति**

छोरी मैयाँ सुजखु (प्रजापति) - संयोजक

रविन्द्र ज्याख्व – सदस्य
प्रेमगोपाल कर्माचार्य – सदस्य
कृष्णलक्ष्मी दुवाल – सदस्य
लक्ष्मीप्रसाद ह्यौमिखा – सदस्य

ङ. प्रतियोगिताको लागि पुरस्कार, मायाको चिनो तथा खाजा खर्च वापतको रकम व्यवस्थाको लागि प्रतियोगिता व्यवस्थापन समितिका संयोजक रविन्द्र ज्याख्वमार्फत पेश्की रकम माग गर्ने ।

## जग्गा एकीकरणको बाँकी काम

यस नगरपालिकाद्वारा संचालन गरिएको तुमचो–दुगुरे–चोखा जग्गा एकीकरण आयोजनाको बाँकी कार्य सम्पन्न गर्न यस आर्थिक वर्ष २०७४/०७५ का लागि जम्मा रु.१३,०३,४३,८७३।१८ (अक्षरेपी तेह्र करोड तीन लाख त्रिचालिस हजार आठ सय त्रिहत्तर रूपैयां अठार पैसा) को खर्च बजेट शीर्षकगत विनियोजित रकम अनुसारको देहायको बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**आर्थिक वर्ष २०७३/७४ आषाढसम्मको खर्च र आ.व.२०७४/७५ को अनुमानित बजेट विवरण**

| क.सं. | सङ्केत नम्बर | बजेट खर्च शीर्षक | २०७३/०७४ अनुमानित खर्च | २०७३/०७४ यथार्थ खर्च | २०७४/०७५ अनुमानित खर्च |
|---|---|---|---|---|---|
| क | चालु खर्च | | | | |
| १ | १.१.१ | तलब | १,५००,०००।०० | | २,०००,०००।०० |
| २ | १.२.१क | कर्मचारी सुविधा | | | |
| ३ | १.२.१ख | नापी र मालपोत खाजाखर्च | २००,०००।०० | | ३००,०००।०० |
| ४ | १.२.३ | बैठक भत्ता | ४००,०००।०० | ५२,७००।०० | ४००,०००।०० |
| ५ | २.३ | विज्ञापन (अन्यसेवा) | ५०,०००।०० | १३,०१६।०० | ५०,०००।०० |
| ६ | २.५ | मर्मत तथा सम्भार | १००,०००।०० | ३८,४२२।०० | १००,०००।०० |
| ७ | २.६.२ | सवारी कर्मचारी इन्धन | ५०,०००।०० | १४,९२५।०० | ५०,०००।०० |
| ८ | २.८.५ | विविध खर्च | ४००,०००।०० | २१,८३५।०० | ४००,०००।०० |
| | | **जम्मा** | **२,७००,०००।००** | **१४०,८९८।००** | **३,३००,०००।००** |
| ख. | पूँजीगत खर्च | | | | |
| १० | ६.१ | फर्निचर | ५००,०००।०० | | |
| ११ | ६.२ | सवारी साधन | ५००,०००।०० | ३७२,६००।०० | |
| १२ | ६.३ | मेशिनरी औजार तथा अन्य उपकरण | ५०,०००।०० | | |
| १३ | ६.५ | क. सार्वजनिक निर्माण सुधार र ऋण लगानी | ५८,४६१,८२९।४९ | ३,०७८,२६५।०० | १२३,०४३,८७३।१८ |
| १४ | ६.५ | ख. मुआब्जा वितरण | १००,०००।०० | २५३,४८०।०० | |
| १५ | १२.१ | क. जग्गा नपुग फिर्ता | ४,०००,०००।०० | | ४,०००,०००।०० |
| | | जम्मा | **६३,६११,८२९।४९** | **३,७०४,३४५।००** | **१२७,०४३,८७३।१८** |
| | | **कूल जम्मा** | **६६,३११,८२९।४९** | **३,८४५,२४३।००** | **१३०,३४३,८७३।१८** |

## भवन स्वीकृति दिने

यस नगरपालिका क्षेत्रमा २०७४ वैशाख मसान्तअघि नै ९'X९' तथा ९'X१२' पिलर राखी निजी भवन निर्माण गरेका नगरवासीहरूको सम्बन्धमा निर्माण समितिले आवश्यक स्थलगत निरीक्षण गरी प्रतिवेदनको आधारमा स्वीकृति गर्ने निर्णय गरियो ।

## सडक सुधार प्रस्ताव अनुमोदन

शहरी विकास तथा भवन विभाग, डिभिजन कार्यालय, भक्तपुरबाट भक्तपुर नगरपालिका क्षेत्रभित्रका सडकहरू सुधार कार्यका लागि विनियोजित रु.१० करोड रूपैयामध्ये देहाय बमोजिमका योजनाहरूमा रु.१०,३८,०३,९०३।८ (अक्षरेपी दश करोड

अठ्तीस लाख तीन हजार नौ सय तीन रूपया असी पैसा) को विनियोजनसहित डिभिजन कार्यालय भक्तपुरमा प्रस्ताव पेश गरेको अनुमोदन गरियो ।

**क. पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो:**

| सि.नं. | योजना | वडा नं. | ल.ई. | मुल्यांकन | खूद खर्च | पेश्की | थप पेश्की | भुक्तानी दिनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. ३ नासमना, देगमना सोलार सडक बत्ती जडान गर्ने कार्य | ४ | ४२२,३३६।६० | ४३५,०००।०० | ४०३,९७९।१९ | १४०,०००।०० | | २६३,९७९।१९ | |
| २ | वडा नं. ९ ब्रम्हायणी बस पार्क, सोलार सडक बत्ती जडान गर्ने कार्य | ६ | १,१६१,४२५।६५ | १,२०३,६८६।०० | १,१०६,६६६।०० | ३८०,०००।०० | | ७२६,६६६।०० | |
| ३ | नित्यनाथ मन्दिर पुन: निर्माण कार्य | ५ | ६७८,२८१।७५ | ३०९,०४६।७४ | ३०६,३१४।०० | ३००,०००।०० | | ६,३१४।०० | |
| ४ | माहेश्वरी खेल मैदान माटो सम्याउने कार्य | ७ | ८३,२९९।२६ | ७९,१९३।०८ | ७४,२४८।०० | | | ७४,२४८।०० | |
| ५ | वडा न ७ कार्यालयमा भवनको माथिल्लो तल्लाको कौसीमा आल्मुनियमको ढोका व्यबस्था तथा कार्यालयको परिसरमा सफाइ कार्य | ७ | ११,७६६।१५ | १२,९२८।२८ | ११,७००।०० | | | ११,७००।०० | |
| ६ | लिबाली शिशुस्याहार भवनमा आल्मुनियम पार्टिशन कार्य | ८ | १८८,७२७।५२ | ११८,७८९।२५ | ८६,८१२।२५ | | | ८६,८१२।२५ | |

**ख. म्याद थप सम्बन्धमा छलफल हुँदा देहायअनुसार गर्ने निणर्य गरियो:**

| सि.नं. | योजना | वडा नं. | सम्पन्न गर्नु पर्ने | म्याद थपको माग | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दाफा पाटी पुन: निर्माण कार्य | २ | २०७४ असोज मसान्त | २०७४ मंसिर मसान्त | | | | | |
| २ | पर्यटक सूचना केन्द्र भवनमा काठ कार्य | २ | २०७४ असोज मसान्त | २०७४ पुस मसान्त | | | | | |

## ल.ई.स्वीकृत

ल.ई. बारे छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

ल.ई. सम्बन्धमा छलफल हुँदा आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको निर्माण समितिबाट सिफारिस भएका देहायका योजनाहरूको ल.इं. स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्माण समितिबाट स्वीकृत

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|
| क | वडा स्तरीय योजनाहरू | | | |
| १ | ध्वनचा बाटोमा रेलिङ्ग बार कार्य | १ | २८,०६७८३ | मर्मत कोषबाट |
| २ | धालाखुसि बाटो सुधार कार्य | १ | ११६,८८०।४० | वडा बजेट |
| ३ | असगाल बाटोमा ढलान गरी सुधार कार्य | १ | ४३६,९३२।६३ | वडा बजेट |
| ४ | शिक्षा कार्यालयको प्राङ्गणमा ईंटा छपाई | २ | ७१८७७७।७५ | वडा बजेट |
| ५ | शहीद स्मृति उद्यानमा शौचालय निमाण कार्य | २ | ५७८२३१।६२ | वडा बजेट |
| ६ | क्वाछे गणेश मन्दिर पाटी पुन:निर्माण कार्य | ५ | १६८५६३५।८३ | नपा बजेट |

| | | | | |
|---|---|---|---|---|
| ७ | ल्हो सल्ला पाटीको छाना मर्मत | ६ | १००,६९२।८० | वडा बजेट |
| ८ | महाकाली स्थानको उकालो बाटो ढलान कार्य | ६ | ७७७,४५५।६४ | वडा बजेट |
| ९ | तुछिमला टोलमा इनार मर्मत कार्य तथा मन्दिर पुन:निर्माण कार्य | ६ | ३४०,२४०।१७ | वडा बजेट |
| १० | लालाछे गणेशको द्योछेंको गारोको छाना मर्मत कार्य | ६ | १,१७४,४१७।४५ | वडा बजेट |
| ११ | चोछे टोलमा ल्हो फल्चा गल्ली बाटो पुन:ईंटा छपाइ कार्य | ६ | ६५,३२९।७९ | वडा बजेट |
| १२ | भैरब मन्दिर पुन:निर्माण कार्य | ६ | ५०३,३०६।५२ | वडा बजेट |
| १३ | छुमा गणेश ख चा पुन:निर्माण कार्य | ६ | २१९,३६३।८० | वडा बजेट |
| १४ | चोछे टोलको पाटी पुन:निर्माण कार्य | ६ | २,२१३,८३५।६२ | वडा बजेट |
| १५ | नास गल्ली बाटो ईंटा छपाइ कार्य | ६ | १५९,५३६।९२ | वडा बजेट |
| १६ | मुनि बिहार जाने बाटोमा ढुंगा छपाइ कार्य | ७ | २३७,७२५।५७ | वडा बजेट |
| १७ | ब्रम्हायणी घाटको लागि अण्डरग्राउण्ड ट्यांकि निर्माण कार्य | ९ | १,८४१,४४१।२७ | वडा बजेट |
| १८ | च्याम्हासिह, वाचु पाटी, ब्रम्हायणी बाटो मर्मत कार्य | ९ | ५२,०४०।४५ | वडा बजेट |
| | **नपा स्तरीय योजनाहरू** | | | |
| १ | भ.न.पा. कार्यालय भवनको बेसमेन्ट फ्लोरमा स्टोरको लागि वाल लगाउने कार्य | २ | ३२००७२ | नपा बजेट |

**ख. शहरी विकास तथा भवन विभाग, डिभिजन कार्यालय भक्तपुरमा पठाउने योजना सूची**

**आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरुको विवरण**

**निर्माण समितिबाट छनौट योजनाहरू**

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|---|
| क | **नपा स्तरीय योजनाहरू** | | | | |
| | | | १०,००,००,०००।०० | | |
| १ | च्याम्हासिंहबाट भार्वाचोसम्म ढुंगा छपाइ कार्य | १, १० | | ५,००,००,०००।०० | |
| २ | भाज्या पुखु सुधार कार्य | १ | | १,५१,०३,९०३।८ | |
| ३ | लान्चा फल्चादेखि ख्वप बहुपाविधिक अध्ययन संस्थान सिभिल डिपार्टमेन्टसम्मको बाटोमा कालोपत्र कार्य | १० | | ५०,००,०००।०० | |
| ४ | बाराही पीठ हनुमान मन्दिरदेखि चुनदेबी छिचोल्ने बाटो निर्माण कार्य | ३ | | ८७,००,०००।०० | |
| ५ | तालाक्व स्क्वायरमा ढुंगा छपाइ कार्य | ४ | | ५०,००,०००।०० | |
| ६ | ज्याख्व फल्चादेखि (मयूर झ्याल) जेंलासम्म ढुंगा छपाइ कार्य | ८ | | ५०,००,०००।०० | |
| ७ | वासिक बाटो निर्माण कार्य | ३ | | २०,००,०००।०० | |
| ८ | भेलुखेल देक्वचा अरनिको राजमार्गसम्म बाटो निर्माण कार्य | ५ | | १,००,००,०००।०० | |
| ९ | पुरानो जगाती जाने बाटोमा कालोपत्र कार्य | | | ३०,००,०००।०० | |
| | | | | १०,३८,०३,९०४।०० | |

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

सडक बोर्ड नेपालमा पठाउने योजना सूची

**निर्माण समितिबाट योजना छनौटका योजनाहरू**

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|---|
| क | नपा स्तरीय योजनाहरू | | | | |
| | | | १,००,००,०००।०० | | |
| १ | भक्तपुर अस्पतालदेखि थिमि बस स्टेशनसम्म पीच बाटो मर्मत कार्य | १ | | ५,००,०००।०० | |
| २ | हनुमान पाटी अगाडिदेखि इचाडोलसम्म बाटो मर्मत कार्य | १ | | ५००००० | |
| ३ | वडा नं. २ देखि जिल्ला प्रशासन हुँदै पुरानो नपा भवनसम्म बाटो मर्मत कार्य | २ | | १०००००० | |
| ४ | वशगोपाल बाराही पुल बाटो मर्मत कार्य | ३ | | १०००००० | |
| ५ | बोलाछेदेखि राम मन्दिर पुलसम्म बाटो मर्मत कार्य | ४ | | १०००००० | |
| ६ | खँलादेखि चुपिंघाट पुलसम्म बाटो मर्मत कार्य | ५ | | ६००००० | |
| ७ | भगवतीस्थानदेखि भद्रकालीसम्म बाटो मर्मत कार्य | ५ | | ४००००० | |
| ८ | माहाकालिस्थान (बासी तं) भोलाछेंसम्म बाटो मर्मत कार्य | ६ | | १०००००० | |
| ९ | पुल्लावाचादेखि हनुमानघाटसम्म बाटो मर्मत कार्य | ७ | | ५००००० | |
| १० | माहेश्वरी उकालो बाटो मर्मत कार्य | ७ | | ५००००० | |
| ११ | मेत उकालो बाटो मर्मत कार्य | ८ | | ४००००० | |
| १२ | लिबाली प्लानिङको पूर्व बाटोमा ग्याबियन वाल मर्मत कार्य | | | ६००००० | |
| १३ | चोफलदेखि गछें बाटो मर्मत कार्य | ९ | | १०००००० | |
| १४ | थाथलादेखि क्वाठण्डौसम्म ईंटा छपाइ कार्य | १० | | १०००००० | |

**उपभोक्ता समिति अनुमोदन**

उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नाम :** भ.न.पा.वडा नं. ६ स्थित भोलाछें पोखरीको पूर्वतर्फको नारायण मन्दिरको छाना मर्मत कार्य/ पदाधिकारीहरूको नाम :

१. अध्यक्ष : श्री कृष्णराम थुसा
२. सचिव : श्री रस्मी सिंबन्जार
३. कोषाध्यक्ष : श्री नारांकृष्ण छुंजु
४. सदस्य : श्री हरिभक्त सांगाछें
५. सदस्य : श्री कमला कैंटी

**अनुगमन तथा निरीक्षण समिति**

१. संयोजक : श्री गोपालराम थुसा
२. सदस्य : श्री पूर्णप्रसाद शाही
३. सदस्य : श्री लक्ष्मीलाल कजु
४. सदस्य : श्री सानुमैया बजिको
५. सदस्य : श्री न्हुछेलक्ष्मी सुवाल

**ख. योजनाको नाम** : भ.न.पा.वडा नं. ३ स्थित नासमनाको वत्सला माई मन्दिर पुनः निर्माण कार्य पदाधिकारीहरूको नाम :

१. अध्यक्ष : श्री चन्द्रबहादुर त्वायना
२. सचिव : श्री सविना त्वायना
३. कोषाध्यक्ष : श्री शिवराम धुख्वा

४. सदस्य : श्री न्हुछेकुमार त्वायना
५. सदस्य : श्री सत्यराम त्वायना
६. सदस्य : श्री राजकुमार त्वायना
७. सदस्य : श्री बुद्धलक्ष्मी खाईतु

**ग. योजनाको नाम** : भ.न.पा.वडा नं. ९ स्थित शिवननी चोकमा र ताक्रा गल्लीमा ईँटा छपाइ कार्य/ पदाधिकारीहरूको नाम :

१. अध्यक्ष : श्री जितलाल मानन्धर
२. सचिव : श्री सन्जय मानन्धर
३. कोषाध्यक्ष : श्री ज्ञानशोभा मानन्धर
४. सदस्य : श्री रत्नकाजी मानन्धर
५. सदस्य : श्री मोहनकेशरी मानन्धर
६. सदस्य : श्री पुण्यशोभा मानन्धर
७. सदस्य : श्री बालकृष्ण मानन्धर
८. सदस्य : श्री उत्तम मानन्धर
९. सदस्य : श्री शारदाभक्त मानन्धर

**अनुगमन तथा निरीक्षण समिति**

संयोजक :श्री चन्द्रलाल मानन्धर
सदस्य : श्री न्हुछेभक्त मानन्धर
सदस्य : श्री राजकुमार मानन्धर
सदस्य : श्री सुलोचना ताक्रा
सदस्य : श्री रविन्द्र मानन्धर

**घ. योजनाको नाम** : भ.न.पा.वडा नं. ६ को वडा समितिको कार्यालय भवनमा रंगरोगन, स्याहार स्टोर कोठा र कौसीमा ट्रस बनाउने कार्य/ पदाधिकारीहरूको नाम:

१. अध्यक्ष : श्री पूर्णभक्त सुवाल
२. सचिव : श्री राज्यलक्ष्मी सुवाल
३. कोषाध्यक्ष : श्री जयकृष्ण श्रेष्ठ
४. सदस्य : श्री राजेन्द्र सुवाल
५. सदस्य : श्री सावित्री दथेपुथे
६. सदस्य : श्री रामलक्ष्मी थुसा
७. सदस्य : श्री सन्ध्या बाँनिया सुवाल

**अनुगमन तथा निरीक्षण समिति**

संयोजक : श्री कृष्णराम थुसा
सदस्य : श्री कृष्णभक्त दुवाल
सदस्य : श्री निर्मला सितिखु
सदस्य : श्री रमिला दिष्टी
सदस्य : श्री रामप्यारी सुवाल

**ङ. योजनाको नाम** : भ.न.पा.वडा नं. ९ स्थित ब्रम्हायणीघाट तथा डिल सुधार कार्य पदाधिकारीहरूको नाम:

१. अध्यक्ष : श्री जगनाथ प्रजापति
२. सचिव : श्री रामप्रसाद प्रजापति
३. कोषाध्यक्ष : श्री सविना प्रजापति
४. सदस्य : श्री विक्रम लाखे
५. सदस्य : श्री विष्णुप्रसाद खायमली
६. सदस्य : श्री कृष्णगोविन्द प्रजापति
७. सदस्य : श्री कृष्णप्यारी गोसाई

**अनुगमन तथा निरीक्षण समिति**

१. संयोजक : श्री रत्नप्रसाद प्रजापति
२. सदस्य : श्री विष्णुकुमार प्रजापति
३. सदस्य : श्री मैया श्रेष्ठ (सुकमनी)
४. सदस्य : श्री कृष्णसुन्दर प्रजापति
५. सदस्य : श्री लक्ष्मीप्रसाद कुसी

**च. योजनाको नाम** : भ.न.पा.वडा नं. ९ स्थित ब्रम्हायणी पीठ पानी ट्यांकी व्यवस्थापन योजनाको योजना संचालन कार्य/ पदाधिकारीहरूको नाम :

१. अध्यक्ष : श्री रत्नप्रसाद प्रजापति
२. सचिव : श्री नकुल प्रजापति
३. कोषाध्यक्ष : श्री तारादेवी धन्छा
४. सदस्य : श्री विष्णुकुमार प्रजापति
५. सदस्य : श्री जीवन बासी
६. सदस्य : श्री मैया श्रेष्ठ (सुकमनी)
७. सदस्य : श्री श्री कृष्णसुन्दर प्रजापति

**अनुगमन तथा निरीक्षण समिति**

१. संयोजक : श्री लक्ष्मीप्रसाद कुसी
२. सदस्य : श्री विष्णुप्रसाद कुसी
३. सदस्य : श्री आसकुमार लाखेमरु
४. सदस्य : श्री इन्द्र प्रजापति
५. सदस्य : श्री राजाराम प्रजापति

## समिति निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**युवा तथा खेलकुद समिति**

**मिति २०७४।७८** गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको आयोजनामा ०७४ कार्तिक ९ गतेदेखि शुरु हुने भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा सहभागी विद्यालयहरूलाई खेल सामग्री वितरण गर्ने निर्णय गरियो ।

**मिति २०७४।७९** गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको आयोजनामा २०७४ कार्तिक ९ देखि शुरु भएको (५ दिने) भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको पुरस्कार वितरण र समापन समारोहमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं पूर्व सांसद श्री प्रेम सुवाललाई प्रमुख अतिथिको लागि अनुरोध गर्ने र निम्न मिति, समय र स्थानमा समापन कार्यक्रम गर्ने निर्णय गरियो।

**कार्यक्रम**

मिति : २०७४ कार्तिक १३ गते, सोमबार
समय : दिनको १:०० बजे
स्थान : शहीद स्मृति खेल मैदान, भ.न.पा. २

ख. भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको आयोजनामा ०७४ कार्तिक ९ गतेदेखि शुरु भएको (५ दिने) भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा सहभागी विद्यालयहरूलाई तपसिल अनुसारको खेल सामग्री वितरण गर्ने निर्णय गरियो :

**तपसिल**

१. फुटबल - १ वटा
२. भलिबल - १ वटा
३. T.T. बल - आधा (१/२) दर्जन
४. कक - आधा (१/२) दर्जन
५. चेस - १ वटा
६. सिठ्ठी- १ वटा
७. क्यारिम बोर्ड - १ वटा

ग. भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको आयोजनामा ०७४ कार्तिक ९ गतेदेखि शुरु भएको (५ दिने) भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा सहयोग गर्ने तपसिल अनुसारको भक्तपुर जिल्ला संघहरूलाई फ्रेमसहितको प्रमाण पत्र दिने निर्णय गरियो :

**तपसिल**

१. भक्तपुर जिल्ला भलिबल संघ
२. भक्तपुर जिल्ला फुटबल संघ
३. भक्तपुर जिल्ला टेबुलटेनिस संघ
४. भक्तपुर जिल्ला खो खो संघ
५. भक्तपुर जिल्ला कबड्डी संघ
६. भक्तपुर जिल्ला ब्याटमिन्टन संघ
७. भक्तपुर जिल्ला एथ्लेटिक्स संघ
८. भक्तपुर जिल्ला बुद्धिचाल संघ

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७४।७।८** गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. भक्तपुर नगरको पर्यटन विकास प्रवर्द्धनलाई थप प्रभावकारी बनाउन यस नगरभित्रका पर्यटन व्यवसायीहरू तथा पर्यटन व्यवसायसँग सम्बद्ध संघ संस्थाहरूसँग निम्न मिति र स्थानमा छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

मिति : २०७४।७।१९ गते
समय : दिउँसोको ४:०० बजे
स्थान : भ.न.पा. सभा कक्ष

ख. यस नगरपालिका क्षेत्रमा फोहर मैला व्यवस्थापन प्रभावकारी रूपमा संचालन गर्न नगरवासीहरू तथा विद्यार्थीहरूलाई एकीकृत फोहर मैला व्यवस्थापन सम्बन्धी तालिम संचालन गर्ने निर्णय गरियो।

मिति : २०७४ मंसिर २ गतेदेखि

यसका लागि प्रत्येक वडा कार्यालयबाट सिफारिस भई आएका २/२ जना र ख्वप कलेजबाट १० जना विद्यार्थीहरूलाई सहभागी गराइने निर्णय गरियो।

ग. यस नगरको च्याम्हासिंह गेटदेखि दूधपाटी हुँदै खौमासम्मका व्यवसायीहरूलाई आउँदो कार्तिक २१ र २२ गते नगरपालिका सभा कक्षमा निमन्त्रण गरी सरसफाइ सम्बन्धी छलफल गर्ने निर्णय गरियो।

**मिति २०७४।७।१४** गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. यस नगरपालिकाले नियमित रूपमा गर्दै आएको हरियाली प्रवर्द्धन तथा सरसफाइ अन्तर्गत यही २०७४।७।१५ गते (भ.न.पा.१) स्थित सिद्ध पोखरीमा विहान ७:०० बजेदेखि सरसफाइ गर्ने निर्णय गरियो।

ख. फोहर संकलन गर्ने पेट्रोलबाट संचालित ट्राइसाइकल (तीन पांग्रे सवारी साधन) ५ थान खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ग. फोहर मैला व्यवस्थापन सम्बन्धी तालिम संचालन गर्नका लागि प्रत्येक वडाबाट २/२ जना र नगरपालिकाबाट संचालित कलेजहरूबाट १० जना सहभागीहरूको नामावली पठाउनको लागि पत्राचार गर्ने तथा यही कार्तिक २७ गतेसम्ममा नामावली संकलन गर्ने निर्णय गरियो।

**कृषि तथा पशु सेवा समिति**

मिति २०७४।७।६ गते बसेको कृषि तथा पशु सेवा समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. पशु वध स्थलको लागि अध्ययन गर्ने।

ख. भक्तपुर नगरको प्रत्येक वडामा रेविज रोगबाट बचाउन घरपालुवा तथा भुस्याहा कुकुरलाई रेबिज खोप दिन शिविर संचालन गर्ने। शिविर यही कार्तिक १५ गतेदेखि वडा नं. १ देखि १० वडासम्म गर्ने।

ग. भक्तपुर नगरपालिका क्षेत्रका मासु पसल व्यवसायीको बैठक बोलाउने ।

**मिति २०७४।७।१४** गते बसेको कृषि तथा पशु सेवा समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. यस समितिको आयोजनामा माथि उल्लेखित विषयहरूमा सम्बन्धित कृषकहरूसंग कार्तिक १७ गते छलफल गर्ने निर्णय गरियो ।

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०७४।७।१२** गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. २०७४ कार्तिक २५ गते हुने बाँसुरी बाजा प्रतियोगिता व्यवस्थित ढंगले संचालन गर्न तपसिल बमोजिमका नियमहरू बनाउने निर्णय गरियो ।

**तपसिल**

भक्तपुर नगरव्यापी बाँसुरी बाजा प्रतियोगिताका नियमहरू :

- ◆ प्रतियोगिताको क्रममा २०७४ कार्तिक २५ गते बिहान ११ बजे दूधपाटीबाट बाँसुरी बाजा बजाएर भार्वाचो, वंशगोपाल, टौमढी, सुकुलढोका, गोल्मढी, इनाचो हुँदै दत्तात्रयसम्म आउनु पर्नेछ ।
- ◆ मूल्यांकन स्थल टौमढी र दत्तात्रय हुनेछ ।
- ◆ प्रतियोगितमा सहभागी हुन घटीमा १० जना देखि १५ जनासम्मको सहभागी रहेको टोली (प्रतियोगी समूह) हुनु पर्नेछ ।
- ◆ २०७४ कार्तिक २२ गतेभित्र प्रतियोगितामा भाग लिने समूहले प्रति समूह दर्ता शुल्क रु.२००।- बुझाई फारम भरी दर्ता गर्नु पर्नेछ ।
- ◆ प्रतियोगितामा बाँसुरीका साथ मादल, लालाखीं, पछिमा, ढोलक, धिमाय्, हार्मोनियम, भ्वायलिन वाद्यवादन प्रयोग गर्न पाइनेछ । तँ, सिछ्याय्, झ्याली आफूले रोजेर बजाउन पाईनेछ ।
- ◆ पहिलो चरणमा दक्षिणकाली/विश्व शान्ति धुन बजाउनु पर्नेछ ।
- ◆ प्रतियोगिताको समय एउटा बोलको निम्ति बढीमा ५ मिनेटको हुनेछ । ४ मिनेटमा जनाउ घण्टी दिनेछ । प्रतियोगीहरूले निर्णायक समूह अगाडि ५ मिनेट प्रस्तुत गर्नु पर्नेछ । प्रतियोगिता स्थलमा (मञ्चमा) समयमै उपस्थित हुनु पर्नेछ । कुनै ब्यक्ति उपस्थित नभएमा २ मिनेटसम्म मात्र पर्खिनेछ ।
- ◆ दोश्रो चरणमा स्वेच्छिक धुन बजाउनु पर्नेछ ।
- ◆ प्रतियोगितामा सहभागी हुने प्रतियोगीहरूको पोशाकको एक रूपतालाई विशेष प्राथमिकता दिइनेछ ।
- ◆ एक जना प्रतियोगीले एक समूहबाट मात्र भाग लिन पाइनेछ ।
- ◆ प्रतियोगितामा भाग लिने सबै प्रतियोगीहरूको नामावली बुझाउनु पर्नेछ ।
- ◆ निर्णायक मण्डलको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
- ◆ नगर परिक्रमा मूल्यांकनको अंक २० हुनेछ ।
- ◆ स्थलगत मूल्यांकनको अंक ८० हुनेछ ।
- ◆ नगर परिक्रमाको लागि सहभागी सङ्ख्या अधिकत्तम सीमा हुने छैन ।

ख. प्रतियोगिता मूल्यांकनको लागि तपसिल बमोजिमको अंकभार विभाजन गरियो :

| क्र.सं. | समूहको नाम | ठेगाना | प्रस्तुती | बाजा | भेषभुषा | धुन | सुरताल | समय | अनुशासन | प्रष्टता | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | १० | १० | १५ | २५ | ५ | ५ | ५ | ८० | |

नगर परिक्रमाको लागि ३० अंक रहने छ ।

ग. प्रतियोगितामा विजयी समूहलाई वाद्यवादनका सामग्रीहरू वा नगदबाट पुरस्कृत गर्ने निर्णय गरियो ।

घ. प्रतियोगितामा सहभागी सबै समूहलाई खाजा खर्च र मायाको चिनो उपलब्ध गराउन निर्णय गरियो ।

### वातावरण तथा पर्यटन समिति

**मिति २०७४।७।१९** गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. यस भक्तपुर नगरपालिकाको आयोजनामा यही २०७४।७।२५ गते शनिवार हुने बाँसुरी बाजा प्रतियोगितामा सहभागी हुने टोलीहरूलाई निम्न अनुसार पुरस्कार राशी, खाजा खर्च तथा मायाको चिनो व्यवस्था गर्ने निर्णय गरियो ।

प्रथम पुरस्कार - रु. ५०,०००।-
द्वितीय पुरस्कार - रु. ४०,०००।-
तृतीय पुरस्कार - रु. ३०,०००।-
सान्त्वना पुरस्कार - रु. २०,०००।-
सान्त्वना पुरस्कार - रु. २०,०००।-
खाजा वापत प्रति टोलीलाई रु.३,०००।- (अक्षरेपी तीन हजार)
मायाको चिनोवापत प्रति टोलीलाई रु.३,०००।- देखि ७,०००।-

ख. बाँसुरी बाजा प्रतियोगिताको मूल्यांकन समितिका सदस्यहरूलाई मायाको चिनो दिने निर्णय गरियो ।

ग. बाँसुरी बाजा प्रतियोगिता व्यवस्थित रूपमा

संचालन गर्न देहाय बमोजिमका जनप्रतिनिधिहरू सम्मिलित सहयोग समितिहरू गठन गर्ने निर्णय गरियो :

**क. स्वयंसेवक परिचालन समिति**

१. श्यामकृष्ण खत्री – संयोजक
२. हरिप्रसाद बासुकला – सदस्य
३. सुनिता अवाल – सदस्य
४. सरिना द्योला – सदस्य
५. महेन्द्र खायमली – सदस्य

**ख. पुरस्कार व्यवस्थापन समिति**

१. उकेश कवां – संयोजक
२. कुमार चवाल – सदस्य
३. रोशन मैया सुवाल – सदस्य
४. हरिराम सुवाल – सदस्य
५. राजकृष्ण गोरा – सदस्य

**ग. अतिथि सत्कार समिति**

१. छोरीमैया सुजखु (प्रजापति) – संयोजक
२. रविन्द्र ज्याख्व – सदस्य
३. प्रेमगोपाल कर्माचार्य – सदस्य
४. कृष्णलक्ष्मी दुवाल – सदस्य
५. लक्ष्मीप्रसाद ह्यौंमिखा – सदस्य

## महिला स्वास्थ्य शिविर

**मिति २०७४।८।१५** गतेभित्र भक्तपुर नगरपालिकाको आयोजनामा महिला स्वास्थ्य सम्बन्धी शिविर संचालन गर्ने निर्णय गरियो।

## शोध गर्ने विद्यार्थीलाई अनुदान

भक्तपुर कला संस्कृति र वातावरण सम्बन्धी सोधपत्र तयार गर्ने प्रस्तावनासहित यस नगरपालिकाकमा निवेदन दर्ता गरेका र यही २०७४।७।१४ गते डिफेन्स गरेका निम्न विद्यार्थीहरूलाई देहाय बमोजिम अनुदान रकम दिने निर्णय गरियो ।

**तपसिल**

**क. सृजना सुवाल**

विषय : "Water Sanitation and hygiene of Government school in Bhaktapur Municipality"
अनुदान रकम रु. १५,०००।–

**ख. निशा सैजु**

विषय : Potentiality of Ecotourism in Bhaktapur Municipality : A Sociological Study
अनुदान रकम : रु.१५,०००।–

**ग. मैया सुवाल**

विषय : भक्तपुरका 'तले शैलीका मन्दिरहरूको अनुन्धान'
अनुदान रकम रु.१५,०००।–

**मिति २०७४।७।२०** गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. यस भक्तपुर नगरपालिकाको आयोजनामा महिला स्वास्थ्य सम्बन्धी शिविर मिति २०७४।८।९ गते र १६ गते संचालन गर्ने। सोको लागि आवश्यक व्यवस्थापन र प्रचार प्रसारको लागि छोरी मैया सुजखुको संयोजकत्वमा देहायका सदस्य रहने गरी शिविर संचालन उप समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

१. छोरी मैया सुजखु (प्रजापति) – संयोजक
२. रोशन मैया सुवाल – सदस्य
३. सुनिता प्रजापति (अवाल) – सदस्य
४. सरिना द्योला – सदस्य
५. कृष्णलक्ष्मी द्योला – सदस्य
६. गंगालक्ष्मी बमनु – सदस्य
७. तुल्सीलक्ष्मी दुमरु – सदस्य
८. मंगललक्ष्मी शाही – सदस्य
९. सम्झना खाइजु – सदस्य
१०. सीतादेवी नेपाली – सदस्य
११. रञ्जना त्वाती – सदस्य
१२. रिजु कपाली – सदस्य
१३. पंचमाया दुवाल – सदस्य
१४. विजयलक्ष्मी दुवाल – सदस्य

## धरौटी जफत

बोलपत्र रद्द गरी धरौटी जफत सम्बन्धमा : भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने सवारी साधनको सामान खरिद गर्न मिति २०७४।४।१६ गते 'मजदुर' दैनिक पत्रिकामा प्रकाशित विज्ञापन अनुसार पर्न आएका ४ (चार) वटा सिलवन्दी बोलपत्रहरूमध्ये नियमानुसार सबभन्दा कम दररेट उल्लेख गर्ने क्लीन गुड्स ईन्टरप्राईजेज्को भ्याटसहित रु.१९,२२,१३०।– (अक्षरूपी उनाईस लाख बाईस हजार एक सय तीस) को सिलबन्दी बोलपत्र स्वीकृत गर्ने भनि मिति २०७४।५।२२ गते बसेको बोर्ड बैठकको निर्णय अनुसार धरौटी राखी सम्झौता गर्न आउनु भनी यस कार्यालयको प.सं. ०७४।७५/१४, च.नं. ३३५ मिति २०७४।५।३० गते पत्राचार भएकोमा क्लिन गुड्स ईन्टरप्राईजेज्बाट दर्ता नं. २०४३ मिति २०७४।६।८ गते र दर्ता नं. २६३१ मिति २०७४।७।१५ गते दर्ता भएको निवेदनबाट सम्झौता अनुसारको सामानहरू सप्लाई गर्न नसकिने भएकोले बोलपत्रमा क्लीन

गुड्स ईन्टरप्राईजेज् भाग नलिने भनी निवेदन दिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७६ र सार्वजनिक खरिद ऐन २०६३ को दफा २१ को उपदफा २ ग, घ बमोजिम जमानत जफत गर्न सकिने ब्यवस्था भएकोले क्लीन गुड्स ईन्टरप्राईजेज्को बैंक ग्यारेण्टीको सट्टा नगद धरौटी राख्न लगाई जफत गर्ने र बैंक ग्यारेन्टी फुकुवा गरी दिई सिलबन्दी बोलपत्र रद्द गर्ने निर्णय गरियो। साथै उक्त सामानहरूको लागि पुनः बोलपत्र आह्वानको सूचना प्रकाशित गर्ने निर्णय समेत गरियो।

## विविध

विविध विषयमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

क. मानन्धर व्यायाम मन्दिरलाई धिमेबाजा प्रतियोगिताका लागि २०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ख. निवेदक पूर्णमान कोजुले भ.न.पा. २ साविक भ.न.पा. १५ स्थित कित्ता नं. २० क्षेत्रफल ०-६-१-० भएको जग्गामा मिति २०६१।०६।०४ गते भ.न.पा. कार्यालयबाट १२''X१२'' को पिलर साईजमा नक्सा पास गरी हाल फिल्डमा ९''X१२'' को पिलर साईजमा घर निर्माण कार्य सम्पन्न गरी मिति २०७३।०७।१९ गते यस कार्यालयमा निर्माण सम्पन्न प्रमाण पत्रको माग निवेदन पेश भएको सम्बन्धमा उक्त नक्सा मिति २०६१।०६।०४ गते पास गर्दाको समयमा ९''X१२'' पिलर साइजमा पनि नक्सा पास गर्ने प्रावधान भएको हुँदा हाल फिल्डमा निर्माण भए अनुसारको ९''X१२'' पिलर साइजमा पनि निर्माण सम्पन्न प्रमाण पत्र दिने भनी निर्माण समितिबाट सिफारिस भई आएकोले सो अनुसार गर्ने निर्णय गरियो। साथै यसै प्रकृतिका अन्य नक्सामा पनि यसै अनुसार गर्ने निर्णय गरियो।

ग. निवेदक गणेश बहादुर चित्रकारले भ.न.पा. ६ साविक भ.न.पा. ५ स्थित कित्ता नं. २७७ क्षेत्रफल ०-१-०-२ भएको घर पुनः निर्माण गर्न मिति २०७४।०४।१८ नक्सा दर्ता भई सर्जमिन नाप जाँचसमेत भइसकेको। पेश नक्सामा साविक साँझ्यालको ठाउँमा साधारण झ्याल राखी नक्सा पेश भएको। निवेदक गणेश बहादुर चित्रकारले सो साँझ्याल पुर्ण क्षति भएको र आर्थिक अवस्था कमजोर भएकोले सो साँझ्याल मर्मत गरी राख्न नसक्ने व्यहोराको निवेदन पेश भएको। साईटमा गएर निरीक्षण समेत गर्दा उक्त झ्यालको अधिकांश भाग बिग्री मकीसकेको र त्यसको पुनः प्रयोग गर्न नसकिने अवस्था भएको हुँदा सो झ्यालको सट्टा साधारण झ्याल राखी नक्सा पास प्रकृया अगाडि बढाउने भनी निर्माण समितिबाट सिफारिस भई आएकोले सो अनुसार साधारण झ्याल राखी नक्सापास प्रकृया अगाडि बढाउने निर्णय गरियो।

घ. भ.न.पा. वडा नं. ८, च्याम्हासिंहस्थित बहुउद्देश्य भवनको बाँकी कार्य निर्माण सम्पन्न गर्नका लागि जम्मा रकम रु.१०,७०,५३,१५९।- बराबरको ल.ई स्वीकृत भएकोमा उक्त कार्यको लागि तपसिल अनुसारको निर्माण सामग्री र ज्याला आवश्यक हुने हुँदा निर्माण सामग्री र श्रम ठेक्काको अलग अलग बोलपत्र गर्ने निर्णय गरियो :

**तपसिल**

| S.No. | Description | Total | Units |
|---|---|---|---|
| 1 | Agg | 416.87 | Cum |
| 2 | Sand | 532.86 | Cum |
| 3 | Cement | 6927.98 | Bags |
| 4 | Emelstion | 846.43 | Kg. |
| 5 | Primer | 1238.4 | Lit. |
| 6 | Rod | 116542.24 | Kg. |
| 7 | Bending Wire | 1748.1336 | Kg. |
| 8 | Dachi Appa | 131435.56 | Nos, |
| 9 | Carnace Brick | 37745 | Nos, |
| 10 | Local Brick | 384232.2 | Nos, |
| 11 | Sal wood | 29.6 | Cum |
| 12 | Jhigati | 59290.84 | Cum |
| 13 | Wall Putting | 4496.59 | Kg. |
| 14 | Enamel | 92.05 | Lit. |

## छाप्दाछाप्दै

सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा भक्तपुर क्षेत्र नं. १ बाट नेमकिपाका केन्द्रीय सचिव एवम् भक्तपुर नपाका पूर्वप्रमुख प्रेम सुवाल र प्रदेशसभा १ (ख) बाट नेमकिपा भक्तपुर जिल्लाका उपाध्यक्ष सुरेन्द्रराज गोसाई निर्वाचित हुनुभएको छ।

अक्टोवर क्रान्तिको शतवार्षिकी

# कामदार वर्गले अक्टोवर क्रान्तिको सिलसिला जारी राख्नुपर्छ

ए.के.श्रेष्ठ

रुसमा सन् १९१७ अर्थात एक शताब्दी पहिले भएको क्रान्तिको प्रभाव विश्वभरि परेको थियो। त्यो क्रान्ति युरोपको अविकसित, पीछडिएको, गरिब रुसको १३ सय वर्षको इतिहासमा आमूल परिवर्तनको कारक थियो। यही क्रान्तिको परिणाम सोभियत सङ्घ बन्यो र विश्वभरिका प्रतिक्रियावादीहरूको मनमा वज्रमुक्का हान्दै संसार हल्लाएको थियो। त्यसले विश्वका काम गरिखाने वर्गलाई परिवर्तन र उपनिवेशी जनतालाई मुक्तिको गहिरो छाप छोड्ने गरी प्रेरणा दिएको थियो। त्यसैले आज एक शताब्दी पछि पनि साम्राज्यवादी, पूँजीवादी र प्रतिक्रियावादीहरूलाई अक्टोबर क्रान्तिको चर्चाले निद्रा र भोक हराउने गर्छ भने मजदुर वर्ग र उपनिवेशी जनताले आफूमा निहित शक्तिको बोध गर्दै प्रेरणाको श्रोत र उच्चतम विजय दिवसको रूपमा मनाउने गर्दछन्।

भ्लादिमिर इल्यिच लेनिनको नेतृत्वमा सन् १९१७ अक्टोवर २५ (नयाँ पात्रोअनुसार नोभेम्बर ७) का दिन भएको क्रान्ति नै अक्टोवर क्रान्तिको नामले प्रसिद्ध छ। दसकौं लामो संघर्ष र आन्दोलनबाट सिर्जित परिपक्व समयमा अरोरा नामको जंगी जहाजबाट पिटसवर्ग स्थित शीतल दरबारमा तोप वर्साएर क्रान्तिको प्रारम्भ गरेको थियो। यस क्रान्तिले रुसको मात्र होइन विश्व इतिहास कै धार परिवर्तन गरेको थियो। त्यसैले यो क्रान्ति अभूतपूर्व, ऐतिहासिक र युगान्तकारी घटना बनेको छ।

अक्टोवर क्रान्तिले मार्क्स र ऐंगेल्सले प्रतिपादन गर्नु भएको वैज्ञानिक समाजवादको सिद्धान्त व्यवहारमा सही भएको प्रमाणित गऱ्यो। मार्क्स र ऐंगेल्सद्वारा लिखित कम्युनिस्ट घोषणापत्र जारी भएको ६९ वर्षपछि, रुसी कम्युनिस्ट पार्टी (बोल्सेभिक) गठन भएको ५ वर्षपछि अक्टोबर क्रान्ति सम्पन्न भएको हो। यस क्रान्तिले रुसको आर्थिक, सामाजिक, राजनीतिक, अन्तर्राष्ट्रिय सम्बन्धमा प्रगति र विकासमुखी परिवर्तन ल्यायो। सारमा एउटा क्रान्तिले जे जहाँ जसरी परिवर्तन ल्याउनु पर्ने हो ती सबै कुरामा सफल भएको थियो। त्यसैले अक्टोवर क्रान्ति ऐतिहासिक र युगान्तकारी बन्यो।

**राजनीतिक प्रभाव**

अक्टोवर क्रान्तिले कामदार वर्गको राज्य स्थापना गर्दै 'सर्वहारा वर्गको अधिनायकत्व' लाई व्यवहारमा ल्यायो। शासित बहुमत कामदार वर्ग अल्पमतका बुर्जुवा वर्गको शासनबाट मुक्त भए। कामदार वर्गको राज्यले बुर्जुवा प्रजातन्त्रमा नभएको बहुमतको शासन प्रणालीलाई स्थापित गऱ्यो। अर्थात प्रजातन्त्रको मूल्य र मर्मलाई कामदार वर्गको राज्यले व्यवहारमा ल्यायो। पूँजीवादी वा बुर्जुवा प्रजातन्त्रका विकृतिहरूलाई ध्वस्त पार्दै मौलिक र अभूतपूर्व रूपमा समाजवादी प्रजातन्त्र व्यवहारमा ल्यायो। यसले विभिन्न देशका बुर्जुवा प्रजातन्त्रका शासक वर्ग तिरमिराए र कामदार वर्गको समाजवादी प्रजातन्त्र विरुद्ध खनिए। क्रान्ति सम्पन्न भएको तत्कालै दर्जनभन्दा बढी देशहरूले नाकाबन्दी लगाएर अँठ्याउन खोज्यो। तर कामदार वर्गको राज्यले त्यस हस्तक्षेप, आक्रमण र युद्धलाई परास्त गऱ्यो। साथै अक्टोवर क्रान्तिको प्रभाव र प्रेरणाले एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरू उपनिवेशबाट स्वतन्त्र भए, स्वाधीन र सार्वभौम भए।

यसरी अक्टोवर क्रान्तिले विश्वमा बुर्जुवा प्रजातन्त्रभन्दा बढी प्रजातान्त्रिक बन्दोवस्त भएको समाजवादी प्रजातन्त्रको जग बसाल्दै व्यवहारमा ल्याएको थियो।

तर पूँजीवादीहरूले समाजवादमा प्रजातन्त्र हुँदैन भन्ने हल्ला आज पनि गरिरहेका छन्। यदि प्रजातन्त्रको अर्थ अल्पमतमाथि बहुमतको शासन हो भने समाजवादमा जति प्रजातन्त्र पूँजीवादी प्रजातन्त्रमा हुनै सक्दैन। किनभने पूँजीवादी प्रजातन्त्रमा जहिलेपनि जहाँ पनि बहुमतमाथि अल्पमतको शासन चलेको छ र चलिरहेको छ।

**आर्थिक प्रभाव**

अक्टोवर क्रान्तिले रुसको आर्थिक संरचनामा आमूल परिवर्तन ल्यायो। भूमिसुधार लागू गऱ्यो, उद्योग-कारखाना राष्ट्रियकरण गर्दै त्यसमा मजदुरहरूको हक स्थापित गऱ्यो। निजी सम्पत्तिको परम्परा समाप्त गरी प्रत्येक व्यक्तिलाई योग्यता-क्षमताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोवस्त गऱ्यो र गाँस-बास-कपासको प्रत्याभूति राज्यले लियो। देशको अर्थव्यवस्था राज्यले सञ्चालन गरेपछि आर्थिक विकासले तीव्रता लियो र त्यसको लाभ व्यापक जनताले प्राप्त गऱ्यो। व्यक्ति होइन देश धनी हुँदै गयो।

पूँजीवादी देशहरूले दुई तीन शताब्दीमा हासिल गरेको उपलब्धि समाजवादी देशले आधा शताब्दीमै हासिल गर्न सफल भयो।



अक्टोबर क्रान्तिको परिणाम पीछडिएको रुस क्रमशः एक शक्तिको रूपमा विकास भयो र महाशक्ति सोभियत सङ्घ बन्यो । साम्राज्यवादको दमन र शोषणको जगजगीलाई समाजवादी देशले पर्खाल बनेर गरिब र पीछडिएका देशहरूको रक्षा गऱ्यो । आर्थिक र भौतिक रूपले सहयोग गरेर एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका थुप्रै देशहरूलाई स्वाधिन र स्वाभिमान पूर्वक बाँच्न टेवा दियो ।

**सामाजिक प्रभाव**

अक्टोवर क्रान्तिले शताब्दीयौँदेखि विद्यमान सामाजिक असमानतालाई अन्त्य गऱ्यो । समानता, न्याय र भाइचाराको नारा उद्घोष र लागू गर्दै वर्गविहीन समाजको निर्माणतर्फ कदम चाल्यो । आठ घण्टाको काम, बेरोजगारीको अन्त्य,निःशुल्क स्वास्थ्य सेवा, निःशुल्क र समान शिक्षा, सांस्कृतिक विकासमा समान अवसर आदिको बन्दोवस्तले समाजवादी समाज विश्वकै उत्कृष्ट र नमुना बन्यो ।

अक्टोवर क्रान्तिले महिला, बाल–वृद्धको जीवनमा अकल्पनीय र अभूतपूर्व परिवर्तन ल्यायो । परिवार, समाज, राजनीति र आर्थिकलगायतका क्षेत्रमा महिलाहरूको समाजवादी चरित्रको नैसर्गिक हक संविधानमै व्यवस्था गरेर स्थापित गऱ्यो । सुत्केरी विदा, शिशु शाला, बाल उद्यान, वृद्ध–वृद्धाको लागि आदर निकेतनको बन्दोवस्तले समाजवादी समाज 'भू–स्वर्ग' बन्यो । तर यसले विश्वका पूँजीवादी सरकारहरू निक्कै अप्ठ्यारो र संकटमा परे । त्यसैले जनकल्याणकारी कार्यक्रम ल्याउन तिनीहरू वाध्य भए । अक्टोवर क्रान्तिले रुसी जनतालाई अभूतपूर्व हित गऱ्यो भने त्यसको प्रभावले पूँजीवादी देशका सरकारहरू पनि जनतालाई केही राहत दिन वाध्य भए ।

समाजवादी समाजमा व्यक्ति होइन राज्य वा देश धनी हुने भएकोले कुनै पनि नागरिक बेरोजगार हुँदैनन् त्यसैले भोका–नांगा र घरविहीन हुँदैननन्, माग्नेहरू हुने कुरै भएन । मानिसले मानिसमाथि गर्ने क्रुर अपराध अर्थात शोषणको अन्त्य भएर 'भू–स्वर्ग' बन्यो ।

**विश्वमा प्रभाव**

अक्टोवर क्रान्तिभन्दा अगाडि विश्वमा थुप्रै क्रान्ति, विद्रोह र आन्दोलन भएका थिए । त्यसले विभिन्न परिवर्तनहरूका कारक बनेका थिए र ल्याएका थिए । परन्तु अक्टोवर क्रान्ति विश्वमा अभूतपूर्व, ऐतिहासिक र दूरगामी युगान्तकारी घटना रह्यो । त्यसैले त्यसको चर्चा र स्मरण आज पनि त्यतिकै उत्साह र प्रेरणाका साथ गरिन्छ ।

अक्टोवर क्रान्तिभन्दा अगाडि सन् १७७१ मा फ्रान्समा पेरिस कम्युन स्थापना भएको थियो । तर त्यसलाई लामो समय रक्षा गर्न सकिएन । यद्यपि त्यसको महत्त्व कम छैन । तर अक्टोवर क्रान्तिले पेरिस कम्युनका सकारात्मक पक्षलाई ग्रहण र कमजोर पक्षबाट शिक्षा लिंदै सफलता हासिल गऱ्यो ।



अक्टोवर क्रान्ति विश्वका विभिन्न भागका शोषित –पीडित, दबाइएका र उत्पीडित देश र जनतामा उत्साह र प्रेरणा जगायो । साम्राज्यवादी देशहरूको उपनिवेश, पूँजीवादी सरकारहरूको क्रुर शोषणमा परेका देश र जनता स्वतन्त्रता र मुक्तिको लागि जुर्मुराए । अक्टोवर क्रान्ति पछिका वर्षहरूमा एकपछि अर्को गर्दै कम्युनिस्ट पार्टीहरू निर्माण भए, समाजवादी र जनवादी संघर्ष, आन्दोलन र क्रान्तिहरू भए । कतिपय देशमा सफलता हासिल गरे भने कतिपय देशमा आज पनि संघर्ष, आन्दोलन र युद्ध जारी छन् । उपनिवेशवादीहरू धपाइए, क्रुर शासन र शासकहरू पतन भए, साम्राज्यवादलाई महा





भीरको किनारमा पुऱ्याए ।

अक्टोवर क्रान्तिले स्थापना गरेको समाजवादी राज्यकै कारण दोश्रो विश्वयुद्धमा नाजी जर्मनीलाई घुँडा टेकाउन सकेको हो । अन्यथा विश्व आज नाजीमय हुने थियो ।

अक्टोवर क्रान्तिले स्थापना गरेको समाजवादी व्यवस्थालाई ध्वस्त पार्न साम्राज्यवादी, पूँजीवादीलगायतका प्रतिक्रियावादीहरूले निरन्तर षडयन्त्र गरिरहे । त्यसको प्रतिकार र प्रतिरोध गर्न लेनिनले स्थापना गरेको समाजवादको रक्षा स्टालिनले गरे । तर हरियो घाँसमा लुकेका हरेउजस्ता खुश्चेभको कारण स्टालिनको देहावशानपछि समाजवादी व्यवस्था ओरालो लाग्यो र गोर्भाचेभसम्म आइपुग्दा समाजवादलाई समाप्त पाऱ्यो । तर अक्टोवर क्रान्तिको महत्त्व र उपलब्धि सदा जीवित रहनेछ ।

सन् १९९१ मा सोभियत संघ विखण्डन भएर १५ राज्यमा विभाजित भयो हिजोको कामदार वर्गको स्वर्ग जस्तो समृद्ध देश आज शोषण, गरिबी, महँगी, भ्रष्टाचार, हत्या–हिंसालगायतका पूँजीवादी व्यवस्थाका विकृतिहरूको सागरमा चुर्लुम्म डुबेको छ । पूर्व सोभियत सङ्घका बहुमत जनता आज सुख र शान्तिपूर्वक बाँच्न पाइरहेका छैनन् । सोभियत सङ्घमा अध्ययन गरेर फर्केका कतिपय नेपालीहरू आफू ८० रुबलले महिना दिन सजिलै जीविका चलाएकोमा आजको महँगी र बजार भाउको खबर पढेर समाजवादको लोकप्रियता र आवश्यकता औंल्याउने गर्छन् । यद्यपि आजका पूँजीवादी शासकहरू हिजोको समाजवादी व्यवस्थाको उपलब्धि भजाएर विश्वको एक शक्ति देशमा कायम रहने जमर्को गरिरहेका छन् ।

तर आधाभन्दा बढी रुसी जनता समाजवादी व्यवस्था पुनःस्थापनाको पक्षमा रहेको एक सर्वेक्षणले देखाएको छ । अक्टोवर क्रान्तिको शत्वार्षिकीको अवसर पारेर रुसमा गरिएको एक सर्वेक्षणमा ५० प्रतिशतभन्दा बढी सहभागीले सोभियत सङ्घको विघटन र समाजवादको त्यागलाई गलत ठहऱ्याएका छन् । तिनीहरूले सोभियत सङ्घ र समाजवादको पुनःस्थापना अपरिहार्य भएको बताएका छन् ।

अन्तमा हिंस्रक साम्राज्यवादी, पूँजीवादीलगायतका प्रतिक्रियावादीहरूले विश्वका निर्माता बहुमत कामदार जनतालाई चिथोर्न, कोपर्न र मार्न अर्थात पक्षपात, शोषण र दमन गर्न,



अरोरा जंगी जहाज

अशान्ति, युद्ध र आतंकवादलाई जन्माउन नछोड्ने भएकोले अक्टोवर क्रान्तिको सिलसिला जारी रहनेछ । ब्रम्हाण्डको एकमात्र मानव ग्रह पृथ्वीमा विद्यमान सबै अमानवीय बन्दोवस्त र समस्या समाधान गर्न कामदार वर्गले शान्ति र समृद्धिको 'भू–स्वर्ग' बनाउन अक्टोवर क्रान्तिको सिलसिला जारी राख्नु पर्छ र राख्नेछन् ।

(तस्बिरहरू -इन्टरनेट)

वडाध्यक्ष परिचय

# xl//fd ;'jfn



हरिराम सुवालको जन्म पिता स्व.कृष्णनारायण सुवाल र माता विष्णु सुवालको कोखबाट २०३४ मंसिर ९ गते चोछेँको एक किसान परिवारमा भएको हो। उहाँका श्रीमती सन्ध्या बाँनिया सुवाल र छोरा समिर सुवाल हुनुहुन्छ। परिवारका कान्छो छोरा सुवालका एक दाजु र तीन दिदीहरू हुनुहुन्छ। दाजु र दिदीहरूको विवाह भइसकेको छ।

हरिराम सुवालले कानुन, शिक्षा, राजनीतिशास्त्र र इतिहास विषयमा उच्च शिक्षा हासिल गर्नुभएको छ। कानुनमा बी.एल, शिक्षा शास्त्रमा बी.एड, राजनीति शास्त्र र इतिहासमा स्नातकोत्तर गरिसक्नु भएको छ भने त्रिभुवन विश्वविद्यालयबाट मानविकी संकाय अन्तर्गत 'भक्तपुर नगरका ज्यापू जातिका नेवार समुदायको ऐतिहासिक अध्ययन' शीर्षकमा विद्यावारीधी (पीएचडी) गरिरहनु भएको छ।

पेशाले वहाँ शिक्षक हुनुहुन्छ। वहाँ कानुन अध्ययन समाज नेपालका सदस्य हुनुहुन्छ।

पार्टीको कामको सिलसिला र अध्ययन भ्रमणको क्रममा वहाँले नेपालको तराई र पहाडका विभिन्न जिल्लाहरूको भ्रमण गरिसक्नु भएको छ। छिमेकी देश भारत र चीनको पनि वहाँले भ्रमण गर्नुभएको छ।

हरिराम सुवाल विद्यार्थी जीवनमै राजनीतिमा लाग्नुभयो। २०५१ सालमा नेपाल क्रान्तिकारी विद्यार्थी संघमा प्रवेश गर्नुभयो र भक्तपुर जिल्ला समितिका विभिन्न पदको जिम्मेवारी निर्वाह गर्नुभयो। वहाँले काठमाडौं जिल्ला क्याम्पस समन्वय समितिको अध्यक्ष, २०५४ सालमा नेपाल ल क्याम्पसको नेक्राविसं एकाई समितिको अध्यक्षको जिम्मेवारी पूरा गर्नुभएको छ। २०५५ सालमा भएको स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा नेपाल ल क्याम्पसमा वहाँ सहसचिव पदको उम्मेदवार हुनुभएको थियो।

वहाँले २०६१ सालमा नेपाल क्रान्तिकारी युवा संघको भक्तपुर जिल्ला समितिमा बसेर काम गर्नुभयो भने २०६४ सालमा नेपाल क्रान्तिकारी किसान संघको सहसचिव हुनुभयो। हाल वहाँ नेक्राकिसंघको केन्द्रीय कोषाध्यक्ष हुनुहुन्छ। वहाँले पार्टीको स्थानीय ६ वडा समन्वय समितिको सचिव पदको जिम्मेवारी पनि निर्वाह गरिरहनु भएको छ।

पार्टीको आह्वानमा भएका विभिन्न संघर्ष र आन्दोलनहरूमा हरिराम सुवालको सक्रियता र सहभागिता रहँदै आएको छ। यसक्रममा पार्टीले दिएको जिम्मेवारीलाई वहाँले पुरा गर्दै आउनु भएको छ। २०६२/०६३ को आन्दोलनको क्रममा वहाँ हिरासतमा पर्नुभएको थियो।

स्थानीय जनताका कानुनी र अन्य समस्या समाधानमा सहयोग पुऱ्याउँदै आउनु भएका हरिराम सुवाल लसकुस साकोसका अध्यक्ष पनि हुनुहुन्छ।

गएको ७२ सालको महाभूकम्पको बेला वहाँ पार्टीको प्रतिनिधिको रूपमा स्थानीय दलीय सयन्त्रमा बसेर सक्रिय रहनुभयो। त्यसक्रममा भग्नावशेष हटाउने समितिमा क्रियाशील हुनुका साथै राहत वितरणमा सक्रिय रहनुभयो।

विद्यार्थी जीवनदेखि राजनीतिमा क्रियाशील हरिराम सुवाललाई पार्टीले वहाँलाई गएको वैशाख ३१ गतेको चुनावमा भक्तपुर नगरपालिकाको वडा नं. ६ को वडाध्यक्षको उम्मेदवार बनायो। सम्पन्न स्थानीय चुनावमा वहाँ २५०१ मत पाएर विजयी हुनुभयो भने निकटतम प्रतिद्वन्द्वीको ५०८ मत थियो।

---

**'भक्तपुर' मासिकलाई**

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

रचना पठाउने ठेगाना :

- कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)
- email - bhaktapurmasik@gmail.com

---

# सूर्यविनायक नगरपालिकाको मत विवरण




**नगरपालिकाको नामः** सूर्यविनायक नगरपालिका

**सामावेश भएका साविक नपाहरुः** सूर्यविनायक र अनन्तलिङ्गेश्वर न.पा.

**जनसङ्ख्याः** ७८४९०

**क्षेत्रफलः** ४२.४५ वर्ग कि.मी.

**केन्द्रः** साविक सूर्यविनायक नगरपालिका कार्यालय

**वडा सङ्ख्याः** १०

**सिमानाः**

**पूर्वः** काभ्रेपलाञ्चोक जिल्ला

**पश्चिमः** मध्यपुर थिमी न.पा. र ललितपुर

**उत्तरः** मध्यपुर थिमी, भक्तपुर र चाँगुनारायण न.पा.

**दक्षिणः** ललितपुर र काभ्रेपलाञ्चोक जिल्ला

**वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक नपाहरू | साविक वडा नं. |
|---|---|---|
| १ | अनन्तलिङ्गेश्वर | ६–९ |
| २ | अनन्तलिङ्गेश्वर | १–३ |
| ३ | अनन्तलिङ्गेश्वर | ४,५ |
| ४ | अनन्तलिङ्गेश्वर | १०–१२ |
| ५ | सूर्यविनायक | १–४ |
| ६ | सूर्यविनायक | ५ |
| ७ | सूर्यविनायक | १३–१५ |
| ८ | सूर्यविनायक | ६–८ |
| ९ | सूर्यविनायक | ९–११ |
| १० | सूर्यविनायक | १२–१४ |

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

व्यासी, भक्तपुर-२

## घरजग्गा कर तथा नक्सा पास दस्तुरमा छुट सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

आ.व. २०७३।०७४ देखि घरजग्गा करको रकम वृद्धि भई कर तिर्न समस्या परेको भनी नगरवासीहरूबाट पटक पटक व्यक्त भएको गुनासो समेतलाई मध्यनजर गरी भक्तपुर नगरभित्रका सबै घरधनी नगरवासीहरूलाई घरजग्गा करको दायरामा ल्याई नगरको सरसफाइ तथा विकास निर्माणमा योगदान पुऱ्याउन यस भक्तपुर नगरपालिकाको प्रथम नगर सभाबाट यसै आ.व.२०७४।०७५ देखि लागू हुने गरी प्रत्येक आ.व.को घरजग्गा कर सोही आ.व. मा बुझाउनेको हकमा लाग्ने करको **५० प्रतिशत छुट** दिने निर्णय भएकोले हरेक वर्षको घरजग्गा कर सोही वर्षमा बुझाई छुटको सुविधा उपयोग गर्न नगरवासीहरूमा नगरपालिका पुन:अनुरोध गर्दछ ।

साथै भूकम्प पीडितको घर नक्सापासमा सम्बन्धित कित्तामा घर बनाउँदा मात्र दिइएको छुट सुविधामा सम्बन्धित कित्ताका धनीहरू भिन्न भई नगरका अरु स्थानमा छुट्टाछुट्टै घर बनाएको हकमा समेत साविक क्षेत्रफलका आधारमा एकपटकको लागि उल्लेखित **नक्सा पास दस्तुरमा छुट** दिने निर्णय भएको व्यहोरा समेत सम्बन्धित नगरवासीहरूको जानकारीको लागि पुनः अनुरोध गरिएको छ ।

पुनश्चः उल्लेखित घरजग्गा करको छुट सुविधा घर र जग्गाको सरकारी मूल्याङ्कनको जोडबाट आउने कूल मूल्यमा ४ करोडसम्म मूल्य भएका घरधनीलाई मात्र प्रदान गरिएको साथै हरेक आर्थिक वर्षको कर सोही वर्ष नबुझाए छुट सुविधासमेत प्राप्त नहुने अझ थप १०% हर्जानासमेत लाग्ने भएकोले प्रत्येक वर्षको घर जग्गा कर आ–आफ्नो वडा कार्यालयमा सम्पर्क गरी बुझाउन हुन अनुरोध गरिन्छ ।

## स्थानीय तह निर्वाचन २०७४

## सुर्यविनायक नगरपालिकाको मत परिणाम

| क्र.सं. | नाम | लिंग | वर्ष | दल | प्राप्त मत | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख** | | | | | | | |
| १ | बासु देव थापा | पुरुष | ५३ | एमाले | १२१३५ | १ | निर्वाचित |
| २ | बिष्णु राज कार्की | पुरुष | ४५ | नेकाँ | १०१६५ | २ | |
| ३ | मनशोभा सुवाल | महिला | ४१ | नेमकिपा | २२८० | ३ | |
| ४ | प्रबिन शर्मा ढुङ्गेल | पुरुष | ४३ | राप्रपा | २१६९ | ४ | |
| ५ | सानु काजी छुँ श्रेष्ठ | पुरुष | ५१ | स्वतन्त्र | १८ | १० | |
| ६ | ज्ञानी राम च्वामु श्रेष्ठ | पुरुष | ४२ | माले | १०४ | ६ | |
| ७ | नारायण कृष्ण थापा | पुरुष | ६३ | नयाँ शक्ति | ९८ | ७ | |
| ८ | दिल बहादुर तामाङ्ग | पुरुष | ३८ | जनमुक्ति | ८५ | ८ | |
| ९ | रमेश वन्जाडे | पुरुष | ३९ | राजमो | ४२ | ९ | |
| १० | जीवन तज | पुरुष | ४२ | माओवादी केन्द्र | १३८४ | ५ | |
| **उपप्रमुख** | | | | | | | |
| १ | जुना वस्नेत | महिला | ४३ | एमाले | १२८३२ | १ | निर्वाचित |
| २ | कल्पना राजथला | महिला | ५४ | नेकाँ | ८९०७ | २ | |
| ३ | महेन्द्र बखुन्छे | पुरुष | ४३ | नेमकिपा | २६०७ | ३ | |
| ४ | दिना लामा | महिला | ४८ | संघीय | ९१ | ७ | |
| ५ | पूण्यवती चौलागाई | महिला | ६४ | माओवादी केन्द्र | १३८६ | ५ | |
| ६ | विणा श्रेष्ठ | महिला | ४६ | माले | ९९ | ६ | |
| ७ | जयन्ती बुढाथोकी | महिला | ४० | राप्रपा | २२७४ | ४ | |
| **वडानं १** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | भुपेन्द्र राज राउत | पुरुष | ५० | राप्रपा | ८४७ | २ | |
| २ | सानु काजी कायष्ठ | पुरुष | ४८ | एमाले | १६४७ | १ | निर्वाचित |
| ३ | कान्छा राजथला | पुरुष | ३९ | नयाँ शक्ति | १८ | ६ | |
| ४ | मनोज कुमार कार्की | पुरुष | ३६ | नेकाँ | ८४६ | ३ | |
| ५ | सुदर्शन बुढाथोकी | पुरुष | ४५ | माओवादी केन्द्र | १५३ | ४ | |
| ६ | नविन राजथला | पुरुष | ४३ | नेमकिपा | १०१ | ५ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | सजना थापा मगर | महिला | ३० | माओवादी केन्द्र | १३२ | ५ | |
| २ | अम्विका न्यौपाने | महिला | ४८ | एमाले | १६७० | १ | निर्वाचित |
| ३ | ठुली मैया थापा मगर | महिला | ५२ | नेमकिपा | १५६ | ४ | |
| ४ | पुर्ण लक्ष्मी श्रेष्ठ | महिला | ४६ | राप्रपा | ७५८ | ३ | |
| ५ | अनिता भट्राई (न्यौपाने) | महिला | ४४ | नेकाँ | ७९३ | २ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | सिता नेपाली | महिला | ३२ | राप्रपा | ७२५ | ३ | |
| २ | कल्पना नेपाली | महिला | ३८ | एमाले | १५९८ | १ | निर्वाचित |
| ३ | कमला नेपाली | महिला | ४६ | नेमकिपा | २१३ | ४ | |
| ४ | ईन्द्र माया नेपाली | महिला | ५९ | नेकाँ | ७९३ | २ | |
| **सदस्य** | | | | | | | |
| १ | राजा राम थापा | पुरुष | ३८ | नेकाँ | ७४० | ५ | |
| २ | दिपक कुमार न्यौपाने | पुरुष | ४६ | राप्रपा | ७६१ | ४ | |
| ३ | शेखर थापा | पुरुष | २५ | राप्रपा | १०१५ | ३ | |
| ४ | प्रदिप कार्की | पुरुष | ३८ | एमाले | १२७३ | २ | निर्वाचित |
| ५ | कान्छा खड्गी | पुरुष | ४१ | नेमकिपा | १६६ | ९ | |
| ६ | इन्द्र मानन्धर | पुरुष | ४२ | नेमकिपा | १५६ | १० | |
| ७ | रुपेश कायस्थ | पुरुष | ३७ | माओवादी केन्द्र | २४० | ७ | |
| ८ | अष्ट लाल मानन्धर | पुरुष | ५२ | नेकाँ | ६८१ | ६ | |
| ९ | बाबु काजी श्रेष्ठ | पुरुष | ४६ | एमाले | १३१२ | १ | निर्वाचित |
| १० | रिया थेउला | महिला | ३१ | नयाँ शक्ति | १८ | १२ | |
| ११ | दिनेश कायस्थ | पुरुष | २७ | नयाँ शक्ति | २२ | ११ | |
| १२ | सहदेव न्यौपाने | पुरुष | ४६ | माओवादी केन्द्र | २१२ | ८ | |
| ३ | कमल नाथ आचार्य | पुरुष | ६७ | नेकाँ | १३८५ | १ | निर्वाचित |
| ४ | रवि श्रेष्ठ | पुरुष | ४० | एमाले | १३६८ | २ | |
| ५ | कृष्ण सिलवाल | पुरुष | ५७ | राप्रपा | ९४ | ३ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | लक्ष्मी देवी श्रेष्ठ | महिला | ५१ | नेमकिपा | ३५ | ५ | |
| २ | निराला कार्की | महिला | ३१ | माओवादी केन्द्र | ७४ | ३ | |
| ३ | हिरा माया शेर्पिनी | महिला | ५० | एमाले | १३६२ | २ | |
| ४ | कान्छी माया श्रेष्ठ | महिला | ३३ | नेकाँ | १३९४ | १ | निर्वाचित |
| ५ | बिनिता सिलवाल | महिला | ५५ | राप्रपा | ७२ | ४ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | मुना परियार | महिला | ५३ | नेकाँ | १३८६ | १ | निर्वाचित |
| २ | सजिता तिखत्री | महिला | ३८ | एमाले | १२९६ | २ | |
| ३ | डिल्लु परियार | महिला | ४४ | माओवादी केन्द्र | ११७ | ३ | |
| **सदस्य** | | | | | | | |
| १ | केशब कुमार बस्नेत | पुरुष | ३९ | राप्रपा | १३० | ५ | |
| २ | वेद प्रसाद हुमागाई | पुरुष | ५५ | माओवादी केन्द्र | १०० | ६ | |
| ३ | श्याम लाल श्रेष्ठ | पुरुष | ४० | माओवादी केन्द्र | ९३ | ७ | |
| ४ | बद्री बहादुर छुस्या श्रेष्ठ | पुरुष | ४९ | नेमकिपा | ६६ | ८ | |
| ५ | राज कुमार विष्ट | पुरुष | ६५ | राप्रपा | ६४ | ९ | |
| ६ | हेम राज रानाभाट | पुरुष | ४१ | नेकाँ | १३०८ | ३ | |
| ७ | चन्द्र कृष्ण श्रेष्ठ | पुरुष | ४४ | एमाले | १२२३ | ४ | |
| ८ | विश्व राज विष्ट | पुरुष | ५२ | एमाले | १३१७ | २ | निर्वाचित |
| ९ | सुवास कुमार कार्की | पुरुष | ३५ | नेकाँ | १३२९ | १ | निर्वाचित |
| **वडानं ३** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | भिष्म नाथ पराजुली | पुरुष | ४५ | माओवादी केन्द्र | १२० | ३ | |
| २ | सुरेन्द्र रजौरा | पुरुष | ३२ | राप्रपा | ७८ | ४ | |
| ३ | भक्त कृष्ण च्वामु श्रेष्ठ | पुरुष | ३७ | माले | २० | ५ | |
| ४ | शिव शरण खत्री | पुरुष | ५१ | नेकाँ | ११२४ | १ | निर्वाचित |
| ५ | राज कुमार सिल्वाल खत्री | पुरुष | ४४ | एमाले | ७०२ | २ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | सरस्वती घिमिरे | महिला | ५० | एमाले | ७२७ | २ | |
| २ | मिना कुमारी कार्की | महिला | ४१ | माओवादी केन्द्र | ११० | ३ | |
| ३ | निर्मला अमात्य | महिला | ३५ | माले | २५ | ५ | |
| ४ | बिनिता थापामगर | महिला | २४ | राप्रपा | ९१ | ४ | |
| ५ | अम्बिका राउत | महिला | ४६ | नेकाँ | १०७१ | १ | निर्वाचित |
| **सदस्य** | | | | | | | |
| १ | दिपेन्द्र राम रजौरा | पुरुष | ४५ | राप्रपा | १४४ | ५ | |
| २ | अनुप थापा मगर | पुरुष | २५ | राप्रपा | १२५ | ६ | |
| ३ | श्याम कुमार आचार्य | पुरुष | ५५ | माओवादी केन्द्र | ५८ | ७ | |
| ४ | सुवास खत्री | पुरुष | २६ | एमाले | ६१३ | ४ | |
| ५ | शान्ति राम ओली | पुरुष | ५० | एमाले | ६७६ | ३ | |
| ६ | प्रभु भक्त माडी श्रेष्ठ | पुरुष | ३५ | नेकाँ | १०७१ | २ | निर्वाचित |
| ७ | घनश्याम भट्टराई | पुरुष | ७४ | नेकाँ | ११७७ | १ | निर्वाचित |
| **वडानं ४** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | कृष्ण हरि खड्का | पुरुष | ४७ | राप्रपा | ४९० | ३ | |
| २ | जुजु भाइ राजथला | पुरुष | ५० | माओवादी केन्द्र | १०८ | ४ | |
| ३ | दिपेन्द्र राजथला | पुरुष | ४४ | स्वतन्त्र | ९१ | ५ | |
| ४ | अरुण खड्का | पुरुष | ५६ | स्वतन्त्र | ७५ | ६ | |
| ५ | उत्तम थापा | पुरुष | ४८ | एमाले | १४४३ | १ | निर्वाचित |
| ६ | दिपेश न्यौपाने | पुरुष | २८ | नयाँ शक्ति | १२ | ८ | |
| ७ | लिला बहादुर पाक श्रेष्ठ | पुरुष | ४० | माले | ४ | ९ | |
| ८ | देबी प्रसाद न्यौपाने | पुरुष | ६० | नेकाँ | १०४४ | २ | |
| ९ | दिनेश प्रजापती | पुरुष | ४७ | नेमकिपा | ३९ | ७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **महिला सदस्य** | | | | | | | |
| १ | तारा खतिवडा (सापकोटा) | महिला | ४३ | एमाले | १६३३ | १ | निर्वाचित |
| २ | सानु मैयाँ राजथला | महिला | ५० | नेकाँ | १०६८ | २ | |
| ३ | मिना खड्का | महिला | ३९ | राप्रपा | ४२७ | ३ | |
| ४ | मोहिनी घिमिरे (पौडेल) | महिला | ४८ | स्वतन्त्र | १०४ | ४ | |
| ५ | सुनेश्वरी राजथला | महिला | ४० | नेमकिपा | ५० | ५ | |
| ६ | मेनुका न्यौपाने | महिला | ३४ | नयाँ शक्ति | १० | ६ | |
| ७ | भगवती सीवाकोटी (खरेल) | महिला | ४३ | स्वतन्त्र | ० | ७ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | पम्फा परियार | महिला | ४४ | एमाले | १७११ | १ | निर्वाचित |
| २ | भगवती परियार | महिला | ६३ | राप्रपा | ३६३ | ३ | |
| ३ | राम शोभा परियार | महिला | ४८ | नेकाँ | १०१० | २ | |
| **सदस्य** | | | | | | | |
| १ | देव लाल राजठेउला | पुरुष | ६२ | एमाले | १६२० | १ | निर्वाचित |
| २ | महेश कुमार श्रेष्ठ | पुरुष | ४० | नेमकिपा | ७६ | ९ | |
| ३ | नारायण प्रसाद राजथला | पुरुष | ४५ | माओवादी केन्द्र | ७५ | १० | |
| ४ | राज कुमार राजथला | पुरुष | ४९ | माओवादी केन्द्र | ७१ | ११ | |
| ५ | वल्देव राजथला | पुरुष | ५३ | नेमकिपा | ४६ | १२ | |
| ६ | कृष्ण सुन्दर श्रेष्ठ | पुरुष | ३४ | नयाँ शक्ति | १७ | १३ | |
| ७ | नव राज थापा | पुरुष | ४८ | माले | १० | १४ | |
| ८ | श्याम बहादुर के.सी. | पुरुष | ६७ | नेकाँ | ११५० | ३ | |
| ९ | उमेश खड्का | पुरुष | ४७ | नेकाँ | १०९७ | ४ | |
| १० | निरन्जन राजथला | पुरुष | ३७ | राप्रपा | ३७६ | ५ | |
| ११ | रुद्र बहादुर निरौला | पुरुष | ६४ | राप्रपा | ३४३ | ६ | |
| १२ | राजु लुबन्जार श्रेष्ठ | पुरुष | २९ | एमाले | १४४३ | २ | निर्वाचित |
| १३ | सानु कान्छा राजथला | पुरुष | ४९ | स्वतन्त्र | ७७ | ८ | |
| १४ | शंकर राजथला | पुरुष | ४३ | स्वतन्त्र | ८३ | ७ | |
| **वडानं ५** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | श्याम बहादुर पाण्डे | पुरुष | ४९ | नयाँ शक्ति | १५ | ६ | |
| २ | राजा राम विसुंके | पुरुष | ३६ | माओवादी केन्द्र | १९० | ५ | |
| ३ | बिकेश ढुङ्गेल | पुरुष | २७ | राप्रपा | ५२६ | ४ | |
| ४ | नारायण भक्त सायजु | पुरुष | ४४ | नेमकिपा | ७९१ | ३ | |
| ५ | बाल कृष्ण थापा | पुरुष | ५४ | नेकाँ | ७९७ | २ | |
| ६ | राज कुमार जोशी | पुरुष | ४७ | एमाले | १४८० | १ | निर्वाचित |
| **महिला सदस्य** | | | | | | | |
| १ | कल्पना पौडेल | महिला | ४१ | नेकाँ | ९४२ | २ | |
| २ | कमला पोखरेल | महिला | ३४ | एमाले | १४४३ | १ | निर्वाचित |
| ३ | यगेश कुमारी कर्माचार्य | महिला | ४८ | नेमकिपा | ७४२ | ३ | |
| ४ | सुमित्रा भण्डारी | महिला | ३७ | राप्रपा | ३७६ | ४ | |
| ५ | केशर कुमारी दाहाल | महिला | ४२ | माओवादी केन्द्र | २०२ | ५ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | गंगा कार्की परियार | महिला | ३२ | माओवादी केन्द्र | २१० | ४ | |
| २ | गिता विसुंके (पुर्कुटी) | महिला | ३२ | एमाले | १४५१ | १ | निर्वाचित |
| ३ | सुनिता परियार | महिला | २५ | नेकाँ | १०४८ | २ | |
| ४ | सरस्वती सुर्खेती(नेपाली बिसु | महिला | ३० | नेमकिपा | ६९७ | ३ | |
| **सदस्य** | | | | | | | |
| १ | नरेन्द्र राज थापा | पुरुष | ४८ | माओवादी केन्द्र | २८० | १० | |
| २ | टीका राम आचाजु | पुरुष | ३७ | माओवादी केन्द्र | ३१३ | ९ | |
| ३ | मुकुन्द प्रसाद लुइँटेल | पुरुष | ७३ | राप्रपा | ३५२ | ८ | |
| ४ | संजय कोजु | पुरुष | ३० | राप्रपा | ४८७ | ७ | |
| ५ | श्यामु विसुंके | पुरुष | ४७ | नेमकिपा | ६०८ | ६ | |
| ६ | शिबु राज ढुङ्गेल | पुरुष | ४९ | नेकाँ | ९३८ | ४ | |
| ७ | रमेश बखुन्छे | पुरुष | ४४ | नेमकिपा | ६७१ | ५ | |
| ८ | राजेश तज | पुरुष | ३० | नेकाँ | ९८१ | ३ | |
| ९ | मनोज थापा | पुरुष | ४६ | एमाले | १३१६ | २ | निर्वाचित |
| १० | वासुदेव पोखरेल | पुरुष | ५३ | एमाले | १३३२ | १ | निर्वाचित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडानं ६** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | कृष्ण गोपाल त्वायना | पुरुष | ६३ | एमाले | २३४ | २ | |
| २ | राम सुन्दर सुवाल | पुरुष | ४५ | माओवादी केन्द्र | २०५ | ३ | |
| ३ | तुल्सी कुमार त्वायना | पुरुष | ४१ | नेमकिपा | १८८ | ४ | |
| ४ | विष्णु प्रसाद राजथला | पुरुष | ४६ | राप्रपा | ४३ | ५ | |
| ५ | दया राम गिरी | पुरुष | ५२ | स्वतन्त्र | ३० | ६ | |
| ६ | रामेश्वर ध्वजु | पुरुष | ४७ | नेकाँ | ५०२ | १ | निर्वाचित |
| **महिला सदस्य** | | | | | | | |
| १ | दिपेन्द्र कला गुरागांइ | महिला | ५९ | एमाले | ३१६ | २ | |
| २ | रमा गौतम | महिला | ४९ | नेकाँ | ५०४ | १ | निर्वाचित |
| ३ | शशीकला दोङ लामा | महिला | ३६ | माओवादी केन्द्र | १७२ | ३ | |
| ४ | बेखा माया राजथला | महिला | ४३ | राप्रपा | ३२ | ५ | |
| ५ | पार्वती कोसी | महिला | ५४ | नेमकिपा | १४४ | ४ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | सरला विश्वकर्मा | महिला | ४६ | नेकाँ | ४९५ | १ | निर्वाचित |
| २ | गीता परियार | महिला | ४७ | एमाले | ३७६ | २ | |
| **सदस्य** | | | | | | | |
| १ | राजेन्द्र त्वाटी | पुरुष | ३४ | नेकाँ | ४५३ | १ | निर्वाचित |
| २ | तुल्सी राम पञ्च | पुरुष | ३७ | राप्रपा | ४५ | १० | |
| ३ | शान्ती प्रसाद शर्मा | पुरुष | ४० | नेमकिपा | १४२ | ७ | |
| ४ | पुण्य राम मकजु | पुरुष | ५९ | माओवादी केन्द्र | १३५ | ८ | |
| ५ | लक्ष्मी नारायण शिल्पकार | पुरुष | ५६ | नेमकिपा | १४८ | ५ | |
| ६ | नारायण प्रशाद बके | पुरुष | ४० | माओवादी केन्द्र | १४४ | ६ | |
| ७ | सुधाम के.सी. | पुरुष | ४१ | एमाले | ४४२ | २ | निर्वाचित |
| ८ | सत्य नारायण धोजु | पुरुष | ४५ | नेकाँ | ३७४ | ३ | |
| ९ | कृष्ण प्रसाद बजगाई | पुरुष | ४६ | एमाले | ३०२ | ४ | |
| १० | समीर देउजा | पुरुष | २५ | राप्रपा | ५८ | ९ | |
| **वडानं ७** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | कृष्ण भक्त खत्री | पुरुष | ४९ | नेकाँ | ७१३ | २ | |
| २ | यज्ञ बहादुर कार्की क्षेत्री | पुरुष | ६३ | नयाँ शक्ति | १४ | ७ | |
| ३ | हिमाञ्चल कार्की | पुरुष | ३७ | माले | १७ | ६ | |
| ४ | बासुदेव न्यौपाने | पुरुष | ४५ | माओवादी केन्द्र | ३८ | ५ | |
| ५ | श्याम कृष्ण खुलिमुली | पुरुष | ३५ | नेमकिपा | ३९५ | ४ | |
| ६ | धर्म राज थापा | पुरुष | ५१ | राप्रपा | ४४७ | ३ | |
| ७ | रविन्द्र सापकोटा | पुरुष | ३८ | एमाले | १४१६ | १ | निर्वाचित |
| **महिला सदस्य** | | | | | | | |
| १ | सरीता कुँवर | महिला | ५३ | एमाले | १५३७ | १ | निर्वाचित |
| २ | गिता वोयजू | महिला | ३५ | नेकाँ | ६४९ | २ | |
| ३ | गणेश कुमारी श्रेष्ठ माकजु | महिला | ४७ | नेमकिपा | ३५३ | ४ | |
| ४ | शोभा थापा | महिला | २९ | राप्रपा | ४०६ | ३ | |
| ५ | सानु मैया खाती | महिला | ४३ | माले | १६ | ५ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | यसोदा परियार | महिला | ३८ | माले | १८ | ५ | |
| २ | लक्ष्मी परियार | महिला | २७ | एमाले | १४८९ | १ | निर्वाचित |
| ३ | सुनिता कर्णवेरी | महिला | ३४ | नेकाँ | ७०० | २ | |
| ४ | उषा परियार | महिला | २७ | राप्रपा | ३९७ | ३ | |
| ५ | सन्ध्या परियार | महिला | २४ | नेमकिपा | ३५५ | ४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सदस्य** | | | | | | | |
| १ | दिपक नगरकोटी | पुरुष | ४१ | नेकाँ | ६७२ | ३ | |
| २ | बाबु कृष्ण खड्का | पुरुष | ३५ | नेकाँ | ६१५ | ४ | |
| ३ | सुरेश लामा | पुरुष | २८ | राप्रपा | ४३६ | ५ | |
| ४ | राज कुमार फाँजु | पुरुष | ४० | राप्रपा | ४२४ | ६ | |
| ५ | श्री राम तामाङ्ग | पुरुष | ४७ | नेमकिपा | ३५६ | ७ | |
| ६ | बल राम खत्री | पुरुष | ५६ | नेमकिपा | ३५४ | ८ | |
| ७ | संजय कार्कि | पुरुष | ४८ | माओवादी केन्द्र | १४० | ९ | |
| ८ | जय राम नगरकोटी | पुरुष | ४९ | माओवादी केन्द्र | ५९ | १० | |
| ९ | शेर बहादुर तामाङ | पुरुष | ४३ | नयाँ शक्ति | ६ | ११ | |
| १० | अर्जुन खतिवडा | पुरुष | ४७ | एमाले | १४३३ | १ | निर्वाचित |
| ११ | कृष्ण जीत माकजु | पुरुष | ४८ | एमाले | १३४४ | २ | निर्वाचित |
| **वडानं ८** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | सुरेन्द्र लामा | पुरुष | ३६ | नयाँ शक्ति | १५ | ७ | |
| २ | नरेश तामाङ्ग | पुरुष | ३३ | जनमुक्ति | ३७ | ६ | |
| ३ | नारायण थापा | पुरुष | ४६ | राप्रपा | १२२ | ५ | |
| ४ | सानु कान्छा आले मगर | पुरुष | ५१ | माओवादी केन्द्र | १७७ | ४ | |
| ५ | रामेश्वर बोहरा | पुरुष | ५१ | नेमकिपा | ३८० | ३ | |
| ६ | बिनोद भट्टराई | पुरुष | ४२ | नेकाँ | ६९१ | २ | |
| ७ | किरण थापामगर | पुरुष | ४१ | एमाले | १५४७ | १ | निर्वाचित |
| **महिला सदस्य** | | | | | | | |
| १ | तारा बस्नेत (खड्का) | महिला | ४३ | एमाले | १४३९ | १ | निर्वाचित |
| २ | सिमा तामाङ | महिला | २३ | नयाँ शक्ति | १२ | ७ | |
| ३ | अनिता तामाङ्ग | महिला | ३४ | जनमुक्ति | २० | ६ | |
| ४ | पद्य सुमना शाक्य | महिला | ३२ | माओवादी केन्द्र | १६२ | ५ | |
| ५ | रमा थापा | महिला | ३८ | राप्रपा | २०९ | ४ | |
| ६ | रोमा तामाङ्ग | महिला | २४ | नेमकिपा | ४२७ | ३ | |
| ७ | इन्दिरा उपाध्याय | महिला | ४८ | नेकाँ | ६४१ | २ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | शोभा नेपाली (परियार) | महिला | ३८ | माओवादी केन्द्र | १५३ | ५ | |
| २ | सम्झना मिजार | महिला | ३१ | नेमकिपा | ४११ | ३ | |
| ३ | शान्ता विश्वकर्मा | महिला | ४१ | एमाले | १४५९ | १ | निर्वाचित |
| ४ | नानु नेपाली | महिला | ३८ | नेकाँ | ६७२ | २ | |
| ५ | पुतली मिजार | महिला | ३८ | राप्रपा | १७३ | ४ | |
| **सदस्य** | | | | | | | |
| १ | धर्म राज बस्नेत | पुरुष | ४८ | एमाले | १३२८ | २ | निर्वाचित |
| २ | नवराज भट्टराई | पुरुष | २८ | स्वतन्त्र | ० | १५ | |
| ३ | बोज बहादुर थापा | पुरुष | ३६ | नेकाँ | ६३० | ३ | |
| ४ | राजा राम ख्याजु | पुरुष | ३८ | नेकाँ | ५१५ | ४ | |
| ५ | हरि प्रसाद सुवाल | पुरुष | ४५ | नेमकिपा | ४६५ | ५ | |
| ६ | राजेन्द्र कुमार मिश्र | पुरुष | ३६ | राप्रपा | ४४१ | ६ | |
| ७ | साँइला मचामसि | पुरुष | ५९ | नेमकिपा | ३९५ | ७ | |
| ८ | देव कुमार आले मगर | पुरुष | ३७ | राप्रपा | १८४ | ८ | |
| ९ | भरत सुवेदी | पुरुष | ४८ | माओवादी केन्द्र | १५४ | ९ | |
| १० | सरोज कुमार तामाङ्ग | पुरुष | ३८ | माओवादी केन्द्र | १४३ | १० | |
| ११ | श्री कृण्ण बहादुर खत्री | पुरुष | ५४ | जनमुक्ति | २९ | ११ | |
| १२ | धन बहादुर तामाङ्ग | पुरुष | ३४ | जनमुक्ति | १९ | १२ | |
| १३ | राजु आले मगर | पुरुष | ४३ | नयाँ शक्ति | १४ | १३ | |
| १४ | राज कुमार लोहला | पुरुष | ३७ | स्वतन्त्र | ९ | १४ | |
| १५ | अजय बहादुर तामाङ्ग | पुरुष | ४९ | एमाले | १४०४ | १ | निर्वाचित |
| **वडानं ९** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | प्रेम बहादुर तामाङ्ग | पुरुष | ४९ | नेमकिपा | २९२ | ३ | |
| २ | माधब खत्री | पुरुष | ५४ | नेकाँ | ६७३ | २ | |
| ३ | उपेन्द्र राज के सी | पुरुष | ५० | एमाले | १२५८ | १ | निर्वाचित |
| ४ | गोकुल खत्री | पुरुष | ६३ | नयाँ शक्ति | ३८ | ६ | |
| ५ | नकुल राना (मगर) | पुरुष | ४७ | माओवादी केन्द्र | २४७ | ४ | |
| ६ | मुकुन्द भण्डारी | पुरुष | ३५ | राप्रपा | १४७ | ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **महिला सदस्य** | | | | | | | |
| १ | जुना राउट | महिला | ५५ | माओवादी केन्द्र | २१६ | ४ | |
| २ | तारा बस्नेत | महिला | ५१ | नयाँ शक्ति | ३१ | ५ | |
| ३ | जुनु माया तामाङ्ग | महिला | ५९ | एमाले | १३३८ | १ | निर्वाचित |
| ४ | आसा तामाङ्ग | महिला | २९ | नेमकिपा | २५९ | ३ | |
| ५ | पुष्पा राना मगर | महिला | २८ | नेकाँ | ५८५ | २ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | अनु बयलकोटी | महिला | २९ | एमाले | १३१४ | १ | निर्वाचित |
| २ | माया परियार | महिला | ४३ | राप्रपा | १९६ | ४ | |
| ३ | मैया बयलकोटी | महिला | ३० | नेमकिपा | २६५ | ३ | |
| ४ | राम कुमारी गुइदे | महिला | ५२ | नेकाँ | ५७३ | २ | |
| **सदस्य** | | | | | | | |
| १ | श्री राम ब्याञ्जु | पुरुष | ४४ | एमाले | १२६४ | २ | निर्वाचित |
| २ | विनय महत | पुरुष | ४६ | एमाले | १३११ | १ | निर्वाचित |
| ३ | राजेन्द्र खत्री | पुरुष | ५० | नेकाँ | ५६७ | ३ | |
| ४ | राम बहादुर तामाङ्ग | पुरुष | ५७ | राप्रपा | १७६ | १० | |
| ५ | शोभा कासुला | महिला | ३० | नेमकिपा | २१८ | ९ | |
| ६ | राम कृष्ण तामाङ्ग | पुरुष | ४० | माओवादी केन्द्र | २२७ | ८ | |
| ७ | जनक सुकुभटु | पुरुष | ३७ | नेमकिपा | २५६ | ७ | |
| ८ | बिष्णु बहादुर भण्डारी | पुरुष | ६३ | राप्रपा | २६९ | ६ | |
| ९ | दिपेन्द्र व्याञ्जु | पुरुष | ३९ | माओवादी केन्द्र | २८४ | ५ | |
| १० | गोपाल तामाङ्ग | पुरुष | ३१ | नेकाँ | ५४५ | ४ | |
| **वडानं १०** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | शिब राम राउत | पुरुष | ४२ | एमाले | १०२० | १ | निर्वाचित |
| २ | भगवान थापा | पुरुष | ५१ | राप्रपा | ६३५ | २ | |
| ३ | राजेश सिंह देउजा | पुरुष | ४५ | नेकाँ | ३९९ | ४ | |
| ४ | पाण्डब सुवाल | पुरुष | ४३ | नेमकिपा | ५०३ | ३ | |
| ५ | शनिस लागेजु | पुरुष | ४२ | माओवादी केन्द्र | २०७ | ५ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | गीता देउजा | महिला | ४८ | एमाले | ११९३ | १ | निर्वाचित |
| २ | कमला रानामगर | महिला | ३७ | नेमकिपा | ४७५ | २ | |
| ३ | प्राथना बस्नेत | महिला | ३६ | राप्रपा | ३०० | ५ | |
| ४ | पार्बती नगरकोटी | महिला | ३९ | माओवादी केन्द्र | ३०३ | ४ | |
| ५ | भगवती खड्का | महिला | ४५ | नेकाँ | ४११ | ३ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | शुभद्रा मिजार | महिला | ३७ | राप्रपा | २७८ | ४ | |
| २ | राधिका मिजार | महिला | ३७ | माओवादी केन्द्र | २३५ | ५ | |
| ३ | कमला बिाक | महिला | २६ | एमाले | ११७१ | १ | निर्वाचित |
| ४ | सावित्री परियार | महिला | ५३ | नेमकिपा | ४९६ | २ | |
| ५ | ललिता रम्तेल (मिजार) | महिला | ३४ | नेकाँ | ४४० | ३ | |
| **सदस्य** | | | | | | | |
| १ | शुभद्रा खत्री | महिला | ५५ | एमाले | १०४८ | १ | निर्वाचित |
| २ | शिब हरि कार्की | पुरुष | ४० | एमाले | १०४५ | २ | निर्वाचित |
| ३ | दिनेश बुढाथोकी | पुरुष | ४३ | माओवादी केन्द्र | २४६ | ९ | |
| ४ | राम गोपाल नगरकोटी | पुरुष | ३५ | राप्रपा | २६४ | ८ | |
| ५ | अभिमन्यु कार्की | पुरुष | ५१ | माओवादी केन्द्र | २२२ | १० | |
| ६ | पवित्री देउजा | महिला | ५२ | नेकाँ | ३२८ | ६ | |
| ७ | केदार कार्की | पुरुष | ४६ | नेकाँ | ४७० | ५ | |
| ८ | सुर्य भक्त त्वाती | पुरुष | ५२ | नेमकिपा | ५४१ | ४ | |
| ९ | श्री कृष्ण हरी खड्का | पुरुष | ५२ | नेमकिपा | ५७० | ३ | |
| १० | राजा फैजु | पुरुष | ५४ | राप्रपा | २९४ | ७ | |

श्रोत : निर्वाचन आयोग

# a'/fFofMPs dfl}ns gJf/L k/Dk/f



ओम धौभडेल

आफ्नै मौलिक भाषा, संस्कृति, साहित्य, रहनसहन एवं परम्पराले काठमाण्डौ उपत्यकालगायत वरपर बस्ने नेवारहरू अति नै धनी छन्। यस्तै एक मौलिक परम्परा बुराँज्या पनि हो। जुन मूलत कृषिसँग सम्वन्धित छ। खेतबाट अनेकौ वस्तु उत्पादन हुने भएता पनि धानलाई नै प्रमुख मान्यता दिने गर्छ। त्यसो त धान नेपालकै एक प्रमुख खाद्यान हो। त्यही भएर यहाँ धानलाई महत्त्वपूर्ण स्थान छ। एउटा सुअन्नको रूपमा लिएको छ। त्यसमध्ये पनि एकताकाको कान्तिपुर, ललितपुर, भक्तपुर र वरपरको ६४ शिवलिङ्गले घेरिएको नेपालमण्डल नै कृषिको लागि प्रख्यात रहेको सर्न्दभमा भक्तपुर त अन्नको भण्डार नै मानिन्छ। जसरी ललितपुर कलाकारिताको लागि प्रख्यातछ, कान्तिपुर ब्यापारको लागि प्रसिद्ध भए झैं भक्तपुर अन्नको लागि त्यतिक्कै प्रख्यात ठाउँ भएको इतिहास साक्षी छ। यसबाट भक्तपुर परापूर्वकालदेखि नै कृषिको लागि उर्वर भूमि रहँदै आएको पुष्टि हुन्छ। यहाँका किसानहरुले खेती गर्ने विशिष्ट आफ्नै शैली छ। धान काट्नु अगाडि ५–६ पटकसम्म धान गोड्ने गर्छ। धानका बालाहरू नढलोस् भनि धानका धेरै गाँजहरू मुठ्ठा मुठ्ठा पारी बाँध्थ्ये। आफ्नै घरमा बनाएको जैविक तथा प्राङ्गारिक मल हाल्थ्ये। आफ्नै सिप, प्रविधि एवम् पौरखले भक्तपुरको कृषि अव्वल दर्जामा दरिनपुग्यो।

यहाँ धानलाई महत्त्वपूर्ण अन्नको रूपमा लिएको सर्न्दभमा धान रोप्नेदेखि धान काटेर घर लैजानेसम्म हरेक कार्यमा समेत देवताको पूजाआजा गरी धार्मिक तथा सांस्कृतिक ढंगले लिएको हुन्छ। प्रत्येक वर्ष बिस्का जात्राको योसीं उठाउने दिन योसींद्य कुन दिशातिर ढल्केको हुन्छ, जायजा लिन योसींखेल पुगेको हुन्छ। नरिवल खसाल्ने दिनदेखि भोटो देखाउनेलगायत मच्छिन्द्रनाथको हरेक जात्रा हेर्न पाटन पुगेकै हुन्छ। खेतमा धानको बिउ राख्न विवाहित घरकी जेठी छोरीलाई बोलाई विधिपूर्वक दो सानेगु गर्छ। जसको लागि दिगुद्य:को प्रसाद तथा तापालाछीस्थित लश्कद्य:बाट ल्याएको शुध्द जल आवश्यक पर्छ। जब पानी पर्न शुरु हुन्छ। तब रोपाईको काम शुरु हुन्छ। रोपाईलाई यहाँ सिन्हाज्या:बाट चिनिन्छ। आफ्नै घरपरिवारको लाश छिर्डीमा राखी धान रोप्न जानु पर्ने भएर सिन्हाज्या:ले जानिन्छ। युवायुवती बीच प्रेमका गीत तथा विरहका गीतका साथ सिन्हाज्या: गर्ने परम्पराले यहाँका किसानहरूको कृषि गर्ने शैलीको उच्चतम अभ्यासको ऐना यहाँ देख्न सकिन्छ। यसपछि पनि खेतमा रहेको धानबालीको समय समयमा हेरचाह गरिरहन्छ। सिन्हाज्या:को क्रममा खेत खन्दा मृत्युवरण प्राप्त गरेका किराफट्यांग्राहरूको नाममा लत्या अर्थात ४५ दिनपछि पन्चा तानेगु गर्छ। धान रोप्नलाई त्वार्र त्वार्र कराई योगदान दिएका भ्यागुताहरूलाई जनै पूर्णिमाको दिन खेतमा भात खुवाउँछ। जसलाई ब्यां जा नकेग (भ्यागुतालाई भात ख्वाउने) भनिन्छ। मोहनी नखा (दशैं) को तांपूजा (नवमी) को दिन खेतबाट धानका बालाको कलात्मक आकृति बनाई ढुकुटीमा पूजा गर्ने चलन छ। यता स्वन्ति अर्थात तिहारमा लक्ष्मी पूजा गर्नलाई मिले नयाँ धान नै राखी पूजा गर्ने नभए धानका बाला भएपनि राखी पूजा गर्छन्। यहाँ जब धान काट्ने शुरु हुन्छ, सामाज्या: भनी बडो हर्षोल्लासका साथ धान भित्र्याउँछ। यसरी धान काट्ने क्रममा कसैकसैले हाकुवा राख्ने गर्छ। कालो धान अर्थात हाकुवा राख्ने एक मौलिक परंपरा नै बुराँज्या हो।

बुराँज्या के हो भन्नेबारे त्यति खोजविन भएको देखिंदैन। हाकुवा राख्नेलाई किन बुराँज्या भनियो यो पनि अध्ययनकै विषय बन्छ। बुराँज्या ठेट नेपालभाषाको शब्द हो। यहाँ बुँ भन्नाले खेत भन्ने स्पष्ट हुन्छ। यसमध्य बुराँज्या गर्दा गाईने एउटा गीत छ। जुन गीत पाटनको मच्छिन्द्रनाथको रथ जात्रासँग सम्वन्धित छ। मच्छिन्द्रनाथलाई नेपालभाषामा बुंगद्य भन्ने सर्न्दभमा बुराँज्या कतै मच्छिन्द्रनाथसँग त जोडिएको छैन, थप अनुसन्धानको खाँचो आवश्यक पर्न आउँछ। जुन गीत यसप्रकारको छ ,

करुणामय उनजा ह्याँउ, रथजा वाँउ रे ॥
लोकया भाव, धर्म कायाव
पूजा फयाव, बलि बियाव रे।
रथ दाङाव, शोभा याङाव
बिज्याव न्ह्योव, प्रभू जुयाव रे ॥१॥
तारिक माल, न्ह्यस अपाल

वसया सार, अन्नया भाव रे ।
नागया हाल, मनि अपाल
स्वयतुं माल वसया ख्वाल रे ॥२॥
स्वानया तन्त्र, सालया जन्त्र
कपुलि मन्त्र, मनया तन्त्र रे ।
वछम्हा दव, गतिजा दव
स्वर्गया मन्त्र, लक्षण लाक रे ॥३॥
हेलया गान, ज्वाजल्येमान ।
तकि यान, वसया स्वान रे ।
ख्वालया थेन, सुर्यया बान
लुँचा जोलन, वस तियान रे ॥४॥
ताः दहया नाग, रथय बिज्याक ।
वसया रूप, रथ नयक रे ।
रथया शोभा, नागया रूप
करुणामय यन, उद्दार याक रे ॥५॥
रथया चाक, घुसुँह न्ह्याक
साल बिज्याक, स्ववपीं ग्याक रे
स्वय मगाक मलस काक
भतिं मथाक, जीव तापाक रे ॥६॥
धृजया मान, वसके मन
गुगल ध्यान बसया चरन रे ।
ससांर थन वस छलन
भव चकेन लोकनाथ न रे ॥७॥
थजागु मंगल देवली पुखुली
जात्रा येलाया च्वने ब्वङास रे ।
द्यृष्टि खेलाव ख्वप देसे वाङा व
जात्रा याङा व, लिहाँ बिज्याव रे ॥८॥
राजा राजेन्द्र, उथि देवेन्द्र
वीर महिन्द्र, नाथ मच्छिन्द्र रे ।
श्री राजेश्वरी, जगदिश्वरी
कृपंजा थुलि जय इश्वरी रे ॥९॥

**नेपालीमा अनुवाद**

करुणामय देवता रातो, रथ हरियो
लोकको भावना आफूले लिएर ।
पूजा ग्रहण गरी बलि लिएर
रथ बनाएर, शोभायमान गरेर
बिराजमान होस प्रभू भएर ॥१॥
अग्लो शरीर, उच्च विचार
प्रभुको सार, अन्नको भाव ।
नागको शरीर, मणि अपार
हेरौं हेरौं लाग्छ प्रभुको मुहार रे ॥२॥
फूलको माला, वर्षको जन्त्र
शीरमा मन्त्र, मनमा तन्त्र ।
भए उनी एक, गतिलो भएर
स्वर्गया मन्त्र, लक्षणमा परोस् रे ॥३॥
हिराको गाउँ, ज्वाजल्यमान
तहतह गरी फूलले ढाकिएको ।
मुहारमै देखियो सूर्यको बाहन
सुनको जोडा, सुनकै पोशाक ॥४॥
टौदहको नाग, रथमा आई
उहाँकै रूप, रथ भरी ।
रथको शोभा, नागको रूप ।
करुणामय लगियो उद्धार गरिकन ॥५॥
रथको पांग्रा, विस्तारै गुड्दै
तान्ने गर्यो, दर्शक डराउने गरी ।
हेर्न नै नपुगी, भिडले थिच्ने ।
कहिं नरोकी, टाढैसम्म गएको ॥६॥
धन्य छ प्रभु, प्रभुको मन
मनमा ध्यान, प्रभुको चरण ।
संसारमा लगियो, प्रभुको ज्ञान
प्रफूल्ल भयो, लोकनाथको मन ॥७॥
यस्तो मंगलमय, देव रहेको पोखरी
जात्रा पाटनको, बास बुंगमति
दृष्टि खोलाउन भक्तपुर देश गएर ।
जात्रा गरी भयो फिर्ती आगमन ॥८॥
राजा राजेन्द्र, जस्तै देवेन्द्र
वीर महिन्द्र नाथ मच्छिन्द्र ।
श्री राजेश्वरी, जगदिश्वरी
कति कृपालु जय इश्वरी ॥९॥

यो गीत स्पष्टसँग पाटनको मच्छिन्द्रनाथको जात्राबारे छ । यहाँ बुराँज्याको क्रममा उनै मच्छिन्द्रनाथको जात्राबारे



विभिन्न विरुवाले सिंगारिएको धानको थुप्रो (तस्बिरहरू-लेखक)

गीत गाउनु पछाडि यस देवतालाई सहकालको देवता मान्ने भएर नै हुनसक्छ । विशेषगरि एकताका नेपालमा लामो समयसम्म खडेरी परी हाहाकार मच्चिएको समयमा यहाँ लिच्छवी राजा नरेन्द्रदेवले राज्य गरिरहेको थियो । तान्त्रिक बन्धुदत्त आचाजुको सल्लाह बमोजिम कामरूप कामाक्षाबाट मच्छिन्द्रनाथलाई नेपाल ल्याएको जनकहावत छ । मच्छिन्द्रनाथ यहाँ ल्याइसकेपछि सहकाल आई प्रशस्त खाद्यान उत्पादन भएको कारणले अन्न अर्थात धानसँग सम्वन्ध रहन गयो । धान रोप्न मात्र होइन, धान काट्नसमेत उनै मच्छिन्द्रनाथको गीत गाउने चलन बस्यो । अझ विशेषगरि हाकुवा राख्दा नै यो गीत गाउनेको झनै महत्त्व छ ।

त्यसो त बुराँज्या एक प्रकारको कालो धान राख्ने मौलिक सिप, विधि तथा सस्कारसँग सम्बन्धित छ । खेतबाट धान काटेर संसारमा जहाँसुकै होस् धान घर भित्र्याउँछ । शायद यहाँको जस्तो हाकुवा कालो धान राख्ने चलन अरु कतै छैन होला । जुन नेवार समुदायमा मात्रै छ । त्यसो त नेवारहरूले कहिलेदेखि शुरु गरेको हो वा कसरी यो प्रविधी जान्यो अत्यन्त महत्त्वपूर्ण विषय बन्न आउँछ । यसमा एक पटक विगतको इतिहासलाई फर्केर हेर्नुपर्ने हुन्छ । विगतको नेपालको इतिहासमा एक अर्काबीच युद्ध, आक्रमण–प्रत्याक्रमणबाट भरिएको छ । एकताका नेपाल मण्डलको अस्तित्व रहेको समयमा पश्चिम नेपालमा खसराज्य तथा दक्षिणपूर्वमा डोय राज्यहरूले पटक पटक नेपालमण्डलमा आक्रमण गरेको देखिन्छ । डोय राज्यका संस्थापक राजा नान्यदेव, रामसिंहदेव, हरिसिंहदेवको समयमा यहाँ गरेको आक्रमण होस्, खस राजा जितारी मल्लले ने.सं. ४०८,४०९, ४१० लगातार तीनवर्ष गरेको आक्रमण, आदित्य मल्लको ने.सं.४४७ को आक्रमण, पुण्य मल्लको ने.सं. ४५४ को आक्रमणले यसको पुष्टि हुन्छ । यसैबीच ने.सं. ४७० को मुसलमानी आक्रमण बिर्सन नसकिने खालको बन्यो । यी हरेक आक्रमणमा आगो लगाउने, पाकेको बाली काटेर नोक्सान पार्ने तरिका अपनाउँथ्ये । अन्तिम पटक उपत्यका हातपार्ने क्रममा गोरखाका राजा पृथ्वीनारायण शाहले समेत भक्तपुरका जनताका बालीमा आगो लगाईदिन पत्र लेखेको बाट यसको पुष्टि हुन्छ । जव जव यस्ता आक्रमण हुन्थ्यो यहाँका बासिन्दाहरू आफ्नो घरवार सबै छोडी वनदुर्गभित्र लुक्न पुग्थ्ये । आक्रमणकारीहरू यहाँका धनसम्पति सबै सोहोरेर फर्केपछि पुनः वनदुर्गबाट बाहिर आउँथ्ये । बाँकी रहेका सरसामान तह लाउँथ्ये । खानको लागि खेततिर जान्थ्ये । पाकीसकेको अन्न सबै काटेर जथाभावी फालेको पाउँथ्यो । बाँच्नको लागि जथाभावी फयाँकेको, फोहोरबाट अन्न टिपी खानको लागि उपयुक्त छ छैन हेर्नतिर लागे । हेर्दा कालो भैसकेको धान खान मिल्ला की नमिल्ला ? डर लाग्नु स्वाभाविक हो । त्यही कालो धान कुटी चामल बनाउँदा चामल पनि कालै भएछ । कहिले नखाएको कहिल्यै नदेखेको वस्तु खानु अगाडि विभिन्न देवदेवीलाई पूजा आजा गरी चढाई खाएछन् । त्यो कालो चामलको भात त साह्रै मिठो भएछ । अनि यही कालो चामलको जाँड बनाएछन् । जुन ह्याँउ थ्वः (रातो जाँड) ले प्रसिध्द भयो । अव त यहाँका नेवार समुदायले अरुले आक्रमण गर्न नआएपनि आफै आफ्नो बाली काटी खेतमा थुपारी कालो धान राख्ने गरे । जसलाई बुराँज्या भन्न थाल्यो । बुराँज्या गर्ने विधीपूर्वक शैली विकास गरे । जस्तै खेतबाट धान काटिसकेपछि परालसहितको धानको वताः धानको तह राख्ने गर्छ । तहतह मिलाएर धान जति भित्र पराल बाहिर पर्ने गरी राखेको वताः बिजोडा दिन जस्तो ७, ९, ११ दिनसम्म खेतमै राख्ने गर्छ । यसमा ९ दिनसम्म राख्ने चलन बढता चलेको छ । जुन ठाउँमा वताः राखेको हुन्छ त्यहाँ जथाभावी गर्न हुँदैन । जस्तो जुत्ता लगाएर जानु हुँदैन । जुठो फाल्नु हुँदैन । फोहोर शब्द बोल्नु हुँदैन आदि आदि । यसको अर्थ बुराँज्या गर्ने खेतमा देवताको बास हुन्छ भन्ने मान्यता व्याप्त छ । त्यसो त वताः राखेको दिनमा नै खेतमा परालको गणेश स्थापना गरेको हुन्छ । बुराँज्या गर्ने दिन निश्चित भएपछि अघिल्लो दिनमा नै आफ्ना टोलवासी साथीभाइहरूलाई बुराँज्याको निम्तो दिनेगर्छ । जसअनुसार बुराँज्या गर्ने दिन सबै मिली बाजागाजाका साथ स्थानीय नासद्यः कहाँ पूजा गरी नाचगानका साथ खेतमा प्रस्थान गर्छ । खेतमा पुगेपछि अलिकति घेमो पराल बाल्ने गर्छ ।



सिंगारिएको खर्पन (गहिरो परेको खर्पन) बोकेर गन्तब्य स्थल जाँदै

यसको अर्थ जाडोको समयमा वातावरण न्यानो पार्नु तथा आगोको स्रोतको लागि हो। तत्पश्चात छोपी राखेको पराल पन्छाउने कार्य हुन्छ। त्यतिबेला पराल जथाभावी यताउता फाल्नु हुँदैन। खुट्टाले छुनु हुँदैन। यति बेला नै बुराँज्याको गीत घन्किसकेको हुन्छ। युवायुवतीहरू एक आपसमा रमाईलो गर्दै पराल सबै त्यही खेतमा फिंजाएर सुकाउँछ। काम नलाग्ने टुक्राटाक्री पराल अर्कोतिर राखिसकेपछि धानको थुप्रो अगाडि त्रिशुल आकारको एउटा लठ्ठी (प्यतांकछि) लाई महादेवको रूपमा स्थापना गर्नुपर्छ। त्यही धानको थुप्रोको अगाडि गणेश भगवानको रूपमा हात्तीको शिरको आकृति बनाउँछ। साथै भैरव, नास द्यःलगायत अन्य देवदेवीका आकृतिहरू पनि तयार गरिन्छ। त्यसमा एउटा लामो परालको डोरीलाई नारायण भगवानको रूपमा राख्नु अनिवार्य मानिन्छ। ती विभिन्न देवदेवीहरूको वरपर केराको बोट, उखुको बोट, ग्वंगचुली स्वाँ, लालुपाते स्वाँ, क्वकाचा स्वाँ, लानथुकु स्वाँ लगायतले सजाउने गर्छ। यहाँ सजाएका रातो फूल तथा रातो ध्वजा अनि हरियो उखु र केराको पात सहितको बोटहरूले मच्छिन्द्रनाथको रथको प्रतिकको रूपमा लिईन्छ। बुराँज्याको लागि घरबाट तयार गरिल्याएको सम्येबजि र सगुनको परिकार अगाडि राखी घरको नाईकेले पूजा थाल्छ। पूजाको लागि सर्वप्रथम नारायणको आराधना गर्नुपर्छ। नारायणलाई पंचामृत दुध, दही, सक्खर, ध्यु, मह चढाउँछ। पूजाको क्रममा विभिन्न देवतालाई चढाएको सम्येबजि एउटा कपडामा पोको पारी धानको थुप्रोभित्र घुसाइन्छ। यी सबै प्रक्रिया चलिरहँदा बुगंद्यः को गीत गाइरहनुपर्छ। र बीच बीचमा "खास्ये खास्ये" भन्ने चलन छ। यहाँ खास्येको अर्थ केहो स्पष्ट छैन। जहाँ खा को अर्थ भाले अनि स्ये वा स्या को अर्थ काट्नु भन्ने हुन्छ। यसको अर्थ बुराँज्या गरेको ठाउँमा भालेको बलि दिनु भन्ने हुन आउँछ। पूजाको काम पछि सहभागी सबैलाई सम्ये भोज ख्वाउने गर्छ। तत्पश्चात खेतबाट धान उठाउने काम हुन्छ। तर धान उठाउनु पूर्व दान प्रक्रिया अनिवार्य छ। आफूले उत्पादन गरेको अन्न आफ्नो मात्र नभई अनेक तरिकाबाट सहयोग गरेकाहरूको पनि हो भन्ने मान्यताका साथ लामाजु, नापित, कारंजित, दिवाकर, शुद्धकार पाँच खलकलाई खेतमै बोलाई दान दिन्छ। यसमध्ये लामाजुलाई हाकुवा दान दिनुको खास अर्थ खेतमा धान रोपेदेखि नै बाली हुन्जेलसम्म असिना पानी हुरीबतासबाट बालीनालीको रक्षा गरेको कारण आफूले उत्पादन गरेको बालीको केही अंश लामाजुलाई दान गरेको हो भने अन्य चार खलकलाई मानिसको जन्मदेखि मृत्युसम्मको विभिन्न संस्कारमा नभई नहुने भूमिकाको लागि दान गरेको हुन्छ। यसमध्ये बुराँज्याको क्रममा खेतमा खेतधनी र लामाजु बीचको वार्तालाप अत्यन्त रोचक हुन्छ।

यसपछि धान भर्ने काम शुरु हुन्छ। धान भर्न डालोको उपयोग गर्छ। डालोले धान भर्दा अर्को वर्ष उब्जनी बढ्छ भन्ने मान्यता छ। डालोले भरेको धान गःकोंल्ह (गहिरो परेको खर्पन) मा राखिन्छ। सबैभन्दा अगाडि बुराँज्या गर्नेको भान्जाले खर्पन बोक्ने चलन छ। भान्जालगायत सहभागी सबैलाई फूल प्रसाद दिई टीका लगाइदिन्छ। खर्पनमा धान राखिसकेपछि केराको पात, उखुको बोट, विभिन्न फूल एवम ध्वजाले सिंगारिन्छ। सबैभन्दा अगाडि भान्जा र त्यसपछि अरु सहभागीहरू उक्त खर्पन बोकेपछि गन्तब्य स्थल नपुगेसम्म बिसाउनु हुँदैन। र घरतिर प्रस्थान गर्ने क्रममा मच्छिन्द्रनाथको गीत गाउँदै दोबाटो चौबाटोमा "खास्ये खास्ये" भन्ने गर्छ। यसरी घर ल्याएको धान जहाँ बिसाउने हो त्यहाँ पहिले नै रातो माटो, गोबरले लिपी शुद्ध जल छर्केको हुन्छ। भान्जाले खर्पन बिसाएपछि अरुलेपनि बिसाउँछ। बुराँज्या गरेकाहरू त्यहाँ पुगेपछि सबैभन्दा पहिले भान्जालगायत सबैलाई नकिंले सगुन दिन्छ। धान राख्ने खलामा नकींले पूजा गर्छ। सबै धान खलामा राखी छोप्ने गर्छ। साथै खर्पनमा राखिल्याएको केराको पात, उखुको बोट, फूलहरू सबै वरपर सजाउने गर्छ। र बुराँज्यामा सहभागी सबैलाई घरमा भोजन गराउँछ। भोलिपल्ट बिहान घरकी नकींले शुध्द जल छोपेको धान माथि छर्कन्छ। धानभित्र रहेको सम्ये बजिको पोको र मिठाईको पोको भेट्टाई उपस्थित सबैलाई प्रसादको रूपमा बाँडिदिन्छ। त्यसपछि मात्र धान सुकाउने काम गर्छ।

नेवार समाजमा एकपटक हाकुवा राखेपछि निरन्तरता दिनुपर्छ भन्ने मान्यता छ। तर प्रत्येक वर्ष बुराँज्या गर्न धेरै जनशक्ति एवम खर्च लाग्ने भएकोले अचेल बुराँज्या गर्ने चलन हराउँदै गएको अवस्था छ। वर्तमान पिंढीलाई बुराँज्याबारे खासै जानकारी पनि छैन। र चासो पनि छैन। तर जसले विगतमा हाकुवा राखेका थिए उनीहरूले अचेल पनि अलिकति मात्र भए पनि हाकुवा राखेको छ। यो विधि जतिसुकै गाहारो खर्चिलो भएपनि जुन हाकुवाको भात खाँदा पाउने फाइदा अमूल्य छ। जाडो याममा हाकुवाको भात पौष्टिकताले भरिएको एउटा खाद्यान मात्र हैन, अचेल चिनी रोग, कोलेस्ट्रोल रोगले भात खान वन्चित हुनु परेकाहरूलाई हाकुवाको चामलको भात वरदान सावित भएको बिर्सन सकिंदैन। जसले गर्दा बजारमा हाकुवाको माग ह्वात्तै बढेको छ। र सबैभन्दा महत्त्वपूर्ण तथ्य त बुराँज्या नेवार समाजको खेती वा कृषिसँग सम्वन्धित एक महत्त्वपूर्ण सिप र प्रविधि हो। जसको पछाडि एउटा लामो घटनाक्रम वा इतिहास नै लुकेको छ।

# g]kfn efiffof P]txfl ; s dxàj



धनवज्र बज्राचार्य

शायद झी नेपालया भाषाशास्त्रीतसें नेपालया विभिन्न भाषा भाषिकाया तुलनात्मक अध्ययन यात धाःसा नेपालभाषा असाध्य महत्त्वपूर्णगु विषय खने दइ। भाषाशास्त्रीतय न्ह्यःने 'नेपालभाषा नेपाल उपत्यकाय गुकथं ब्वःलना वल ?' धयागु न्ह्यसः अनुसन्धान याये बहगु विषय कथं दं वयाच्वंगु दु। जिं स्वये-ख ला जिगु मूल विषयला राजनैतिक इतिहास खः- आःतक लुया वःगु ऐतिहासिक सामग्री स्रोतया अध्ययनं झीगु थ्व नेपालभाषाया आपालं महत्त्व दयाच्वंगु खने दु। नेपाल भाषां नेपालयागु इतिहास, धर्म, संस्कृति व भाषाया यक्वं प्रतिनिधित्व याये फयाच्वंगु दु। झीसं नेपालभाषाया अध्ययन मयात धाःसा नेपाल सम्बन्धी झीसं सयके सीके बहगु कैयौं इतिहास नं अज्ञात हे जुया च्वनी। अय धयागुया मतलव, नेपालयागु थ्व नेपालभाषा शुरुं निसें राजधानी हे च्वंच्वंगु भाषा जुगुलिं थ्वया महत्त्व खालि झी नेवाः भाषाभाषी अथवा नेपालभाषायात जिगु 'भांभाय' धका नालाः च्वच्वंपिनिगु जक भाषा मखु कि समस्त विश्वयापिसं हे नेपाःयागु धर्म, संस्कृति व इतिहास अध्ययन यायेगु इच्छा यात धाःसा इमिके थ्व नेपालभाषाया ज्ञान गुलि अप्पो दइ उलि नेपालया इतिहासया न्हन्हूगु तथ्य खँ इमि न्ह्यःने लुयावं वइ। जिं छगू चिकीचाधंगु उदाहरण बिया थौंया थ्व प्रवचन शुरु याये। त्रिभुवन विश्वविद्यालय आर्थिक इतिहास ब्वंकेगु सिलसिलाय झी नेपालया लिच्छवि कालया शिलापत्रत अध्ययन यानाबले जग्गाया कुतया प्रसङ्गय किसिम किसिमया वा (अन्न विशेष) या नां धाःसा प्रशस्त वचाच्वंगु दु, तर छो व मेमेगु अन्नया नां धाःसा मवः। अबले छो पि हे मपिउला ? छुचुं मरि न हे मनः ला ? थ्वला जुइ हे फै मखु थें च्वं। लिच्छवि शिलालेखत क्वथीक स्वयाबले आदेश्वर महाद्योयाथाय च्वगु शिलालेखय छगू गांया नां हे 'छोगु' उल्लेख जुया चवंगु दु।[1] आदेश्वर भेकय आःतक नं

*(१. धनवज्र बज्राचार्य,* ***लिच्छविकालका अभिलेख*** *(नेपाल र एशियाली अध्ययन संस्थान, त्रिवि कीर्तिपुर, २०३०), पौ ४११, अभिलेख पंक्ति ४।*
*... श्री जिष्णुगुप्त : कुशली छोगुंयुबीसामातलंञ्जु ग्रामेषु ...)*

छोयागु प्रशस्त मात्राय उत्पादन जूगु दुगुलिं गांया नां हे 'छोगु' च्वंगु प्रमाणित जू। 'छोगु' छगू शब्दं हे उगु भेकया इतिहासया आर्थिक पक्षयात संकेत याः। नापं, लिच्छविकालय नेपालभाषाया अस्तित्व दया च्वंगु तथ्य नं थुकिं क्यं। अथे हे मध्यकाल ताकय 'बजि' यात छाय 'फल्के', 'फल के' धाइगु ? थ्व 'फलके' शब्द उबलेया गुगु सांस्कृतिक धारणायात प्रतिनिधित्व यानाच्वंगु दु ? थुजा थुजागु मेमेगु नं सफू सफुती व शिलापत्रय च्वंगु नेपालभाषाया शब्दत भाषाशास्त्रया दृष्टिकोणं व नेपालया धर्म संस्कृतिया इतिहासया दृष्टि क्वथीक अध्ययन यात धाःसा केवल भाषाभाषीतय निंतिं जक मखु निस्संदेह नेपाल राष्ट्रया इतिहास व धर्मयात नं अति महत्त्वपूर्ण जूगु तथ्य ज्ञान न्ह्यल् वइ। अथे जूगुलिं जिं थन झी नेपालभाषाया विकासक्रमय ध्यान तये माःगु निगू प्यगू खँय ध्यान आकर्षण याये।

थौंकन्हे मुस्ताङ्ग पाखे अध्ययन अनुसन्धान याः वनेत मालाः जिं सँय भाय ब्वनाच्वना। खला तिब्वति भाषा जिं न्हापा नं स्यू। झीगु नेवाः भाषाय तिब्वति भाषाया यक्व प्रभाव दु धयागु खँ जिं सँय भाय ब्वना च्वनाबले झन झन स्पष्ट जुया वल। आश्चर्यजनक नक्सां हे व तिब्बति भाषानाप झीगु नेवाःभाय मिलेजुगु खना। धात्थें धायसा आःजिं नोंवाना च्वनागु नेवाः भाय शुद्धगु नेवाः भाय हे मखु। दः नेवाः भाय ला वास्तवय शुद्ध रूपय नोवाय था हे थाकु थें च्वं। छाय धाःसा आःझीसं नोंवाना च्वनागु नेवाः भाषाय मेमेगु भाषाया यक्व प्रभाव लाना च्वने धुंकूगु दु। झी गुलि गुलि उच्च शिक्षित जुल उलि उलि झीसं थःगु भाषाय मेमेगु भाषाया (गथे कि संस्कृत, अंग्रेजी) शब्द छ्य्ला यंकी, झीगु भाषा मेमेगु भाषां प्रभावित जुजुं वनी। तर झीगु भायया भाषा विज्ञानय झीसं छगू छु खँय ध्यान तय माः धाःसांनि शब्दया प्रयोग झीसं 'कोट' नं याये फु 'घडी' नं याये फु। मूल भाषाया रूपय व भाषाय क्रियापन, विभक्ति, प्रत्यय व शब्द रचना शैली धाःसा इपिं मेगु भाषा खलःया पाखे मवसे भाषाया थःगु हे मूल रूपया जुया च्वनी। उकिं झी नेवाः भाषायागु समस्त रूपय विस्तारं अध्ययन यात धाःसा निस्सन्देह थ्व भाषा तिब्बत बर्मेली परिवारया भाषाय लाःगु खने दइ। तर तिब्बत बर्मेली परिवारया छगू भाषा खया नं नेपालभाषाय संस्कृत भाषाया प्रभाव आश्चर्यजनक नक्सां लानाच्वंगु दु। आः थ्व भाषा संस्कृतीकरण जुयाच्वंगु भाय थें जुइ धुकल।

भ्रीसं संस्कृत शब्द त्यासु जक कयागु मखु भ्रीसं संस्कृत शब्द पचये नं याये धुनागु दु। उदाहरणया रूपय आः 'तेपू (तिपू),' 'कलाः' व 'भाःत' खँग्व ङ्वाट्ट स्वयेबले नेवाः भायया खँग्वः थें च्वं। तर अथे मखु। संस्कृतय 'कलत्र' शब्द दु। नेवाः भाषाय छुं दँ न्ह्योतक (आःनं) 'कलात' शब्द दु। संस्कृतया 'कलत्र' शब्दया 'कलात' जुल, 'कलात' आः 'कलाः' जुयाच्वंगु दु। 'स्त्री-पुरुष' या 'तिरिपुरुष' धाधां 'तिपू' 'तेपू' जुयाच्वंगु दु। अथे तु क्रियापदय नं भ्रीसं थौंकन्हे 'भपि' धयाच्वना। संस्कृतया 'भक्ष' धातुइ 'रपा' प्रत्यय तया 'भक्षरपा' दयका उकिया आज्ञार्थक (आदरार्थी, आज्ञार्थक) क्रिया रूप 'भक्षरपिव' या संक्षिप्त रूप ल्यनाच्वंगु 'भपि' शब्द खः। अज्यागु कथं संस्कृत धातु रूपावलि, समास व सन्धी रूप छ्यला तःगुया प्रामाणिक उदाहरण नेपालया भाषामध्ये नेपालभाषाय बाहेक मेमेगु भाषाय खने मदु।

नेपाल किरातकालय थायया नां, खुसिया नां, व गांया ना उबलेया स्थानीय जनजातिं ल्हाइगु भाषां तया तःगु खः। उबलेया दँह वयाः आःतकं त्यंदनिगु छ्यला च्वंनिगु शब्द मध्ये छगू शब्द 'खुसि' खः। 'खुसि' कोशी जू वंगु दु। 'कोशी' धा गु खुसि खः। 'क' व 'ख' अल्पप्राण ध्वनियां महाप्राण ध्वनि जूगु खः।

नेपालभाषां वर्तमान रूप कायत गुलि ई काल जुइ ? थ्वं थुगु वर्तमान रूप गुवले काल जुइ ? तिब्बती वर्मेली भाषा परिवारया छगू भाय जुया नं नेपालभाषाय थुलिमछि संस्कृतं प्रभावित भाषा रूपय् गथे ब्वलन ? थुपिं न्ह्यसःया लिसः सप्रमाण न्ह्यब्वयत धाःसा भ्री भाषाशास्त्रीतसं नं असाध्य परिश्रम याना अनुसन्धान यायेगु ई जूगु दु थें च्वं।

भारतय मौर्य व मेमेगु ततधंगु साम्राज्य खडा जूबले वया नापनापं च्वंगु चिचिधंगु राज्य टेके जुइ मफुया फलस्वरूप लिच्छवि, शाक्य, कोलिय, वृज्जि, मल्ल आदिपिं बथां बथां शरणार्थीया रूपय नेपाल उपत्यकाय स्थायी बसोवास याः वःगु जुल। उकिं याना भ्रीगु नेपाःया इतिहासया धाःहे परिवर्तन याना बिल। गथे कि भ्री काठमाडौं उपत्यकायात यें धायगु याना तःगुयात लिच्छविकालय 'कोलिग्राम', 'दक्षिण कोलिग्राम' धायेगु यात। हानं, ग्वलया (देवपाटनया) नाय त्वालय च्वंगु छगू शिलालेखय 'वृज्जिकरथ्या' धका टोलया नां हे वृज्जितयगु नामं तया तःगु नं खने दत। अथे हे पश्चिमी नेपालया छगू थायया नां 'मल्लपुरी' तया तःगु नं खने दत।

नेपाल ला धर्म व संस्कृतिया तःधंगु संग्रहालय खः। मानवशास्त्रीय दृष्टिं गम्भीर अध्ययन जुल धाःसा थ्व खँ सिद्ध जू वइ।

मूलतः तिब्बती-वर्मेली परिवारया भाषा जुया नं नेपालभाषा थज्यागु नक्सां संस्कृतमय भाषा जू वंगुया कारण थ्व नं जुइफु। लिच्छवि, शाक्य, मल्ल, वृज्जि व कोलियत नेपालय दुहाँ वःबले साहिंत्य व संस्कृतिया दृष्टि तःमि जुया वःपिं नेपालय वःबले इमिगु भाषा छु ? इपि थन स्थायी रूपं बास यायेधुंका इमिसं थन छु भाय काल ? थुपि तसकं तसकं महत्त्वपूर्णगु न्ह्यसःत खः। निस्सन्देह इमिगु भाय ला मागधि परिवारया प्राचीन भाय। अक्सर याना मागधि व प्राकृतभाय ल्हाइपिं इमिसं थन स्थायी बसोबास यायां थःगु भाय बुलुहुं त्वःता नेवाः भाय काल। तर भाय काये साथ साथ छगू महत्त्वपूर्ण परिवर्तन छु जुल धाःसा उकिं याना संस्कृत व प्राकृत स्वभाव नं नेपालभाषाय प्रशस्त हे दुहाँ वल। जिं आः धयाच्वनागु थुगु खँया प्रमाण भ्रीगु ६०० दँ पुलांगु **अमरकोश** (नेपाल संवत ५०१, ५०६ या) व उगु हे ताकयया **नारद संहिता मानव न्याय शास्त्र** (नेपाल संवत ५००) किताव स्वल धाःसा ध्वदुइफु। गथेकि **अमर कोषय** 'क्यब' धायेत 'उभ्फान' शब्द प्रयोग याना तःगु दु। (पत्र ६७ स)। संस्कृतय 'उद्यान' शब्द दु। आः भ्रीसं विचार याये बहगु खँ छु धाःसा नेवाः भाषाय 'उद्यान' हे दुहाँ वयाः लिपा प्राकृतरूप 'उभ्फान' जुल ला कि स्वतः 'उभ्फान' हे नेपाल भाषाय दुहाँ वःगु ? नेपाल भाषाया पुलांपुलांगु हस्तलिखित अभिलेख ग्रन्थय व शिलापत्रय थज्यागु प्राकृत शब्दत यक्व प्रयोग जुयाच्वंगु दु। नेवाः भाय बोलचालया भाषा जुया च्वंतलें थुकी संस्कृत भाषाया प्रभाव उस्त दुम लाःनि। गुबले नेपालभाषां ग्रन्थ व शिलापत्र आदि च्वयेगु चलन जुल अबले निसें थुकी संस्कृत, प्राकृत व मागधि भाषाया शब्द अप्पो दुकया छ्यलेगु याना हल। संस्कृतया 'कोण' शब्दया अर्थ 'कुन' खः। 'कुन' या 'न' खतम जुल, 'कुं' जक ल्यन। नेपालभाषाय संस्कृतया 'कोण' तप्यंक दुहाँ मवःसे प्राकृत रूपय कुण (कुन) जुया छाय दुहाँ वल धासाः लिच्छवि, वृज्जि, कोलिय व शाक्यपिसं थःगु मातृ भाषाया रूपय नेपालभाषायात ग्रहण याःबले थ्व नेवाः भायया शब्दत लिच्छविकालया गुलिं गुलिं शिलापत्रय छगू महत्त्वपूर्ण अंग हे थें जुयाच्वंगु नं दु थें च्वं। गथे कि लिच्छवि शिलापत्रय (बज्राचार्य, **लिच्छविकालका अभिलेख**, पौ १२२ पंक्ति १-२) 'पैत्रिक अनुग्रह कथं प्राप्त जूगु अधिकार' धायगु भावार्थ अभिव्यक्त यायेत 'ॐ स्वस्ति मानगृहात्परम दैवत बप्प भट्टारक महाराजश्री पादानुध्यातः' धका अंकित याना तःगु दु। **अमरकोशय** (ने.सं. ५०१ या पत्र २८ स) 'बाप' शब्द तया तये धुंकल। व हे 'बाप' शब्दया 'प' लोप जुया थौंकन्हे 'बाः' जुयाच्वंगु दु।

जिं स्वये ला -लिच्छविकालया हे विशेष याना मानदेव (न्हापम्ह) सिबें न्ह्योंया इतिहास मालेत नं भ्रीत उवलेया स्रोत गाक्क प्राप्त मजूनि। भ्रीथाय थन वैज्ञानिक ढङ्ग व उच्च स्तरं उत्खनन प्रक्रिया मजूनिगुलिं याना नेपालया

वर्तमान रूप कायेत जग बसे जूगु उगु ईया इतिहास भ्रीसं लुइके मफुनि। जिं थ्व खँ न्ह्यब्वयागुया कारण थ्व खः कि थ्व विषयया अधिकारिक ऐतिहासिक स्रोत सामग्री गाक्क दत धाःसा नेपालभाषाया नं तुलनात्मक अध्ययन यायेत यक्व लिधंसा दइ। नेवाः भाषाया तुलनात्मक भाषाशास्त्रीय दृष्टि अप्पो जोड बिया अध्ययन याइपिं निम्ह प्यम्ह भाषा शास्त्रीत न्ह्यज्यात धाःसा भ्रीसं थ्व नेपालभाषाया विकास क्रमया खँय लुधनापुक जः ह्वले फइ ताया।

लिच्छविकालया संस्कृत भाषां कीका तःगु निसःति शिलालेख लुया वःगु खः। उपिं शिलालेखय थायया नां, गांया ना, खुसिया नां, करया नां, गुँ चोकोया नां, अधिकरणया नां इत्यादि प्रशस्त मात्राय नेवाः भायया शब्दं अभिव्यक्त याना तःगु खने दु। खयत ला भ्री मल्लजु (डा.कमलप्रकाश मल्ल) व तमोटजुपिसं (काशीनाथ तमोट) थ्व विषयस लेख च्वया प्रकाशित याना दी धुंकूगु दु। लिच्छविकालया शिलालेखय अझनं क्वथीक अध्ययन याना सन्धी व समास जुयाच्वंगु शब्द केलेय यात धाःसा मेमेगु नं नेपालभाषाया शब्द धका नाले बहगु शब्दत लुयावये फुनि। गथे कि भुइजःसि नारांद्योया थासं भचा च्वय लाःगु विष्णु पालिका (विष्णु पादुका) धाःगु डाँडा क्वसं विष्णुमति सिथय च्वंगु वंगलः सिमालिक्क लाःगु शिवदेवया शिलालेखय 'थंतुरीद्रङ्गे' धयागु उगु थायया नां उल्लेख जुयाच्वंगु दु। मध्य कालीन नेपालभाषाया अभिलेखय 'थंतुरी' शब्द 'थंथु' जूगु दु। 'थंथु राजकुल,' थेथु लँ थुकिया दसु खः (वज्राचार्य, **लिच्छविकालका अभिलेख** पौ २१४, २१७ अभिलेख पंक्ति ११)। लिच्छवि अभिलेखय हे न्ह्यथना तःगु मेगु छगू थाय बस्तीया नां 'थम्वू गाङ शुल मूलवाटिकाग्रामेषु' (उकी हे, पौ ४०१, ४०४ अभिलेख पंक्ति भ्रो ५) खः। थथ्याः थासय लाःगु विशेषयात थम्बू धया तःगु खः। थ्व थाय यलया अलिंमथ ससतिक लाः।

लिच्छविकाल धुंकालि नेपाल संवत् शुरु जूगुताकयया नं प्रामाणिक ऐतिहासिक स्रोत सामग्री मलूगुलिं याना नं उबलेया नेपालया व नेपालभाषाया विकास क्रम सीकेत मछिना च्वंगु दु। तर, छगू आशाया जः गनं खने दयाच्वंगु दु धाःसा रुद्रवर्ण महाविकार यलया ताडपत्र मुंका श्री हेमराज शाक्यं पिकया दीगु **शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र अभिलेख** धयागु सफुती (पौ ७-९) च्वंगु ने.सं.२३५ सालया छगू ताडपत्रय नेपालभाषाया प्रयोग जुया च्वंगुदु। जित विश्वास दु अनं हे नेपाल संवत शुरु जूगु ईया मेमेगु ताडपत्र नं लुइगु सम्भावना दु। थ्व ने.सं. २३५ या ताडपत्रय बोलचाल रूपया नेपालभाषा व प्राकृत रूपया संस्कृत शब्द प्रयोग जुया च्वंगु दु। छुं विषयया विद्वत्तापूर्ण अभिलेख ग्रन्थय छ्यली थें जाःगु मौलिकता व प्रौढ शैली थ्व ताडपत्र अभिलेखय नेपालभाषाय न्ह्यमलूनि। थ्व भिक्षु संघया नियम सम्बन्धी ताडपत्र अभिलेख खः।

भाषा शास्त्रयागु दृष्टिं छुं भाषा केलय याना अध्ययन यायेबले मुख्य याना निगू किसिमं अध्ययन याये बहजू-

(क) आन्तरिक व (ख) बाह्य

गुगु नं भाषाय दुने आपसे आप अथवा छुं मेमेगु कारणं परिवर्तन जुइगु आन्तरिक परिवर्तन खः। गुगुं न भाषायात सरकारी भाषाया (राजकाज ज्याखँया माध्यम भाषा ?) माध्यम कथं छ्यला हःगुया कारण अथवा सुं लेखक सफू च्वयेत माध्यम याःगुया कारणं अथवा जनभाषाया रूप कया गथे विकास जुल धयागु अध्ययन यायेगुयात वाह्यपक्षीय अध्ययन धाये बह जू। गुगुं न भाषाय गुलि छु छु साहित्य सिर्जना जुल ? छु छु विषयया शास्त्रीय ग्रन्थ च्वयेगु ज्या जुल ? व भाषाय गपाय गपाय धंपिं लेखकत न्ह्यलुल ? छुं नं भाषाया विकास व अवनतिया खँ अध्ययन यायेबले ध्यान बी मागु खँ खः। भाषा इतिहासया विकासक्रम निका लँ लिना अध्ययन याये माः थें च्वं। छगू, मूल भाषाया विकास जुया वःगु क्रम। निगू, भाषायात माध्यम रूपय छ्यःगुलिं भाषा भाषीया जनजीवन व सभ्यता संस्कृति समुन्नत जूगु तथा अभिप्रेरित जूगु दु मदु स्वयेगु। भाषा अनुसन्धानया ज्याय (मेमेगु विषयया अनुसन्धानय नं) छुं गलत धारणा खने दःसा निष्पक्ष जुया सप्रमाण खण्डन यायेगु, छुं सत्य तथ्य लूसा निडर जुया न्ह्यब्वये माः थें च्वं।

नेपाल संवत् शुरु शुरु इलयया शिलालेखय नेवाः भाययागु रूप ध्वनि ला खने मदुगु मखु, दु। प्रशस्त शब्द नं प्रयोग जूगु दु। ललितपुर त्यागल टोलया संस्कृतं कीका तःगु शिलापत्रय (ने.सं. १३२ या) ला 'बेखासिं' धयाम्ह व्यक्तिया नां उल्लेख जुया च्वंगु दु। थ्व व्यक्ति नेवाः भाषी धयागु सी दु। अथे हे मेगु शिलापत्रय 'मिं भिंङभावो' व 'हर्षमयि' (ने.सं. २८२) छ्यला तःगु दु। 'मि भिंङगु' धाःगु 'भिंम्ह मन्, धाःगु खः। 'भावो' आदर सूचक शब्द खः। अथे हे उपत्यकां पिने गण्डकीया किनारा किनारा पाल्पां निसें कया च्वय तक्कया भेकया वस्ती भ्रीसं इतिहासया अनुसन्धान यानाबले यक्व सामग्री लुइकागु दु। उकीमध्ये छगू तामापत्रय मूल पाठ संस्कृत जूसां 'छेपर' व 'वह पलेम' शब्द छ्यला तःगु दु। 'छेपर' ला छेपःखः। 'वह पलेम' यात ला 'वहया पले स्वां' धका अर्थ छ्यानागु दु। तिब्बत व भारतय व्यापार याः वनेया सिलसिलाय उपत्यकां पिनेया पाल्पा व दोलखा थें ज्यागु थासय नेवाः तयगु वस्ती विस्तार जू वंगुलिं अन अन नं नेपालभाषा प्रसार जूगु सी दुगु खः, नेवाः भाषां शिलापत्र, तामापत्र व सुवर्णपत्र अभिलेख तयेगु चलन दुगु खने दु। उकिं नेपालभाषाया विकासक्रम अध्ययन यायेत उपत्यकां पिनेया

थासय उबले उबले नेपालभाषाया अवस्थाया नं ध्यान बी माः थें च्वं। नेवाः भाय उपत्यका दुने जक मखु अधिराज्य भरय समस्त क्षेत्रय नं न्यना च्वंच्वंगु दु।

लिपागु मध्यकालय ला अभिलेख सामग्री यक्वं सुलभ जू। आः तक ल्यया ल्यया जक संकलन यानां हे नं दोछि व न्ह्यसःगू अभिलेख (शिलापत्र, तामापत्र, सुवर्णपत्र) खाः वल। इमित जिं प्यंगू भागय व्वथला सम्पादन याना च्वं च्वनागु दु। झीसं नेपालय दया च्वंक्व तःज्याःगु, तने धुंकगु, गनं सुयां छ्यें दुने लानाच्वंगु अभिलेखत विधिपूर्वक संकलन यातधाःसा अभिलेखतय ल्याः जिं स्वये न्यादो ति थ्यनी ला धयाथें च्वं। भौगोलिक क्षेत्रया ल्याखं थपींचा धंगु नेपाल उपत्यका दुने थुलिमछिं अभिलेख ज्वलं सुलभ जू थेंज्यागु उदाहरण ला विश्वया मेमेगु भागय दये थाकुइ। थ्व तसकं हे गौरव याये बहगु खँ खः। छगू खँ छु धाःसा थुलि मछि स्रोत साधन दया नं नेवाः भायया विकास क्रम बारे अनुसन्धान अध्ययन तसकं हे कम जुया च्वन।

थुपिं अभिलेख अध्ययन यायेबले छुं खँ स्पष्ट जू वः धाःसांनि उबलेया जनजीवनय नेवाः भाय गुलि भिजये जू। उपिं अभिलेख जुजु महाराजापिसं जक तया तःगु मजूसे उबलेया समाजया प्रतिष्ठित प्यम्ह च्याम्ह मुना (गुठीजन) द्योगः प्रतिष्ठा याःसां, जीर्णोद्धार याःसां, पाटी पौवा जल प्रणालि जीर्णोद्धार याःसां, अष्टमी व्रत धलं दंसां छगू शिलालेख तइ। उपिं अभिलेखया नेपाल भाषा (गुगुं अभिलेखया वाहेक) साहित्यिक ढङ्गया मजूसां उकिं मध्यकालीन नेपालया ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सामाजिक परम्परायात व्वया क्यं। जुजुपिसं रीतिस्थिति बसये याःगु खँ जनतातक थ्यंके माःधका शिलापत्र, तामापत्र, सुवर्णपत्र तया थकीगु खः। यल तःवहालय बुंगद्योया द्योगलय जुजु श्री निवास मल्लं तया थकूगु 'संवच्छत लोव्हँ' धाःगु शिलापत्र (रेग्मीः **मिडियबल नेपाल** भाग ४, पौ १५४-१६१) दु। उकी यल देशय च्वंपिं जुजु खलकं निसें सर्वसाधारण प्रजापिसं बुंगद्यो जात्रा सम्बन्धी मयासे मगाःगु दच्छिया ज्याखँया विधान थेंच्वका तःगु दु। यल लायकूया ने.सं. ८८२ या तामापत्र नं महत्त्वपूर्णगु खः। उकी ला जुजु, प्रमान चौतारा व प्रजाजनया अधिकार छु छु गुलि गुलि दु धयागु संकेत जूगुलिं राजनैतिक दृष्टिं महत्त्वपूर्ण जूगु खः।

नेपालभाषां च्वका तःगु उजागु अभिलेख सामग्री राजनैतिक इतिहास अध्ययन याइपिसं, भाषा शास्त्रया दृष्टिं अध्ययन याइपिसं धार्मिक व सांस्कृतिक पक्षया अध्ययन याइपिसं थःगु विषय क्षेत्रया दृष्टिकोण अध्ययन यायगु क्रम न्ह्याके माः थें च्वं। नेवाः भाषाया पुलांगु पुलांगु शब्दया अर्थ दुगु प्रमाणिक शब्द कोषया अभाव याना झीत मध्यकालीन नेपालया गुलिं गुलिं अभिलेखया खँ थुइकेत धौ धौ परे जू। थन थाय जिं थःगु छगू अनुभव कने। छुं दं न्ह्यो **गोपालराज वंशावली** या अर्थ लगे याना च्वनागु ताकय थज्यागु समस्या जुल कि मामुलि मामुलि शब्दया नं अर्थ लगे मजू। **गोपालराज वंशावली** (पत्र ५८ ख) प्रजाजनयात भोग नकूगुया वर्णन च्वया तःथाय 'फलके' शब्द दया च्वन। छु धाःगु थ्व 'फलके' धयागु ? लानं ला विचार याना नं अर्थ मलू। छन्हु मांयाके न्यनां ला मामं 'फलक' धाःगु 'बजि' धका कना दिल। नेपाल भाषा अर्थ दुगु **अमरकोशय** (पत्र ४६) स्वयां 'फलके' धयागु बजियात धाइगु सी दत। बजियात फलके छाय धाल ? संस्कृतया 'फल' शब्द व नेवाः भायया 'कि' शब्द समास याना तःगु शब्द 'फलके' खः। झी अबलेया सामाजिक परिस्थितिं 'जा' धाःसा मेमेपिं नाप च्वना नये मज्यू, बजि धाःसा अथे नाप च्वना नये ज्यू। 'फल धयागु ला न्ह्याम्ह नाप च्वना नये ज्यू। फलाहार थें पवित्रगु अन्नया रूप बिया बजियात फलकि धयातःगु जुया च्वन। थुकथं 'फलकि' छगू शब्दं नं उबलेया नेपाल उपत्यकाया अपाय धंगु सांस्कृतिक विधि व्यवहारयात प्रतिनिधित्व याना च्वंगु दु। इतिहासया दृष्टिं महत्त्वपूर्णगु मेगु शब्दया संकेत याना जिं थन थौंया प्रवचन विश्राम कायेगु विचार याना। व शब्द खः संस्कृतया 'कुवेर'। अमरकोशय 'कुवेर' यात धाइगु १७ गू शब्दत मध्ये छगू 'वैश्रवण' नं खः। जुजु जयस्थिति मल्लया ताकय च्वःगु अमरकोशय 'वैश्रवणस नाम' च्वया तःगु दु। (पत्र ४)। 'कुवेर' धायेत 'वैश्रवण' शब्द आपा प्रयोग याना तःगुया छगू तथ्य कारण छु धाःसा झी नेपालय लिच्छविकालय अंशुवर्मा आर्थिक द्योतनया रूपय 'पशुपति मुद्रा' चले याना बिउ थें आर्थिक संवृद्धि तातुसें कुवेरया नामक 'वैश्रवण' धयागु शब्द छ्यलाः टक चिना थकूगु जुया च्वन। लिच्छविकालय 'वैश्रवण टक' या प्रचलनं याना नेपालभाषाय 'वैश्रवण' शब्द (संस्कृतय अपायचकं चल्ती मजूसां) आपा चल्ती जू व गु खः।

लिच्छवि शिलालेखय लूगु नेवाः भायया शब्द निसें कया तिव्वत वर्मेली परिवारया छगू भाषा जुया नं थ्व भाषा थौंया नेपालभाषा रूप कायेत व्वःललं न्ह्यज्याःगु पलाः हे थ्व नेपालभाषा विकासक्रमया अध्ययन याये बहगु पक्ष थें च्वं। नेपाल भाषाया इतिहास अध्ययन यायेत थुकी ध्यान तयेमाः थें च्व।

(पाटन संयुक्त क्याम्पसय सञ्चालित नेपालभाषाया स्नातकोत्तर तगिंया विद्यार्थीपिंत निदँ न्ह्यो श्री धनवज्र बज्राचार्य न्यंका दीगु प्रवचन न्यन्यं उबले स्नातकोत्तर तँय अध्ययनरत श्री चन्दा बज्राचार्य च्वया तःगु च्वखँ व उगु प्रवचनया क्यासेटया लिधंसाय वयकलं इच्छा याना बिज्या कथं थुगु च्वखँ तयार यानाः न्ह्यब्वयागु खः। आशा दु, थुकिं सम्बन्धित प्राध्यापक, विद्यार्थी व अनुसन्धातापिंत ग्वाहलि वी।-सं.)

(साभार- खेलुइता, ने.सं. ११०६ म्हपुजा)

# ख्वप विश्वविद्यालय र डा. केसीको अनशन

जे.एल.'विनायक'

सत्तामा अहिले नेका छ । हिजो माओवादी र अस्ति एमाले थियो । यी पार्टीहरूले देशलाई समृद्ध बनाउने, नयाँ नेपाल बनाउने, विकासमा फड्को मार्ने भनी आफूलाई आफैले विशेषण दिँदै आएका छन् । अझ आफूले जति अरुले विकास गर्न नसक्ने दाबी गर्न पनि भ्याएका छन्, तर व्यवहारमा यिनीहरू खरो र इमानदार देखिएका छन् त ?

कुनै आग्रह-पूर्वाग्रह नराखी सत्तामा जाने र बस्ने दलहरूको क्रियाकलापलाई नियाल्ने हो भने तिनीहरूले स्ववरण गरेको विशेषण र दाबी छलछाम र बेइमानीमात्र देखिएको छ । यदि तिनीहरू वास्तवमै विकास प्रेमी, परिवर्तनवादी र देश एवम् जनताका हितैषी भएको भए हामी विकासशील देशको सूची वा लाममा पुच्छारमा नै रहिरहनु पर्ने थिएन । नेपालसँगै स्वतन्त्र भएका देशहरू विकसित देशको सूचीको शिखरमा पुगिसक्दा हामी 'अरुको मुख ताक्ने' देशको सूचीमा उक्लेको उक्ल्यै हुने थिएनौं । अन्तर्राष्ट्रिय जगतमा एउटा पीछडिएको, गरिब, दानपात्र लिएर हिंड्ने देशको छवि बन्ने थिएन । देश र जनता गरिब भए पनि सत्तामा पुगेका नेताहरू, तिन्का प्रिय उद्योगपति, व्यापारी, ठेकेदार, तस्कर, काला बजारी म्यानपावर कम्पनीका मालिक रातारात अर्ब र खर्बपति हुने थिएनन् । सारा नेपालीले प्रत्यक्ष देखे-भोगेका यी तथ्यले देशको 'प्रमुख' पार्टी भनिएका ती दलहरूको नियत र चरित्र देश र जनताको हितमा नभएको घाम जतिकै प्रस्ट हुन्छ ।

विकास-निर्माणको कुरा आउँदा सत्तामा बस्ने र जानेहरूले प्राय: एउटा समान थेगो भट्याउने गर्छन्- सरकारको मुखमात्र ताक्ने प्रवृत्ति र चरित्र त्यागेर आफै अघि सर्नुपर्छ । कुरा राम्रो हो । राम्रो कुरालाई व्यवहारमा उतार्न सरकार वाधक होइन सहायक हुनु पनि आवश्यक छ । तर जुनसुकै नाम वा झन्डाका दल सरकारमा पुगेपनि व्यवहारमा अरुले विकास-निर्माणको कदम चाल्यो भने डाहा र ईर्ष्या गर्ने, वाधा र व्यवधान तेर्स्याउने, भाँजो हाल्ने र खुट्टा तान्ने प्रवृत्ति र चरित्र निर्लज्जतापूर्वक प्रदर्शन गरेको देखिन्छ । सन्दर्भ ख्वप विश्वविद्यालयको हो ।

भक्तपुर नगरपालिकाले अन्य क्षेत्रसँगै ज्ञान विज्ञानको केन्द्र बनाउन शिक्षा क्षेत्रलाई विशेष महत्त्वकासाथ प्राथमिकतामा राखेको जगजाहेर छ । भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप कलेजहरूलाई शिक्षा क्षेत्रका इमानदार विज्ञहरू, अभिभावक र विद्यार्थीहरूले रुचाउको तथ्य सर्वविदित छ । कम शुल्कमा स्तरीय शिक्षा दिइरहेको ख्वप कलेजहरूमा मनाङ एक जिल्लाबाहेक देशका ७४ जिल्लाका विद्यार्थीहरूले अध्ययन गरेका छन् । यसबाट यसको गुणस्तर र ख्यातीको थप वर्णनको आवश्यकता रहेन । यसैबाट उत्साहित, प्रेरित र देशको आवश्यकतालाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्न खोजेको हो । देशलाई नयाँ दृष्टिकोण दिने, देशको कला-संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने, शिक्षालाई उत्पादन श्रमसँग जोड्ने, 'प्रचलित' भन्दा धेरै सस्तोमा चिकित्सा शास्त्र पढाएर उत्पादित चिकित्सकहरूबाट देशको कुना काप्चाका जनताको सेवा गर्ने उद्देश्य र लक्ष्य राखेर ख्वप विश्वविद्यालय सञ्चालन गर्न खोजेको कुरा विभिन्न सञ्चार माध्यमबाट प्रशस्तै आइसकेका छन् । यसको निम्ति निरीक्षण र अनुगमनमा पटक-पटक आएका टोलीहरूले ख्वप विश्वविद्यालयको निम्ति आवश्यक पूर्वाधार भएको, सफलतासाथ सञ्चालन हुने कुरामा विश्वस्त भएको, हाम्रो प्रतिवेदन सकारात्मक हुने कुरामा ढुक्क हुन विश्वास दिलाएको, कुनै निरीक्षण टोलीका सदस्यले अन्यत्र वा फलानो विश्वविद्यालयको निरीक्षण गर्दाको तुलनामा पूर्वाधार प्रशस्तै भएको र आफूसँग अधिकार भएको भए अहिल्यै स्वीकृति दिए पनि फरक नपर्नेसम्मको आश्वासन दिएका थिए । सारमा ख्वप विश्वविद्यालय सञ्चालन गर्न पूर्वाधार विद्यमान रहेको छ । तर पनि ख्वप विश्वविद्यालयको विधेयक संसदमा ल्याइएन र संसदको कार्यकाल नै समाप्त भयो ।

ख्वप विश्वद्यिालयको लागि सत्तामा जाने र बस्ने नेका, एमाले र माओवादी तीनवटै पार्टीका शीर्षस्थ नेताहरूले सकारात्मक भन्दै विधेयक संसदमा ल्याउने वचन दिएका थिए । बेलाबखत ख्वप विश्वविद्यालयको विधेयक छलफलमा ल्याइने, पारित हुने जस्ता समाचार पनि पत्रपत्रिकामा आएको थियो । यसले भक्तपुरवासीलाई मात्र होइन देशभरिकै शिक्षाप्रेमीहरूमा आशा र हर्षको सञ्चार गराएको थियो । तर सत्ताको नेतृत्व गर्ने नेता र मन्त्रीहरूको बोली 'मर्दले बोलेको' वा '३२ दन्तले बोलेको' प्रमाणित भएन । विगतमा

जनआन्दोलनबाट संसद पुनःस्थापना भएपछि स्थानीय निकायका जनप्रतिनिधिलाई पुनः बहाली गर्ने आश्वासन, प्रतिज्ञा र निर्णय गरेका थिए । तर त्यसको पालना नगर्दा कथित 'ठूला र प्रमुख' दल र तिन्का नेताहरूको बोली आची पुछेर फालेको कागजभन्दा सस्तो सावित भएका थिए । ख्वप विश्वविद्यालयको सन्दर्भमा पनि ती नेताहरूले आफ्नो बोली रद्दीको टोकरीमा फाल्न लायक बनाए । यसको पछाडि तिनीहरूको दुर्बल चरित्रले मात्र भूमिका खेलेको छैन चिकित्सा क्षेत्रका बलवान माफियाहरू, कतिपय नेता र दलकै लगानीका मेडिकल कलेजहरूमा आइलाग्ने संकटको त्रासले पनि ख्वप विश्वविद्यालयको विधेयक तुहाएको अनुमान र विश्वास गरिएको छ । ती कुरा निराधार नभएको तथ्यका जानकारहरू बेलाबखत भेटिने गरेको बताएका छन् । अन्यथा अन्य विश्वविद्यालयको विधेयक संसदबाट पारित हुँदा २०७२ कार्तिक २६ गते संसद सचिवालयमा दर्ता भएको ख्वप विश्वविद्यालयको विधेयक छलफलमा समेत नल्याउनु वा ल्याउन नसक्नुको अन्य कुनै कारण दृष्टिगोचर हुँदैन, छनकसम्म पाइएको छैन ।

मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालयको विधेयकलाई तुहाइएकै सेरोफेरोमा चिकित्सा क्षेत्रमा चलिरहेको माफियातन्त्रविरुद्ध डा.गोविन्द केसीको आमरण अनशनको चर्चा गर्नु सान्दर्भिक देखिन्छ । डा.गोविन्द केसीले चिकित्सा क्षेत्र विशेष गरी मेडिकल कलेजहरूको स्वीकृति र सञ्चालनमा व्याप्त विकृति र विसंगति विरुद्धको आमरण अनशनप्रति धेरैले सराहना गरेका छन् । तेह्रौं पटकको अनशन तोडाउन सरकारले 'राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७४' पारित गरिसकेको छ, राष्ट्रपतिबाट स्वीकृत हुन बाँकी छ । त्यस अध्यादेशमा डा.केसीको मागलाई सम्बोधन गरिएको बताइएको छ । त्यसमा काठमाडौं उपत्यका अर्थात काठमाडौं, ललितपुर र भक्तपुरमा आगामी १० वर्षसम्म मेडिकल कलेज खोल्न प्रतिबन्ध लगाउने प्रावधान रहेको कुरा पत्रपत्रिकामा आएको छ । यस प्रावधानले ख्वप विश्वविद्यालयको उद्देश्य र लक्ष्यमा प्रत्यक्ष-परोक्ष वाधा पुऱ्याएको देखिन्छ । श्याल कराउनु र बाख्रा हराउनु जस्तो काकताली मात्र हो वा डा.केसीको माग नै प्रतिबन्ध लगाउनु हो ? त्यो खुट्याउन सकिएको छैन ।

यदि डा.केसी मेडिकल माफियाका विरोधी नै हुन्, चिकित्सा शास्त्रका शिक्षामा स्वच्छता ल्याउन खोजेकै हुन् भने प्रतिबन्ध लगाउने माग ख्वप विश्वविद्यालयको सन्दर्भमा मात्र होइन चिकित्साशास्त्र शिक्षाको विकास कै निम्ति पनि प्रत्युत्पादक देखिएको छ । त्यो प्रतिबन्धले गरिबी उन्मूलन गर्न गरिब नै उन्मूलन गरेजस्तै भयो । लुगा सिउन जाने कुनै व्यक्तिको हात लामो-छोटो छ भने बाहुला छोट्याउनुको साटो हात नै काट्न लगाए जस्तै भएन ? यो कस्तो अभियान हो ? अनियमितता, गल्ती, अनैतिक र गैरकानुनी काम गर्ने मेडिकल कलेजलाई कारबाही, नसीहत, सम्बन्ध खारेजलगायतका प्रक्रिया नअपनाई कलेज नै खोल्न नदिनुको सोझो र बुझिने अर्थमा माफियाहरूलाई ढाढस दिनु हो, अर्को शब्दमा माफियाहरूका निम्ति अध्यादेश दूधको साछी विरालो बसेजस्तै भयो । यस्तो काम डा.केसीबाट हुन नपर्ने हो तर भएको देखियो- गुदी कुरा के हो ?

डा.केसीको मागलाई सम्बोधन गर्न ल्याइएको अध्यादेशले ख्वप विश्वविद्यालयको विधेयकलाई के कति बाधा पुऱ्यायो त्यो अध्ययनकै विषय छ । परन्तु ख्वप विश्वविद्यालयलाई स्वीकृति दिने वचन र प्रतिवद्धतालाई तुहाउनेहरूले सस्तोमा स्तरीय चिकित्साशास्त्र पढ्न र पढाउन चाहने विद्यार्थी र अभिभावकहरूप्रति सरकारले अन्याय गरेको छ, साथै देशको लागि आवश्यक चिकित्सा क्षेत्रका जनशक्ति उत्पादनमा नेका, एमाले, माओवादीले अवरोध पुऱ्याएको तथ्य भने जगजाहेर भएको छ ।

**सरसफाइमा जति बढी ध्यान दिइन्छ स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।**

**चिनियाँ नीतिकथा**

## शंका

एकपल्ट एक जना किसानको बंचरो हरायो । उसको मनमा छिमेकको केटोले बंचरो चोरेको शंका लाग्यो । उसले त्यो केटाका चालढाल राम्ररी नियालेर हेऱ्यो । उसलाई त्यो केटो ठ्याक्कै चोर जस्तो लाग्यो । उसले केटाको अनुहार राम्ररी हेऱ्यो । उसलाई केटाको अनुहार पनि चोरकै जस्तो लाग्यो । उसले केटोको कुराकानी सुन्यो र बुझ्यो । त्यो पनि उसलाई चोरकै जस्तो लाग्यो । सारमा, उसलाई त्यो केटोको सबै गतिविधि र बानी व्यहोरा चोरकै जस्तो लाग्यो ।

तर पछि उसले बनमा आफूले दाउरा काट्ने ठाउँमा हराएको बंचरो भेट्टायो । उसले बिर्सेर बंचरो त्यहीं छाडेको रहेछ ।

बंचरो भेट्टाएपछि उसले छिमेकी केटोलाई हेऱ्यो । तर उसलाई त्यसको चालढाल चोरको जस्तो कत्ति पनि लागेन ।

# /fx'n sf] ? ; ofqf

रत्नसुन्दर शाक्य



राहुल सांकृत्यायन (तस्बिरहरू-इन्टरनेट)

नेपाल एवं भारतमा बुद्ध-धर्म र साम्यवादी विचारधारालाई व्यापक रूपमा प्रचार-प्रसार गर्नमा आफ्नो कृतिहरूद्वारा अमूल्य योगदान दिनुभएका केही विद्वानहरूमा महापण्डित राहुल सांकृत्यायनको नाम अग्रपंक्तिमा लिन सकिन्छ ।

२० औं शताब्दीका एक बेजोड प्रतिभाशाली व्यक्तित्व राहुल सांकृत्यायनले विशेषतः संस्कृत, पाली, तिब्बती, अंग्रेजी, चीनी, रुसी आदि दर्जनौं भाषामा रहेका प्राचीन र नविन साहित्यको अनवरत अध्ययन मनन गरी धर्म, दर्शन, लोकसाहित्य, यात्रा साहित्य, इतिहास, राजनीति, जीवनी, कोश, प्राचीन तालपोथिहरूको सम्पादन आदि गरी हामीलाई १५० वटाभन्दा बढी कृति छोडेर जानुभएको छ ।

९ अप्रिल १८९३ का दिन भारतको उत्तर प्रदेशस्थित आजमगढ जिल्लाको पन्दहा नामक गाउँमा पिता गोवर्धन पाण्डे र माता कुलवन्तीका जेष्ठ पुत्रको रूपमा जन्मनुभएका केदारनाथ पाण्डे नै महापण्डित राहुल सांकृत्यायन हुन् ।

बालक केदारनाथले आफ्नै जन्मस्थान पन्दहा मा प्राथमिक शिक्षा र गाउँ जनिक (३-४ माइलस्थित) निजामावादमा मिडिल शिक्षा मात्र प्राप्त गरी आफ्नो स्वअध्ययन र अन्वेषणबाट 'महापण्डित' हुन पुगेका थिए । उहाँ सन् १९१२ को सेप्टेम्बर महिनादेखि विहार प्रदेशको छपरा-परसास्थित महन्त लछुमनदासको शिष्यत्वमा 'साधु रामोदर' भई त्यागी जीवन बिताउँदै आउनु भयो । त्यसताका उहाँ वैष्णवी साधु हुनुहुन्थ्यो ।

सन् १९०९ मा १६ वर्षको उमेरदेखि घरवार त्यागी घुमक्कड बन्नुभएका केदारनाथ जब 'साधु रामोदर' हुनुभयो तब सहस्रावयोंदेखि एक-आपसमा सम्बन्धित (घनिष्ठ) हुँदै आएको साधुभेष र धुमक्कडीको निर्वाह गरी रामोदर साधुले हिन्दू साधुको रूपमा डेढ दशकभन्दा बढी समयसम्म बिताउनु भएको थियो । पछि पुनः बौद्ध भिक्षुको रूपमा ६-७ वर्षको अवधिमा एशिया र यूरोपका विभिन्न देशहरूमा समेत पुग्नु भएको थियो ।

सन् १९१७ मा रुसमा भ्लादिमिर इल्यिच लेनिन (सन् १८७०-१९२४) को नेतृत्वमा रुसी मजदुर क्रान्ति भइरहेको बेला २४ वर्षका साधु रामोदर उत्तर प्रदेशको बुन्देलखण्डस्थित महेशपुरामा स्वामी दयानन्द (सन् १८२४-८३) द्वारा स्थापित आर्यसमाजी विचारधाराको प्रचार प्रसारार्थ एक वैदिक विद्यालय संचालन गरिराख्नु भएको थियो । उहाँ रुसी क्रान्तिको सफलताबाट प्रभावित भएको फलस्वरूप त्यसबेलादेखि नै 'साम्यवाद' प्रति आकर्षित हुनुभयो । अतः उहाँ सोभियत-रुसप्रति आकर्षित हुँदै सो विशाल देशमा पुगी त्यहाँको व्यावहारिक रूप हेर्ने आकांक्षा राख्नुभएको थियो जसको पूर्ति गर्ने अवसर उहाँलाई पछि ४ पटकसम्म भयो- सोही ४ पटकको उहाँको रुस यात्राको संक्षिप्त वर्णन एवं उपलब्धि यहाँ प्रस्तुत गरिन्छ ।

## पहिलो रूस यात्रा-सन् १९३५

सन् १९१७ मा रामोदर साधुले रुसी क्रान्तिको खबर गणेश शंकर 'विद्यार्थी' (सन् १८९०-१९३१) को 'प्रताप' बाट पाउनु भएको थियो । त्यस पत्रिकामा प्रकाशित रुसी मजदुर क्रान्तिको खबरले तरुण रामोदर साधुलाई निकै प्रभावित पार्‍यो । त्यसताकाको आफ्नो मनस्थितिको बारेमा राहुलले उल्लेख भएको छ-

'सन् १९१८ के प्रथम पादतक छन-छनकर काफी खबर रुसी मजदुर क्रान्ति की मेरे कानोतक पहुंची थी । मैंने उन उडती खबरों, और जब-तब समाचारों से सुन लिये साम्यवाद के विकृत आकारको अपनी समझ में सुलझाकर

एक साम्यवादी जगतकी कल्पना करने लगा। सन् १९१८ के आदिम महिनों में ही मैने इस विषय पर एक पुस्तक लिखनी चाही थी, और उसका खाका बना लिया था और पीछे गुम हो गया। उस पुस्तकको एक दुसरे ढंग से संस्कृत पद्योंमें १९२२ में मैंने लिखना चाहा किन्तु वह भी कुछ सर्गों तक ही रहगई, और अन्तमें वह काम **'बाईसवीं सदी'** के नाम से १९२३-२४ ई. मे हजारीवाग जेल मैं पूरा हुआ।'

रामोदर साधुले सन् १९२३-२५ मा हजारीवाग जेल यात्रा, सन् १९२६ मा लद्दाख यात्रा, सन् १९२७-२८ मा श्रीलंकामा संस्कृतका प्रोफेसरी र पाली बौद्ध साहित्यको अध्ययन, सन् १९२९-३० मा तिब्बतमा लुप्त ग्रन्थहरूको खोज, सन् १९३०-३४ भित्रमा बौद्ध भिक्षु राहुल सांकृत्यायन भई यूरोप भ्रमण र पुनः लद्दाख यात्रा (सन् १९३३) पश्चात् सन् १९३५ मा जापान भ्रमणको क्रममा त्यहाँबाट कोरिया-मंचुरिया हुँदै ४ सेप्टेम्बर १९३५ का दिन रुसको राजधानी मास्को पुग्नुभएको थियो। यस पहिलो पटकको सोभियत भूमिको यात्रामा उहाँ सिर्फ १४ दिनमात्र रहन पाउनु भएको थियो। उहाँ मास्कोबाट लेनिनग्राड जाने चाहना भएर पनि अनुमति नपाएको कारण बाकू-ईरान हुँदै भारत फर्कनु भएको थियो।

## दोस्रो रुस यात्रा-सन् १९३७-३८

सन् १९३६ मा राहुल सांकृत्यायनले लुप्त बौद्ध ग्रन्थहरूको खोजको निमित्त तेस्रो पटक तिब्बतको यात्रा गर्नु भएको थियो। यस पटकको यात्रामा उहाँले तिब्बतमा प्राचीन बौद्ध दार्शनिक आचार्य असंगको 'योगाचारभूमि' र आचार्य धर्मकीर्तिको 'प्रमागवार्तिक' ग्रन्थ को मूलप्रति पनि प्राप्त गर्नुभएको थियो। यसको खबर देश-विदेशमा समेत फैलियो। सोभियत रुसको लेनिनग्राड शहरमा रहनु भएका विश्वप्रसिद्ध बौद्ध विद्वान आचार्य थियोडर श्चेर्वात्स्को (Theodor Ippolitorich Stcherbatsky) (सन् १८६६-१९४२) यस खबरबाट अत्यधिक प्रभावित हुनु भएको थियो। उहाँ लेनिनग्राड विश्वविद्यालयको प्राचार्य प्रतिष्ठानका प्रमुख हुनुहुन्थ्यो। उहाँ उक्त ग्रन्थ हेर्नको निमित्त आफ्नो सहायक डा.बोस्तोकोफका साथ भारत आउन चाहेका थिए तर उहाँको उमेरको कारण (७१ वर्ष) आउन सक्नुभएन बरु उहाँले विश्वविद्यालयकै प्राच्य प्रतिष्ठानको तर्फबाट महापण्डित राहुल सांकृत्यायनलाई सन् १९३७ मा सोभियत रुसमै निमन्त्रित गराए।

राहुल सांकृत्यायन सन् १९३७ को सेप्टेम्वर महिनामा ईरानको बाटो हुँदै दोस्रो पटकको रुस भ्रमण शुरु गरे। उहाँ १६ नवम्बर १९३७ का दिन लेनिनग्राड पुग्नुभयो र आचार्य थियोडर श्चेर्वात्स्कीसित भेट गर्नुभयो। आचार्य स्चेर्वात्स्की विश्व विख्यात संस्कृतज्ञ पनि थिए। उहाँका शिष्यशिष्याहरूमा



विद्वान आचार्य थियोडर श्चेर्वात्स्को

लोला नामक एक महिला पनि थिए जो फ्रेन्च, अंग्रेजी र मंगोलभाषाका पनि ज्ञाता थिए साथै Oriental Institute का सचिव थिए।

राहुल सांकृत्यायनसित लोलाको पहिलो भेट २८ नोभेम्बर १९३७ का दिन भएको थियो। राहुल सांकृत्यायनले उनीसित रुसी भाषा सिके त उहाँले लोलालाई संस्कृत भाषा सिकाए। उहाँहरू एक आपसमा नजिक हुँदै गए र २२ डिसेम्बर १९३७ का दिन पति-पत्नी भए।

राहुल सांकृत्यायनको दोस्रो रुस यात्रा त्यस्तो समयमा हुन गयो कि रुसमा त्यसताका क्रान्तिको विरुद्ध एक ठूलो षडयन्त्र भइरहेको थियो अतः उहाँलाई रहने स्थायी प्रवन्ध गर्ने बारे निर्णय गर्न हिचकिचाहत देखियो। यता भारतमा उहाँको निवेदनअनुसार विहार सरकारको तर्फबाट पुनः तिब्बत अभियान (चौथो पटक) को निमित्त स्वीकृति सहित आर्थिक सहयोगको प्रबन्ध भइसकेको थियो। अतः राहुल सांकृत्यायन सोभियत रुसमा आफ्नो दोस्रो पटकको बसाई पूर्ण गरी नवविवाहिता लोला सांकृत्यायन र गुरुवर आचार्य थियोडर स्चेर्वात्स्कीसित विदा लिई अफगानिस्तान (काबुल) को बाटो हुँदै सन् १९३८ को फरवरीको दोस्रो हप्तामा भारत आइपुग्नु भएको थियो।

## तेस्रो रूस यात्रा-सन् १९४५-४७

सन् १९३८ मा राहुल सांकृत्यायनले चौथो पटक ६ महिनाको तिब्बत यात्रा सम्पन्न गरी २ अक्टोवर १९३८ का दिन (गान्टोक-सिलीगुडी हुँदै) कलकत्ता पुग्नुभयो। राहुल सांकृत्यायनले ११ वर्ष पश्चात् पुनः क्रियात्मक राजनीतिमा लाग्नुभयो।

सन् १९३९ को अक्टोवर १९ का दिन मुंगेरमा स्थापना गरिएको 'विहार कम्युनिष्ट पार्टी' मा (संस्थापक सदस्यको रूपमा) राहुल सांकृत्यायन पनि सम्मिलित थिए। उहाँले त्यसताका जमिनदारको विरुद्ध किसान सत्याग्रहमा अगुवाइ गरेबापत ३ महिनाको जेल सजाय पाउनु भयो। त्यसताकाको जेल यात्राकाल (२४ फरवरी-१० मई १९३९) मा राहुल सांकृत्यायनले **'तुम्हारी क्षय'** नामक निबन्ध पुस्तक र **'जीने के लिये'** नामक उपन्यास पनि लेख्नु भएको थियो। यी दुवै कृति उहाँले छपरा जेलमा लेख्नुभएको थियो।

छपरा जेल यात्रा पश्चात् राहुल सांकृत्यायन 'अखिल भारतीय किसान सम्मेलन' को सभापति (आन्ध्रप्रदेशको पलाशा गाउँमा हुने) नियुक्त भएको कारण त्यसको निमित्त प्रयागको एक मित्र कहाँ रही अभिभाषण लेखिरहनु भएको बेला इलाहावाद (प्रयाग) मा उहाँलाई गिरफ्तार गरी शुरुमा मलाका जेलमा पुऱ्याइएको थियो।

मलाका जेलमा १२ दिन राखेपछि राहुल सांकृत्यायनलाई २७ मार्च १९४० का दिन हजारीवाग जेलमा लगिएको थियो। हजारीवाग जेलमा ९ महिना राखेपछि उहाँलाई २६ दिसम्बर १९४० का दिन देवली कैम्पमा पुऱ्यायो, त्यहाँ पूरा एक वर्ष (२६ दिसम्वर १९४०-२७ दिसम्वर १९४१) बिताई पुनः २ जनवरी १९४२ का दिन हजारीवाग जेल मै ल्याइयो, जहाँ ७ महिना रहेपश्चात् २३ जुलाई १९४२ का दिन राहुल सांकृत्यायनलाई जेल मुक्त गरिदिएको थियो।

राहुल सांकृत्यायनले यस २९ महिना (मार्च, १९४०-जुलाई १९४२) को जेल यात्रा कालमा विशेषतः ४ वटा ग्रन्थको रचना गर्नुभएको थियो ती हुन्- **विश्वकी रूपरेखा, मानव समाज, दर्शन दिग्दर्शन** र **वैज्ञानिक भौतिकवाद**। यसको साथै उहाँले जनसाधारणलाई वैज्ञानिक समाजवादको ऐतिहासिक प्रक्रिया र महत्तालाई सहज शैलीमा बुझाउनको निमित्त दुई वटा अन्य कृतिको पनि रचना गर्नुभएको थियो ती हुन्- **'भोल्गासे गंगा'** र **भागो नही दुनियाको बदलो**।

राहुल सांकृत्यायनले अन्तिम पटकको यस जेलयात्रा काल (२९ महिना) पश्चात् वर्षदिन विहार, उत्तरप्रदेश र महाराष्ट्र प्रदेशका विभिन्न स्थानहरूमा राजनीतिक एवं साहित्यिक गतिविधिमा लाग्नु भयो। सन् १९४३ को अप्रिलमा ३४ साल पछि राहुल सांकृत्यायन आफ्नो मातृग्राम (पन्दह) र पितृग्राम (कनैला) को हप्तादिनको यात्रा गरेको पनि स्मरणीय छ।

यस अवधि (सन् १९४३) भित्रमा रुसमा उहाँको पुत्र जन्मेर पनि ५ वर्ष भइसकेको, रुसको विभिन्न शहर एवं लेनिग्राडमा जर्मन सेना (हिटलर) सेनाको आक्रमणबाट हताहत आदिको खबरबाट उहाँ पुनःरुस जाने तरखरमा लाग्नुभयो। उहाँ वर्षदिनपछि मात्र सन् १९४४ को अक्टोवरको अन्तमा इरानको बाटो हुँदै (इरानमा भीसाको सन्दर्भमा ७ महिना बसी ४ जून) १९४५ का दिन लेनिग्राड पुग्नुभयो।

उहाँ लेनिनग्राड विश्वविद्यालयको प्राच्य विभागमा संस्कृत अध्यापकको रूपमा निमन्त्रित भई जानुभएको थियो। शुरुमा उहाँले संस्कृतमात्र पढाउनु भएको थियो पछि हिन्दी र तिब्बती पनि पढाउनु भएको थियो।

यस पटकको २५ महिनाको रुस प्रवास काललाई उहाँले **'रुस मे पच्चीसमास'** नामक कृतिको रूपमा लेखी पूर्ण विवरण दिनुभएको थियो जसलाई पछि उहाँको जीवन यात्राको तेस्रो खण्डको रूपमा पनि प्रकाशित गरिएको थियो। यसपटकको रुस प्रवासको प्रमुख उपलब्धि **'मध्यएशियाको इतिहास'** (कृति) लेखनको निमित्त प्रचुर सामग्री (नोटस्) संकलन थियो।

उहाँको तेस्रो रुस यात्रा भारत स्वाधीनता समारोह मनाएको दुइ दिनपछि १७ अगस्ट १९४७ का दिन बम्बई महानगरमा पदार्पण गरेपछि सकिएको थियो। उहाँ लेनिनग्राडबाट लन्दन हुँदै सामुद्रिक जहाजबाट फर्कनु भएको थियो।

## चौथो रूस यात्रा-सन् १९६२-६३

महापण्डित राहुल सांकृत्यायनले तेस्रो रुस यात्रा सम्पनन गरी भारत फर्कनु भएको लगतै सन् १९४७ को अगस्तको दोस्रो हप्तादेखि नै पुनः द्रुतगतिमा साहित्यिक कार्यमा लाग्नुभयो। उहाँले विशेषतः हिन्दी साहित्यको विकासको निमित्त विभिन्न साहित्यिक विधा अन्तर्गत कथा, कहानी, नाटक, उपन्यास, जीवनी, यात्रा, निबन्ध, विज्ञान, दर्शन, पुरातत्त्व, राजनीति, कोश, धर्म, इतिहास विषयमा अझ अनुवाद सम्पादन आदिमा पनि दर्जनौ कृतिहरू जनसमक्ष पुऱ्याउनु भयो।

उहाँको जीवनको अन्तिम दशकमा उहाँलाई आर्थिक समस्या, रुसी पत्नी लोला र पुत्र ईगोरको विछोड, पुनर्विवाहित कमला र पुत्री जया र पुत्र जेताको भविष्यको चिन्ता, प्रतिक्रियावादी बुद्धिजीवि, लेखक, संस्कृतका पुराणपन्थी कट्टर विद्वानहरूको विरोध, दिमागको अत्यधिक परिश्रमको कारण

११ दिसम्बर १९६१ का दिन 'स्मृति–लोप' को आघात हुनगयो साथै अन्य रोग पनि थियो नै। यसैको उपचारार्थ कलकत्ता र दार्जिलिङ्गमा उहाँको राम्ररी (महंगो) उपचार गरेर पनि पूर्ण स्वस्थ नभएको कारण भारतीय कम्युनिष्ट पार्टीको तर्फबाट उहाँलाई उपचारार्थ मास्को (रुस) पुऱ्याइएको थियो यो नै उहाँको चौथो पटकको रुस यात्रा भयो यद्यपि विस्मृत अवस्थामा थियो। मास्कोको अस्पतालमा ७ महिनासम्म रहनु भएपनि उहाँ पूर्ण रूपमा स्वस्थ भएर आउन सक्नु भएन। उहाँका साथ उहाँकी पत्नी कमला सांकृत्यायन पनि हुनुहुन्थ्यो।

उपचारार्थ ३१ अगस्ट १९६२ का दिन मास्को पुग्नु भएका उहाँ ७ महिना पश्चात् केही स्वस्थता पछि कमला सांकृत्यायन सहित १३ मार्च १९६३ का दिन दिल्ली फर्कनु भयो। दिल्लीमा १० दिन रही उहाँहरू २४ मार्च १९६३ का दिन दार्जिलिङ्ग पुग्नुभयो।

९ अप्रिल १९६३ का दिन राहुल सांकृत्यायनको ७० औं जन्मदिवस थियो। यसको निमित्त उहाँका एक गुरुभाइ भिक्षु महानाम 'कोविद' (नेपाली) पनि कलकत्ताबाट दार्जिलिङ्ग आइपुग्नु भएको थियो। उहाँका साथ अन्य केही विहारी साहित्यिक मित्रहरू पनि राहुल सांकृत्यायनलाई जन्मदिनको बधाई एवं शुभकामना दिन आइपुगेका थिए। उक्त दिनभर राहुल सांकृत्यायन प्रसन्न मुद्रामा नै थिए, तर त्यही रातको ९:३० बजे उहाँ छटपटिनु भयो। कमलाले तुरुन्तै रामभवनको डाक्टरलाई फोन गर्नुभयो र डाक्टर आई अन्य केही उपायले नभएपछि निदाउने इन्जेक्सन दियो र उहाँको छटपटाइ शान्त भयो।

भोलिपल्ट १० अप्रिल १९६३ का दिन विहान राहुल सांकृत्यायनलाई एम्बुलेन्समा राखी स्थानीय एडन अस्पतालमा लगियो जहाँ ४ दिन पछि बेहोशी अवस्थामै १४ अप्रिल १९६३ का दिन विहान ११.४५ बजे 'भारतका मार्क्स' हुनु भएका राहुल सांकृत्यायनले आफ्नो ७० वर्षको जीवनकाल समाप्त गर्नुभयो।

१५ अप्रिल १९६३ को दिन मध्यान्हको २ बजे उहाँको शवयात्रा प्रारम्भ भयो। राजकीय सम्मानकासाथ प्रारम्भ गरिएको उहाँको शव यात्रामा हजारौं गण्यमान्य नागरिकहरूको अतिरिक्त दार्जिलिङ्गको डिपुटी कमिश्नर, राज्यपालका सेक्रेटरी तथा ए.डी.सी., कलकत्ता हाइकोर्टका बैरिस्टर स्नेहांशुकान्त आचार्य तथा स्थानीय एस.डी.ओ. पनि स्मशानघाटसम्म जानुभएको थियो।

शवयात्रा भिक्टोरिया पार्कमा पनि लगिएको थियो। उहाँको शवमाथि पश्चिम बंगालका तत्कालीन राज्यपाल कुमारी पद्मजा नायडुले फूलमाला चढाएकी थिइन्। पुलिसको वैण्डबाजाका साथ प्रारम्भ भएको त्यस शवयात्राले सम्पूर्ण नगरको परिक्रमा पछि स्मशान पुऱ्याएको थियो। राहुल सांकृत्यायनको पुत्र ८ वर्षका जेता सांकृत्यायनले आफ्नो पिताको चित्तामाथि आगो राखिसकेपछि चित्ता प्रज्वलित हुँदै गयो र केही घण्टापछि नै राहुल सांकृत्यायनको भौतिक शरीर यस संसारबाट विलीन भयो।

राहुल सांकृत्यायनको दाहसंसकार गरेको ठाउँ–चिहानबारीमा उहाँको एउटा अस्थिकलश राखी एक स्मारक (चैत्य) पनि निर्माण गरेको थियो, जसको मुनि एउटा संगमरमरको पत्थरमा निम्नाङ्कित परिचय दिइराखेको छ–

महानपर्यटक, पुरातत्त्वबेत्ता, बहुभाषिक, त्रिपिटकाचार्य, साहित्य वाचस्पति–महापण्डित राहुल सांकृत्यायन

जन्म–आजमगढ, ९ अप्रिल १८९३

निर्वाण–दार्जिलिङ्ग, १४ अप्रिल १९६३ की पुण्यस्मृति मे उनकी धर्मपत्नी कमला सांकृत्यायनने इस स्तूपका निर्माण कराया।

सहयोग सामग्री

१. भिक्खुत्रयी– रत्नसुनदर शाक्य, धर्मोदय सभा– भक्तपुर शाखा–२०४९
२. मेरी जीवन यात्रा, भाग–२ – राहुल सांकृत्यायन, किताव महल, इलाहावाद– १९५०
३. राहुल सांकृत्यायन– भदन्त आनन्द कौशल्यायन, पीपुल्स पब्लिसिंग हाउस लि., नई दिल्ली – १९७९ (वि.सं.)
४. राहुल स्मृति– रामशरण शर्मा 'मुंशी', श्रीमती पुष्पमाला जैन, पीपुल्स पब्लिसिंग हाउस प्रा.लि., नई दिल्ली–१९८८
५. राहुल–चिंतन–गुणाकर मुले, राजकमल प्रकाशन प्रा.लि., नई दिल्ली–१९९४।



## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

### गुफाँ व फ्याका धों

छम्ह जंगलिम्ह गुफाँ थअगु धवा सीमाए जोएका चोना चोन। उगु बखते अन वम्ह छम्ह फ्याका धों लं वंअथे छाए याना धका वइके नेन। 'छाएधासा जिं अथे याए मागु कारण् छुं मखना: हाकनं सिकारिनं सिकारि खिचानं खने दुगु मखु' धका व फ्याका धोंलं धाल। 'आमथे लाखे, आपत् परे जूइ बले जिं थगु हथियार जोयेका चोनेया सिवे मेगु ज्याएहे लगे जुइमालि' धका व गुफाँ लिसअ बिल।

संग्राम् याए मत्यो बले तुंहे हथियार जीका तएमा।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

नागरिक भावना

# म पनि नाच्ने छु

हेमन्त

परम्परागत नाचगानहेरि गाईजात्रामा रमाउने रामदाइको आशा यस पटक अपुरो रह्यो। उनी भोजमा आधा पेट मात्रै अघाएका पाहुनाजस्तै भए। गाईजात्राभरि दिउँसैदेखि आधा रातसम्म टोल–टोल घुमेर नाचहरू हेर्दा पनि उनलाई किन हो सन्तोष लागेन। उनी अतीतका गाईजात्राहरू सम्झँदै सन्तोषको सास फेर्न बाध्य भए।

अतीतको सम्झनामा डुबेका रामदाइ आफ्नो मनमस्तिष्कमा छाप पारेका नाचहरू सम्झँदै टोलाउन थाले। विगतमा गाईजात्राको अवसर पारेर देखाइने प्रहसनहरू मध्ये 'हरिदासया ख्याल' (हरिदासको प्रहसन) लोकप्रिय थियो। त्यो समसामयिक विषयमा आधारित सडक नाटकजस्तै हुन्थ्यो। हरिदासको प्रहसन प्रस्तुत हुँदा त्यसबेलाका साहु–महाजनहरू अगाडि बसेर हेर्न हिचकिचाउँथे। कारण के थियो भने प्रहसनका पात्रहरू तिनीहरूमाथि तीखो व्यङ्ग्य गर्न पछि पर्दैनन्थे। रामदाइलाई गाईंचा प्याखं (गन्धर्व नृत्य), कपाय फ्यनेगु प्याखं (कपास बाट्ने नृत्य), फाकंदली नृत्य, कलाँलीचा नृत्य, मयूर नृत्य, बाघ नृत्य, भालु नृत्य, कुकुर नृत्य, देवी नृत्य, भैरव नृत्य र महाकाली नृत्यजस्ता नृत्यहरू पनि हेर्नु थियो तर यो वर्ष विभिन्न टोलहरूबाट परम्परागत नृत्यहरू कम सङ्ख्यामा मात्रै प्रदर्शन गरिएका रहेछन्। प्रहसनको सङ्ख्या त शून्य नै थियो। 'हरिदास' को उत्तराधिकारी पनि देखिएन।

रामदाइ खल्लो मन लिएर आधा रातमा घर फर्कँदै थिए। गल्लीको बाटो, बिजुलीको प्रकाश भएता पनि बटुवाहरूको अनुहार स्पष्ट चिन्न गाऱ्हो थियो। मानिसहरूको चहलपहल पनि त्यति थिएन। समयले विगतलाई कतै छोडेरै पो हिँडेछ कि जस्तो रामदाइलाई लाग्यो।

– "अहोऽऽ राम काका ! धेरै वर्षपछि हजुरको दर्शन पाएँ। कहिले पाल्नुभयो ?" लखरलखर अँध्यारोमा हिँडिरहेका रामदाइलाई देखेर हरिकुमारले सोध्यो।

– "एऽऽ चिन्नै पो गाऱ्हो भो तिमीलाई। जनैपूर्णेको अघिल्लो दिन आएको थिएँ बाबु, तिमी ज्ञानबहादुरको छोरा होइन र ?" हरिकुमारलाई गहिरिएर नियाल्दै रामदाइले प्रश्न गरे।

– "हो काका।" हरिकुमारले आदरपूर्वक जवाफ फर्काए।

– "बुबालाई कस्तो छ नि ?"

– "बुबा अहिले घरबाट बाहिर निस्कन गाऱ्हो मान्नुहुन्छ काका। उहाँको स्वास्थ्य पहिलेको जस्तो छैन।" हरिकुमारले सुस्केरा हाल्दै भन्यो।

– "एऽऽ ! मैले सम्झेको छु भन्दिनु है बाबु। म पर्सितिर भेट्न आउँदैछु", राम दाइले सूचना पनि दिए।

– "काकाको परिवारमा सबैलाई सन्चै छ नि काका ?" हरिकुमारले औपचारिकता निभाउँदै सोध्यो।

– "सन्चै छन्, के गर्ने कामको सिलसिलामा बाहिर जिल्ला जानुपऱ्यो। उतै बसियो। घरजम पनि उतैतिर हुनथाले। समयले जता घिच्याउँदै लान्छ त्यतै जानुपर्ने जीवनको बाध्यता रहेछ।" आफ्नो गाउँ आफ्नो ठाउँ छोड्नु पर्दाको दुखेसो रामदाइले हरिकुमारसँग पोख्न थाले।

– "हजुरले यो ठाउँ छोडेर हिंड्दा हामीलाई पनि न्यास्रो लाग्या थियो नि राम काका ! बुबाले पनि यहाँलाई बराबर सम्झिरहनु हुन्छ। टोलको पाटीमा बसेर हजुरले सुनाउनु भएका दन्त्य कथाहरू अहिलेसम्म पनि हाम्रो हृदयमा ताजै छन् काका। त्यसबेलाका हाम्रा साथीहरू हजुरलाई कति सम्झन्थे। अहिले त तिनीहरू कोही अष्ट्रेलिया, कोही अमेरिका त कोही खाडी मुलुकमा मरिमरि परिश्रम गर्दैछन् काका। युग बदलिए छ तर हाम्रो देश भने उँभो लागेन। देशमा पसिना बगाउने ठाउँ नि छैन। अब त धमाधम सबै विदेशिन पो खोज्दैछन् त काका के गर्नु !" हरिकुमारले सुस्केरा हाल्दै आफ्नो टोलको अवस्थाबारे बतायो।

– "जहाँ बसे पनि आफू जन्मेको माटो र माटोप्रतिको माया त्याग्नु हुँदैन। म पनि देश बाहिर नगए तापनि जीविकाको लागि जिल्ला बाहिर गएको छु। तर जिल्ला बाहिर बस्दा साथीभाइ, आफ्नो रितिरिवाज र हाम्रा विभिन्न चाडपर्वहरूको सम्झना निक्कै आउँदो रहेछ। त्यहि भएर धेरै वर्ष पछि हाम्रो परम्परागत नाच हेर्ने आसमा गाईजात्राको अवसर पारेर भक्तपुर आएँ तर विगतमा जति नाचगानबाट सन्तुष्ट हुन पाइँन। हाम्रो परम्परागत नाचमा कमी आएको अनुभव गरेँ। यो दुःख लाग्दो कुरा हो।" रामदाइले गम्भिर हुँदै भने।

–"ए ! साँच्चै यसपाली हाम्रो टोलबाट किन नाच ननिकालेको बाबु ?" रामदाइले अचम्म मान्दै सोधे।

– "के गर्नु काका ! आजका युवाहरूलाई परम्परागत नाचगानमा लाग्न कहाँ फुर्सद छ र। नाचगानमा लाग्दा पढाइ बिग्रने, रातभरी जागा बस्नुपर्ने, कामको खोजीमा जान नसक्ने, खर्च धेरै लाग्ने त्यसमाथि एउटा नृत्य टोली तयार गर्न लाखौं खर्च गर्नुपर्ने रहेछ काका। यही भएर परम्परागत

नाचतिर कसैले चासो राखेनन् ।”

हरिकुमारको कुरा सुनेर राम दाइले दुखेसो पोख्दै भने– “हाम्रा परम्परागत नाचको महत्त्व नै नबुझे पछि कसको के लाग्छ र । हाम्रा सम्पदाहरू मध्य परम्परागत नाच पनि एक हो, अझ भक्तपुर नाचगानको राजधानी भनेर विश्व प्रख्यात छ । भक्तपुरका जनतालाई आत्मनिर्भर बनाउने एउटा बलियो माध्यम हाम्रा नाचगान पनि हुन् । यहाँका जनता विस्तारै भूमिहीन हुँदैछन् । कृषिमा आधारित जनताको पेसामा परिवर्तन आउँदैछ । त्यसकारण हामीले पिता पुर्खाले छोडेको परम्परागत नाचलाई जीवन्त राख्नसक्नुपर्छ । बरु त्यसलाई आम्दानीको स्रोत बनाउने प्रयत्न गर्नुपर्दछ । नाचगानबाट मनोरञ्जन मात्र लिने होइन त्यसलाई कमाइको मुहान बनाउन पनि तल्लिन हुनुपर्छ । भक्तपुरका नागरिकहरूले आफ्ना मठ–मन्दिर, विहार–गुम्बा, दाफा–भजन, पाटी–पौवाको संरक्षण गर्दै परम्परागत नाच जोगाउने भावनालाई विकास गरेमा हाम्रो जय हुनेछ ।” बोल्दा बोल्दै रामदाइको आँखा रसाएछ । आफ्नो टोलबाट परम्परागत नाच लोप हुन थालेको कुरामा रामदाइको आँखा रसाएको देख्दा हरिकुमार जिल्ल पर्‍यो र के पो सोचेर हो रामदाइको मुहार हेरिरह्यो । रामदाइको भावुकता देखेर हरिकुमारको मनमा पनि परम्परागत नाचगानको महत्त्वले बिझेछ क्यार, उसले मन मनै निधो गर्‍यो– अर्को सालदेखि म पनि नाच्नेछु ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

## हार्दिक समवेदना



**स्व. सेतीमाया घिसिङ्ग**

**जन्म : १९९३ मंसिर १५ निधन : २०७४ मंसिर ०६**

भक्तपुर नगरपालिकाका कर्मचारी विमलादेवी थिङका ममतामयी माता **सेतीमाया घिसिङ्ग**को दुःखद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि धहार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका परिवार**

## हार्दिक समवेदना



**स्व. मुयाँ गाईसी**

**जन्म : १९९३ माघ १५ निधन : २०७४ मंसिर ०६**

भक्तपुर नपाको वडा नं. १ का कार्यालय सहयोगी रामशरण गाईसीका माता **मुयाँ गाईसी**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका परिवार**

# P]txfl;s gu/ eQmk'/df k|rlnt k/Dk/fut rf8kj{§f] ;Hrgf



सह प्रा.डा. बलराम कायस्थ

## सार

चाडपर्वका लागि उर्वर भूमि मानिने भक्तपुरमा हरेक वर्ष अनगिन्ति चाडपर्व, जात्रा, उत्सव लगायतका सांस्कृतिक गतिविधिहरू अद्यावधि प्रचलित रहँदै आएका छन् । चाहे सानो होस् वा ठूलो, यहाँ हरेक दिन एउटा न एउटा पर्व परिरहेकै हुन्छ । ३६५ दिनको वर्षमा ३६६ वटा पर्व आउँछन् भन्ने लोकोक्ति यहाँ प्रचलित रहेबाट नै यस कुराको पुष्टि हुन्छ । यसरी वर्षैपिच्छे चक्र झैं घुमेर आउने यस्ता पर्वहरूलाई निष्ठाका साथ ग्रहण गरेर मनाउने परम्परा यहाँका बासिन्दाहरूमा परापूर्वकालदेखि रहँदै आएको पाइन्छ । यस्ता चाडपर्व लगायतका सांस्कृतिक गतिविधिहरू मनाउने परम्पराको विकास किन र कसरी भयो भन्दा यसको सजिलो जवाफ यस्तो आउँछ – आर्थिक सम्पन्नता, धर्मकर्मप्रतिको विश्वास अनि मनोरञ्जन ।

## विषय प्रवेश

प्राचीन समयमा यो ठाउँ आर्थिक रूपमा सम्पन्न थियो । यहाँको उर्वर भूमिका कारणले गर्दा कृषि उत्पादन प्रशस्त हुन्थ्यो । वर्षको ३, ४ महिनामात्र काम गरेपनि वर्ष दिनभरि खान पुग्ने अन्न उत्पादन हुने हुनाले बाँकी फुर्सदको समयमा स्थानीयवासीले विभिन्न किसिमका नाचगान, भोज-भत्तेर, जात्रा, पर्व मनाउने परम्पराको थालनी गरे । वास्तवमा चाडपर्व मनाउनाले धर्म सँगसँगै मनोरञ्जन पनि प्राप्त हुने अनि समाजमा सामाजिक सद्भाव पनि बढ्ने भएकोले यसलाई जो कोहीले पनि सामाजिक प्रतिष्ठाको रूपमा आत्मसात गरेको पाइन्छ । जनविश्वास के पाइन्छ भने स्थानीय संरक्षक देवीदेवताको वर्षको एकपटक जन्मोत्सवको रूपमा निश्चित् दिनमा "बुसादँया जात्रा" गर्ने प्रचलन भक्तपुर लगायत अन्य नेवार बस्तीहरूमा रहेको देखिन्छ ।[१] भक्तपुरमा भैरवनाथ, बनेपामा चण्डेश्वरी, पाटनमा मच्छिन्द्रनाथ, काठमाडौंमा कुमारी लगायत स्थानविशेषका प्रख्यात देवदेवीलाई वर्षको एकपटक निश्चित् तिथि र साइतमा मूल देवगृहबाट बाहिर ल्याई रथ वा खटमा राखेर जात्रा गर्ने परम्पराले यस कुराको पुष्टि हुन्छ ।

यद्यपि आधुनिक विद्वानहरू चाडपर्वले मानिसको समय, स्रोत र पैसाको मात्रै नाश गर्छ भन्ने सोचाइ राख्छन् ।[२] तर गहिरिएर अध्ययन गरेको खण्डमा चाडपर्व समाज र संस्कृतिको स्तर मापन गर्ने प्रमुख आधार रहेको देखिन्छ । जुन समाजमा जति बढी यस्ता चाडपर्वहरू प्रचलित हुन्छन्, त्यो समाज त्यति नै संस्कृतिले सम्पन्न मानिन्छ ।

## चाडपर्वको संरचना

भक्तपुरका चाडपर्वको उत्पति सम्बन्धमा ध्यान दिंदा विशेष गरेर धर्म, मनोरञ्जन र सामाजिक सद्भाव यी तीन उद्देश्यगत आधारमा नै यहाँका चाडपर्वहरूको संरचना भएको देखिन्छ । उपत्यकामा प्रचलित समग्र चाडपर्वहरूको पृष्ठभूमितर्फ ध्यान दियो भने यी तथ्यहरू वास्तविकताको नजिक रहेको थाहा हुन्छ । वास्तवमा धर्मसँगै मनोरञ्जन पनि हुने र त्यसबाट सामाजिक एकता पनि प्रदर्शित हुने भएकोले नै यहाँका चाडपर्वहरू संरचित हुन आएको बुझिन्छ ।[३] यस अतिरिक्त आर्थिक समुन्नति र राजनैतिक स्थिरता जस्ता कारणले पनि यहाँको सांस्कृतिक पर्वहरूको संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । वास्तवमा समुन्नत आर्थिक अवस्थाको पृष्ठभूमिमा नै कुनै पनि सभ्यता र संस्कृतिले मौलाउने अवसर पाउँछ । एकातिर प्रशस्त उत्पादन हुने यहाँको कृषियोग्य जमिन, अर्कोतिर तिब्बत र भारतसँगको बाह्य व्यापार, घरेलु उद्योगको विकास आदि कारणले यहाँको राज्य र जनता दुवैको आर्थिक स्थिति दरिलो थियो । यस किसिमको सम्पन्न आर्थिक परिवेश अनि धर्मकर्म प्रतिको अगाध आस्था र विश्वासले गर्दा यहाँका बासिन्दामा विभिन्न किसिमका नाचगान, भोजभत्तेर, चाडपर्व, जात्रा, उत्सव मनाएर रमाइलो गर्ने परम्परा विकास हुन गयो । यस्ता सांस्कृतिक पर्वहरूको संरक्षण, सम्बर्द्धनको लागि तात्कालीन शासक वर्ग र प्रजाजनले आ-आफ्ना खेत जग्गा गुथि राखी दिए, जसको आयस्ताबाट आजसम्म पनि यी पर्वहरू संचालन हुँदै आएका छन् । अर्को कुरा, यहाँको स्थिर र शान्त राजनीतिक स्थितिले पनि सांस्कृतिक पर्वहरूको विकासमा टेवा पुऱ्याएको देखिन्छ । यसभन्दा पनि महत्त्वपूर्ण कुरा यहाँका शासकहरूमा रहेको

धर्मकर्म प्रतिको आस्था, कलासंस्कृति प्रतिको प्रेम, उदारवादी चरित्र आदि हो। यसैकारण भक्तपुर समग्र नेपाल मण्डलको राजधानी छँदा र त्यसपछि विखण्डित भक्तपुर राज्यको राजधानीमात्र रहँदा पनि मल्ल शासकहरूले सदैव चाडपर्व, जात्रा लगायतका अवसरमा आयोजना गरिने सांस्कृतिक गतिविधिलाई प्रोत्साहित गर्न सक्रिय रूपले लागी पर्दथे।[४] यहाँका मल्ल राजाहरू आफैं विभिन्न जात्रा, नाचगानहरूमा सहभागी भएका उदाहरणबाट पनि यस कुराको पुष्टि हुन्छ।[५] तात्कालीन सामाजिक परिवेशमा मनोरञ्जनको एउटा प्रमुख माध्यम चाडपर्व पनि रहेको पाइन्छ। प्राचीन किरात काल र त्यसभन्दा पूर्व मनोरञ्जन (आमोदप्रमोद) को के कस्तो स्थिति थियो भन्ने कुरा प्रमाणको अभावमा बताउन सकिन्न। तर पनि यहाँको भौगोलिक अवस्था, अविकसित समाज, पछौटेपन जस्ता कारणले गर्दा शिकार खेल्नु, धनुर्वाण चलाउनु, चित्र कोर्नु, मूर्ति बनाउनु, आदि क्रियाकलाप गरेर त्यसबेलाको समाजले मनोरञ्जन लिने गर्दथ्यो भन्ने अनुमान गर्न सकिन्छ।[६] तर लिच्छवीकालसम्म आइपुग्दा यहाँको समाज व्यवस्थित र क्रमिक रूपमा विकसित हुँदै गएकाले र लिच्छवी शासकहरूका साथै यहाँका बासिन्दाहरूको धर्मभीरु स्वभावको कारणको फलस्वरूप धर्म, पुण्य, लोककल्याण, सामाजिक स्थिरता तथा मनोरञ्जन आदि अभिप्रायले विभिन्न प्रकारका धार्मिक पर्व, जात्रा[७], नाचगान[८], भोज जस्ता विविध सांस्कृतिक गतिविधिहरू सहितको चाडपर्वहरूको व्यवस्था हुन आएको तथ्य लिच्छवीकालीन अभिलेखहरूको अध्ययनको आधारमा थाहा हुन्छ। वास्तवमा धार्मिक कर्ममा अगाध आस्था भएको यहाँको समाजमा विविध किसिमका चाडपर्वहरूको उत्पत्ति हुँदै आएको बुझिन्छ।[९] यद्यपि लिच्छवीकालमा प्रचलित कतिपय चाडपर्वहरू वर्तमान समयसम्म आइपुग्दा लोप भइसकेका छन्। तर केही जात्राहरू भने हालसम्म पनि प्रचलित रहेको बुझिन्छ। संवत् ५२६ (वि.सं. ६६१) को शिवदेव अंशुवर्माको लेले अभिलेखमा अनेकौं प्रकारका गोष्ठी (गुथि) का साथै ध्वजगोष्ठीको पनि उल्लेख हुन आएको र ध्वजाको बन्दोवस्तका लागि ध्वज गोष्ठी बनेको आधारमा लिंगोमा ध्वजा फहराई जात्रा गर्ने चलन त्यसबखत लोकप्रिय थियो[१०] भन्ने कुरा यसबाट पनि थाहा पाइने हुनाले वर्तमानमा प्रसिद्ध रहेको यहाँको प्रमुख जात्रा विश्वजात्रा सातौं शताब्दीमै लोकप्रिय रहेको थियो भन्ने अनुमान हुन्छ। अनि नरेन्द्रदेवको संवत् ८० को अनन्तलिङ्गेश्वर अभिलेखमा वराह यात्राको उल्लेख भएको र जगदीशचन्द्र रेग्मीद्वारा यो जात्रा भक्तपुर भेकतिरै हुन्थ्यो[११] भनिएको आधारमा अहिले भक्तपुरमा हरेक वर्ष हुने वाराही जात्रा यही वराह यात्राको विकसित रूप हो भन्ने अनुमान गर्न सकिन्छ।[१२] वास्तवमा अनन्तलिङ्गेश्वर र वाराही पीठ त्यति दूरीमा पनि छैन। यी तथ्यका आधारमा वर्तमान भक्तपुरको नेवार समाजमा प्रचलित चाडपर्व मध्ये केहीको प्रचलन सम्भवतः लिच्छवीकालदेखि नै भएको हो भन्ने बुझिन्छ। यसदेखि बाहेक भक्तपुरमा प्रचलित अधिकांश चाडपर्व, जात्राहरू पूर्वमध्यकालतिर प्रारम्भ भएको कुरा गोपालराजवंशावलीका[१३] अतिरिक्त पशुपतिको ताम्रपत्र, टौमढी टोलको अभिलेख[१४] आदि ऐतिहासिक प्रमाणहरूका आधारमा जान्न सकिन्छ। यी चाडपर्व जात्रालाई मल्लकालको अन्ततिर आएर विभिन्न शासकहरूले अझ भव्य र सजधजका साथ मनाउनु पर्ने प्रचलन शुरु गरिदिए। त्यसैको निरन्तरता आज भक्तपुरमा वर्षेनी मनाइने गरिएका चाडपर्व र जात्राहरू हुन्।

नेपालको सामाजिक इतिहासमा नेवार एउटा जात्रा प्रधान जातिको रूपमा रहँदै आएको छ। हुन पनि यहाँका नेवारहरूले धेरै प्रकारका चाडपर्व जात्राहरू मनाउँछन्। यसैले विद्वानहरू भन्दछन् कि"नेवार बिग्र्यो भोजले, ...बिग्र्यो मोजले"।[१५] यसपछाडि उनीहरूको धार्मिकता मात्रै होइन सामाजिकपक्ष पनि प्रबल कारण रहेको देखिन्छ। चाड, पर्व, जात्रा लगायत अन्य उत्सवहरूमा परिवार र समाजका बीच परस्पर तालमेल, सहयोग र राम्रो समन्वय रहेको पाइन्छ। जात्रामा सहभागी हुने भ्वोछीं (पुरै परिवार), फुकी (तेन्ह दिने दाजुभाइ), विविध गुठी, टोल, इलाका वा स्थानीय बासिन्दा नै जात्राको आधारभूत इकाई हो।[१६] जात्राको अवसरमा सार्वजनिक स्थल, मठमन्दिर, तीर्थ, जलाशय वा घाटमा लाग्ने मानिसहरूको घुइँचो व्यक्ति वा परिवारकै समष्टिगत रूप हो। वर्षकृत्य भनिने यस्ता चाडवाड (नखःचखः) लाई वर्षैपिच्छे निश्चित् तिथिमा पुनः सम्पन्न गरिन्छ। यसको तिथि पञ्चाङ्गमा निर्धारण गरिएअनुसार हुन्छ।[१७]

## सामाजिक र साँस्कृतिक पक्ष

यसप्रकार चाडपर्व वा जात्राको संरचना निर्माणको मूलउद्देश्य सामाजिक सुस्थितिको शाश्वत अवधारणालाई ध्यान दिएर परिवारदेखि छरछिमेक, टोल बस्तीमात्र नभएर राज्यस्तरमा स्थिरता कायम राख्नु हो। किनकि सार्वजनिक जात्रामा व्यक्ति वा परिवारका सदस्यहरूले एउटा निश्चित् भूमिका खेलेर त्यसलाई पूर्णता दिएको हुन्छ। जस्तोः उदाहरणको रूपमा सापारु वा गाईजात्रालाई लिन सकिन्छ, यसमा देखिने सार्वजनिक चहलपहल जनसहभागिताको समष्टिगत रूप हो।[१८] अनि त्यसैगरेर कुनै टोल, इलाका वा स्थान विशेषको देवदेवीको जात्रा "बुसादँया जात्रा" हो, जुन जात्रा परम्परादेखि नै वर्षैपिच्छे निश्चित् तिथिमा सम्पन्न हुने गर्दछ।[१९] यस्ता जात्रा किन गरिन्छ त भन्दा स्थानीय समाजले

आफूले मान्ने गरेको देवी देवताको संरक्षण आफूलाई सदा प्राप्त भइरहोस् भन्नाका लागि हो ।[२०] भक्तपुरको सन्दर्भमा नवदुर्गा गण, विश्वनाथ भैरवलाई स्थानीय बासिन्दाले संरक्षक देवीदेवताको रूपमा लिई अगाध श्रद्धा र विश्वासका साथ पुज्ने गर्छन् । यी जात्राहरू पनि यसैको परिणाम स्वरूप सृजना गरिएका अभिन्न वार्षिक क्रियाहरू हुन्, जसलाई निश्चित् दिनमा सम्पन्न गरिन्छ । यसका अलावा वार्षिक जात्राहरू सफलतापूर्वक सम्पन्न गर्ने एउटा महत्त्वपूर्ण संगठन निर्माण गरिएका हुन्छन्, जसलाई जात्रासंचालक गुठी भनिन्छ ।[२१] जात्राको बेला सामुहिक जिम्मेदारीको बाँडफाँड र सहभागिता जुटाउने काम यही जात्रा गुठीको माध्यमबाट सम्पन्न हुन्छ । यसैको फलस्वरूप कुनै पनि खटजात्रा वा रथयात्राको प्रचलन एउटा सामान्य क्रिया हुन जान्छ । विभिन्न बाजा गुठी, नासः गुठी, खट बोक्ने, रथ बनाउने, पूजापाठ गर्ने पुजारी जस्ता विभिन्न समूहलाई कामको जिम्मेदारी यही जात्रा गुठीको तर्फबाट अलग–अलग बाँडिएको हुन्छ । यस अवसरमा प्रत्येक घरले जात्राको मुख्य देवी वा देवताको सम्मानमा पूजाभाग पठाउने, घरमा भोज, "नखःत्या"(आमन्त्रित भोज) को आयोजना गर्ने आदि कार्य चाडको एउटा आवश्यकीय अंग बनेको हुन्छ ।[२२]

यसप्रकार व्यक्तिदेखि समूहसम्म र घर चोकदेखि टोल बस्ती नगरसम्मका सम्पूर्ण बासिन्दालाई एकैसूत्रमा आबद्ध गर्नमा यी देवदेवीको संजाल (Network) जात्राका माध्यमबाट कार्यरत रहेको देख्न सकिन्छ । यो संलग्नताको क्रम घरको पूजा कोठादेखि शुरु हुन्छ ।[२३] जहाँ आफ्ना ईष्टदेव, कुलदेव, आगमदेव जस्ता सधैं धूपबत्ती गर्नुपर्ने देवीदेवता राखिएका हुन्छन् । अनि घरको चोक वा रछ्यानको एक कुनामा लुकुमाद्यः को बासस्थान हुन्छ । आफ्ना चोक वा आसपासमा तीन आँखी प्वालले झ्याल जस्तो बनेका नासःद्यः को एउटा खुल्ला भित्ते देगः हुन्छ । घरदेखि बाहिरको पहिलो दोबाटोलाई छ्वासः भनिन्छ र छ्वासः अजिमाको बासस्थान मानिन्छ । टोलको एउटा मोडमा ट्वा गणेशको खोपा वा सानो देवल हुन्छ । टोलको खुल्ला र मध्य भागमा प्रायः एउटा मन्दिर बनेको हुन्छ । अलि पर दुरीमा अझ व्यापक मान्यता पाएका झन ठूला धार्मिक देवस्थल बसेको पाइन्छ ।[२४] यी विभिन्न तहका देवीदेवतासँग प्रत्येक परिवारले दैनिक, वार्षिक, नैमित्तिक वा चाड विशेषमा एउटा अविच्छिन्न सम्बन्ध स्थापित गरिराखेको हुन्छ । यस परम्पराले स्थानीय बासिन्दालाई एउटै भावनात्मक सम्बन्धमा आबद्ध गर्न मद्दत पुऱ्याएको देखिन्छ । यहाँ कुनै पनि जात्रा सम्पन्न गर्दा विभिन्न जाति वा पेशाकर्मी वर्गबाट विविध सेवा प्राप्त गर्नु आवश्यक र अनिवार्य मानिन्छ । जसको शैली जजमानी सेवासँग तुलनीय छ । पुजारी कार्यका लागि वज्राचार्य वा कर्माचार्य, पुरोहित्याइँ र याज्ञिक कार्यका लागि राजोपाध्याय वा अन्य ब्राम्हण, विभिन्न नृत्य खलः, बाद्य खलः, भजन खलः, खट बोक्ने आदि कार्यका लागि अधिकांश ज्यापू समुह, पशुवध र मासु काट्ने कार्यका लागि कसाई, मन्दिरको सरसफाइ वा बाद्यवादनको निमित्त कुस्ले, रथ निर्माण र रथको रंगरोगनका लागि सिकर्मी, चित्रकार, भोजस्थलको सरसफाइ कार्यको निम्ति पोडे आदिको व्यवस्था परम्परागत ढंगबाट हुँदै आएकोले कुनै बेला यस मर्यादा वा व्यवस्थालाई राज्यस्तरीय अनुमोदन र समर्थन समेत प्राप्त थियो भन्ने बुझिन्छ ।[२५]

## पूजाविधि

पूजाका प्रचलित विधि वैदिक र तान्त्रिक गरी दुई प्रकारका भएपनि यहाँका चाडपर्व जात्राका अधिकांश पूजापद्धति तान्त्रिक विधिमा ढलेको कुरा थाहा हुन्छ । भक्तपुरका नेवारहरूका पूजामा मद्य र पशुबलिको प्रयोग आम रूपमा देख्न सकिन्छ । हुन पनि यहाँ मद्यपान बिना कुनै पनि पूजा सम्पन्न हुन सक्तैन । स्याबजी (चिउरा), कालो भटमास, अदुवा, छ्वेयला (पोलेको मासु साँधेको), रक्सी सहितको सम्हेय्बजी नैबेद्यको रूपमा सर्वप्रथम देवतालाई चढाउने र त्यसपछि त्यसलाई प्रसादको रूपमा त्यहीं बसेर ग्रहण गर्ने आम प्रचलन पाइन्छ । सम्हेय्बजी भनेको एउटा चढाउने खाद्य बस्तु मात्र नभएर तान्त्रिक अर्थमा पंचतत्त्वको प्रतीकका साथै जीवबलिको प्रतीक पनि हो । जीवलाई बलि दिएर गर्नुपर्ने पूजामा जीवको सट्टामा "सम्हेय्बजी"चढाएर देवतालाई सन्तुष्ट गर्न सकिने यहाँको आफ्नै प्रकारको तान्त्रिक पद्धति रहेको पाइन्छ ।[२६]

यी तथ्यहरूको आधारमा भक्तपुरको नेवार समाजमा प्रचलित चाडपर्वहरूको संरचना मुख्य रूपले धर्म, मनोरञ्जन र सामाजिक एकता यी तीन उद्देश्यगत आधारमा विकसित भएको मान्न सकिन्छ । जस्तो कि जात्राकोबेला गरिने पूजा अर्चनाको मूल उद्देश्य सम्बन्धित देवतालाई सन्तुष्ट गरेर त्यसबाट आफू र आफ्नो परिवार तथा समग्र समुदायको निम्ति कल्याणको चाहना र मनोकांक्षा पुरा गर्नु हो ।[२७] त्यस्तै गरेर मनोरञ्जनका विविध साधनहरू उपलब्ध नभएको अवस्थामा चाडपर्व, जात्रा नै मनोरञ्जनका प्रमुख साधनका रूपमा देखापरे, जसमा सबैले रमाइलो गर्न पाउँथे । मानिसलाई शारीरिक विश्रामका अतिरिक्त बेला मौकामा मानसिक विश्रामको पनि आवश्यकता पर्दछ । मानसिक विश्राम भनेको आमोद प्रमोद, रहर बहल, दिल्लगी, खुसीयाली आदि हुन् ।[२८] अतः यस कारणले पनि चाडपर्वको संरचना हुन गएको हो ।

यसकासाथै विभिन्न गुठीका माध्यमबाट यहाँको नेवार समाजलाई एक बनाएको पाइन्छ। त्यस्ता गुठीहरूमा जात्रासँग सम्बन्धित गुठी पनि एक हो, जसले जात्राको बेला समाजमा बस्ने विभिन्न पेशा र वर्गका मानिसहरूलाई आ–आफ्नो कार्यको जिम्मेवारी सुम्पेर जात्रा सफलतापूर्वक सम्पन्न गर्न प्रमुख भूमिका खेल्दछ। यसरी चाडपर्व,जात्राले सामाजिक एकता प्रदर्शित गराउँदछ। साथै चाडपर्वको बेला बोलाइने नखःत्या भोजले परिवार कुल, आफन्त र नातेदारहरू बीचको आपसी सम्बन्धलाई नियमित बनाउन मद्दत पुऱ्याउँदछ। हिन्दू चाडपर्वको संरचना निम्न आधारमा भएको हुन्छ। जस्तै : धार्मिक संस्कारको प्रदर्शन, सामाजिक क्रियाकलाप, पुराणबाट प्रभावित नृत्य र सांगीतिक प्रस्तुति, सबै मिलेर रमाइलो गर्नु, उत्सव मनाउनु, भोज खानु अनि अतिथि र आतिथ्य तथा प्रस्तुतकर्ता र दर्शकबीच सम्बन्धको विकास गर्नु, पूजा, अर्चना, प्रार्थना, बलि, उपहार र शुभकामनाको आदानप्रदान, घर, चोक, गल्लीको सरसफाइ आदि। एउटा चाडको प्रमुख विशेषता यिनै हुन् भनेर विद्वानहरूले औंल्याएको पाइन्छ।[२९] वास्तवमा चाड मनाउनाले समाजमा सामाजिक प्रतिष्ठा कायम हुने हुँदा गरीबहरू पनि चाडको बेला राम्रो लाउने, मीठो खाने र रमाइलो गर्ने गर्दछन्। साथै चाडपर्वले विगत, वर्तमान र भविष्यका मानिसहरूबीच Safety valve mechanism को रूपमा काम गरिरहेको हुन्छ। किनकि यसले एकातिर मानिसलाई आउँदो वर्षमा अघि बढ्नका लागि प्रेरित वा प्रोत्साहित गर्दछ भने अर्कोतिर विगत वर्षमा भएका सम्पूर्ण नराम्रा घटनालाई बिर्साउने काम पनि गर्दछ।[३०] तर चाडपर्वको बेला हुने भै–भगडा यसको एउटा खराब पक्ष हो। भक्तपुरको बिस्केट जात्राको परिप्रेक्ष्यमा हेर्दा यसमा अनेकौं प्रकारका परिवर्तन समाहित भएको छ। परिणामतः विगत केही वर्षदेखि यस जात्राका गतिविधि कसैको नियन्त्रणमा नरहेको देखिन्छ। यो जात्रा हिंसक बन्दै गएको पाइएको छ। पुर्खाको आस्था र मनोरञ्जनको मूर्त रूप यस्ता परम्परागत जात्रा संस्कृतिमा आधुनिक समाजका कतिपय विकृतिले प्रवेश पाएका छन्। यस्तो स्थितिका कारण ती जात्रा पर्वको प्राचीन संरचनामा समेत उल्लेख्य परिवर्तन आएको छ।

## चाडपर्वहरूको वर्गीकरण

जसरी नेवार जाति एउटा जात्राप्रधान जातिको रूपमा ऐतिहासिक सामग्रीहरूमा वर्णित छ,[३१] त्यसैगरेर भक्तपुरको समाज पनि परापूर्वकालदेखि नै विविध धार्मिक पर्वहरूद्वारा सु–सम्पन्न रहेको तथ्य सर्वविदितै छ। यो नगर ऐतिहासिक चाडपर्व, जात्रा लगायतका सांस्कृतिक गतिविधिहरूका लागि उर्वर भूमि मानिन्छ। भक्तपुरको नेवार समाजमा वर्षेनी अनगिन्ति पर्वहरू मनाइन्छ। ती पर्वहरू शैव, वैष्णव, शाक्त, बौद्ध आदि धार्मिक मत वा सम्प्रदायसँग सम्बन्धित छन्। एक वर्षमा भक्तपुरमा साना ठूला गरी करिव ७९ वटा पर्व मनाइन्छ। यस्ता पर्व कुनै–कुनै दिनमा त एक भन्दा बढी पनि पर्छन् भने कुनै–कुनै पर्व दुई दिनसम्म पनि मनाइन्छ।[३२]

भक्तपुरका समग्र चाडपर्वलाई समाज शास्त्रीय दृष्टिकोणका आधारमा प्रमुख र स्थानीय गरी दुई भागमा विभाजन गर्न सकिन्छ। प्रमुख चाडपर्वहरू भक्तपुर नगरका अतिरिक्त त्यस वरपरका नेवार बस्तीलगायत काठमाडौं पाटनमा समेत मनाउने गरिएको छ। तर स्थानीय चाडपर्व भने भक्तपुर नगरकै कुनै एउटा निश्चित् इलाकामा मात्र आयोजना हुने स्थानीय देवीदेवताका जात्रासँग सम्बन्धित रहेका छन्।

भक्तपुरका प्रमुख चाडपर्वहरूमा बिस्केट जात्राका अतिरिक्त विशेष गरेर गथामुगः (घण्टाकर्ण चतुर्दशी), गुंपुन्ही र सापारु (जनै पूर्णिमा र गाईजात्रा), चथाः (गणेश चौथी), योमरी पुन्हीं (धान्य पूर्णिमा), घ्यो चाकु सल्हुँ (मकर संक्रान्ति), श्री पंचमी, होली पुन्ही (फागु महोत्सव), सिठी नखः (कुमार षष्ठी) का साथै आमाको मुख हेर्ने (मातातीर्थ औंसी), बाबुको मुख हेर्ने (गोकर्ण औंसी), पंचदान र सम्यकदान (बौद्ध नेवारहरूको पर्व) आदि छन्। हुनतः संस्कृतिविद्हरू चाडपर्वको परिभाषा गर्दा भोज खाएर मनाउनेलाई चाड र भोज नखाएर मनाउनेलाई पर्व भनी व्याख्या गर्छन्। उदाहरणको रूपमा दशैं, तिहार, बिस्केट, सिठी नखः आदिमा भोज खाइने भएकोले यसलाई चाडको रूपमा लिइन्छ भने गणेश चौथी, बाला चतुर्दशी, बाबुको मुख हेर्ने, घण्टाकर्ण चतुर्दशी, माघे संक्रान्ति आदिलाई पर्वको रूपमा मात्र लिइन्छ।[३३] यसैकारण माथि उल्लिखित प्रमुख चाडपर्वहरू सबैमा भोज खाइन्छ नै भन्ने छैन। तर पनि उल्लिखित विभिन्न चाडपर्वका बेला विभिन्न विशेष प्रकारका खानेकुराहरू ऋतु, काल र समयसँग मिल्ने गरी खाइन्छ। जस्तै : कुनै चाडमा कन्दमूललाई महत्त्व दिएर खाइन्छ भने कुनैमा रोटीलाई, यसैगरेर कुनैमा मासु त कुनैमा गेडागुडीको भोल अनि कुनैमा भुटेको अन्न र गेडागुडी खाइन्छ। चाडपर्वका बेला खाइने यी वस्तुहरूको आ–आफ्नै प्राकृतिक महत्त्व रहेका छन्। यसबाट यहाँका चाडपर्वहरूको कृषि कार्यसँग अटुट सम्बन्ध रहेको कुरा थाहा पाइन्छ। वास्तवमा नेवारहरूका पुर्खाले प्रकृतिलाई नै आफ्नो मूलदेवता ठानेर सूर्य र चन्द्रमाको गति अनुरूप आफ्नो दिनचर्या शुरु गरे भैं चाडपर्वहरू पनि देशकाल परिस्थिति अनुसार प्राकृतिक उत्पादनसँग समन्वय गरी मनाउँदै आएको देखिन्छ।[३४]

भक्तपुरको कुनै एउटा निश्चित् स्थान विशेषमा आयोजना हुने धार्मिक देवी देवताका जात्राका क्रममा स्थानीय बासिन्दाले त्यसलाई आफ्नो स्थानीय चाडको रूपमा मानेका हुन्छन् । त्यस अवसरमा घर चोक लिपपोत, सफा सुग्घर गरी अनेक प्रकारका मासुसहितको भोजका परिकारहरू तयार गरिन्छ । अनि आफन्त, नाताकुटुम्बलाई नखःत्या (भोज) बोलाइन्छ र बेलुका भोज खाएर चाड मान्ने गरेको पाइन्छ । भक्तपुरको टोल–टोलमा हुने यस्ता स्थानीय जात्राहरू धेरै छन्, जसमध्ये बिस्केटको क्रममा यस्ता खाले जात्राहरू अनेकानेक देख्न सकिन्छ । चैत्र मसान्तको साँझ भैरवको लिंगो उत्थान गरिसकेपछि त्यस खुसीयालीमा राती नै टोल टोलमा रहेका गणेशलाई जात्रा गरेर मूलदेवगृहबाट बाहिर ल्याइन्छ । यसका साथै इन्द्रायणीको त्वारेवाः जात्रा, वाराहीको तिंप्वा जात्रा पनि यसै क्रममा मूल देवगृहबाट पीठमा ल्याउने कार्य हुन्छ । भोलिपल्ट (मेष संक्रान्तिका दिन) दिउँसो भक्तपुर दरबार परिसरमा दुमाजु (देवी) को खटजात्रा गरिन्छ । लिंगोजात्रा विसर्जन गरिसकेपछि नगर भित्रका टोल टोलमा हुने विभिन्न देवदेवीका खटजात्राहरूका अतिरिक्त नगर बाहिर कटुञ्जेमा सुशील भैरवको जात्रा, थिमीमा बालकुमारी जात्रा, बोडेमा जिब्रो छेड्ने जात्रा, नगदेशमा सिद्धिगणेशको जात्रा सम्पन्न हुने गर्दछ । नगरभित्र तालाक्व टोलमा जेठा गणेश र बुलुचा भैरवको खटजात्रा, भोलाछेँ टोलमा महाकाली र महालक्ष्मीको खटजात्रा, थःने (माथिल्लो टोल) मा ब्रम्हायणी र महेश्वरीको खटजात्रा, तँ कोने तेखार्रेमा चोंगा गणेश जात्रा, चोछेंमा छुमा गणेशको जात्रा आदि जात्राहरू बिस्केटको दौरान सम्पन्न हुने गर्दछन् ।[३५] यसका अतिरिक्त अघिपछि पनि विभिन्न पर्वका दिनहरूमा यस्ता स्थानीय जात्राहरू हुने गर्छन् । जस्तो वैशाख पूर्णिमाका दिन चासुखेल, टिबुक्छें, सुकुलढोका, गोलमढी आदि टोलहरूमा हुने चण्डेश्वरी जात्रा,[३६] कौलागा बाला चतुर्दशीमा थःने दतात्रय चोकमा हुने दत्तात्रय भीमसेन (देवता) को सुकुभिसिन्द्यःजात्रा,[३७] सिपुन्ही (स्वस्थानी व्रत समापन) को दिन हनुमानघाटबाट गाःहिटी हुँदै माथिल्लो टोल इलाकामा लगेर पुनः हनुमानघाट पुऱ्याएर सम्पन्न गरिने माःद्यः जात्रा,[३८] येंया पुन्हीको अघिल्लो दिन राती इन्द्रायणीलाई देवगृहबाट खटमा राखी जात्रा गरी सिद्धपोखरी छेउमा लगेर राख्ने इन्द्रायणी जात्रा,[३९] त्यस्तै गुंपुन्हीको चारौं दिनमा वाराहीलाई खटमा राखेर नगर परिक्रमा गर्ने वाराही जात्रा, क्वाछेंको भगवती जात्रा, सूर्यविनायक गणेश जात्रा आदि जात्राहरू भक्तपुरमा परम्परादेखि चल्दै आएका स्थानीय जात्राहरू हुन् ।

तर यसका अतिरिक्त यहाँ प्रचलित चाडपर्वहरूको स्वरूप र विशेषताका आधारमा त्यसको परिचयलाई निम्न प्रकारले पनि प्रस्तुत गर्न सकिन्छ । जस्तै :–

- आफ्ना ईष्टदेव (दिगु द्यः), पितृ, त्वाः गणेश, नासःद्यः, नाग, भूतप्रेत, छ्वासः जस्ता परिवार स्तरमा पुजिने र तीसँग सम्बन्धित चाड (कुल, फुकी स्तरमा सम्पन्न गरिने पूजा पर्व) ।
- हिन्दु र बौद्ध धर्म अन्तर्गत व्यापक मान्यता पाएका देवताको नाममा गरिने सप्तमी व्रत, अष्टमी व्रत, एकादशी व्रत, कृष्णाष्टमी, नागपंचमी, बुद्ध पूर्णिमा, शिवरात्री जस्ता व्रत तथा पूजा ।
- स्नान वा तीर्थसँग सम्बन्धित जात्रा, जस्तै माघे संक्रान्ति मेला, गुँला जात्रा ।
- भैरव, भद्रकाली, दुमाजुदेवी, वाराही, इन्द्रायणी, महाकाली, महालक्ष्मी, ब्रम्हायणी, महेश्वरीलगायत विविध गणेश देवताहरूको रथ र खटजात्राहरू ।
- गाईजात्रा, उपाको वनेगु, मतया, सतबीज छर्ने जस्तो देश वा भूमि परिक्रमा गर्ने जात्रा ।
- यलसिं वा ध्वज गाड्ने जात्रा बिस्केट, इन्द्रजात्रा ।
- मन्दिर विशेषसँग जोडिएर वा नजोडिएर बनेको नृत्य खलः सम्बन्धी जात्रा । जस्तै जरं प्याखँ, नवदुर्गा प्याखँ, देवी प्याखँ, लाखे प्याखँ आदि ।
- भूत, प्रेत, बोक्सी, राक्षस जस्ता अनिष्ट समन गर्ने नानाथरि विश्वाससँग जोडिएका गथामुगः, लाखे, ब्यांजा पुन्ही जस्ता जात्रा ।
- संक्रान्ति पर्व जस्तै माघे संक्रान्ति ।
- ऋतु–ऋतुका खाद्य विशेषसँग जोडिएका जात्रा, जस्तै क्वाटी पुन्ही, चथाः (गणेश चौथी), सकीमना पुन्ही, योमरी पुन्ही, घ्यो चाकु संक्रान्ति ।
- पंचदान, सम्यकदान जस्तै दानसम्बन्धी चाड ।
- मातातीर्थ औंसी, गोकर्ण औंसी, उपाको वनेगु वा सापारु जस्ता पितृ र दिवंगत परिवारका सदस्यका सम्झनामा सम्पन्न गरिने जात्रा ।
- मोहनी, स्वन्ति (दशैं तथा लक्ष्मीपूजा, म्हःपूजा र किजा पूजा) जस्ता पारिवारिक स्तरमा सम्पन्न गरिने व्यापक मान्यताका सामाजिक, धार्मिक चाडहरू ।[४०]

चाडपर्वका यी उल्लिखित दुवै प्रकारका विश्लेषणका अतिरिक्त समाजशास्त्री गोपालसिंह नेपाली र अमेरिकी विद्वान रवर्ट आइ.लेभीले यहाँका चाडपर्वहरूलाई आफ्नै किसिमले विश्लेषण गरेको पाइन्छ । विशेष गरेर गोपालसिंह नेपालीले यहाँका समग्र चाडपर्वलाई सामुदायिक चाडपर्व र पारिवारिक चाडपर्व गरी दुई वर्गमा छुट्याएका छन् । सामुदायिक चाडपर्व नेवार समाजका समस्त जाति, उपजातिहरूले कुनै भेद बिना सामुहिक रूपमा सहभागी भई मनाउने गर्छन् भने पारिवारिक

चाडपर्व एउटै परिवारका सदस्यहरू, नाता कुटुम्ब, आफन्त, देवालीगुठीका सदस्यहरू, फुकीहरू सहभागी भएर मनाउने गर्छन्। उनका अनुसार उपत्यकाका सम्पूर्ण हिन्दू चाडपर्वहरू दोस्रो वर्गमा पर्न आउँछ। पहिलो वर्गको चाडपर्वहरू विभिन्न जात्राहरूसँग सम्बन्धित छन्। तिनमा प्रमुख रूपले भैरव, भैरवी जात्रा, घण्टाकर्ण, गाईजात्रा, इन्द्रजात्रा आदि पर्दछन्। र दोस्रो वर्गको चाडपर्वहरूमा म्हःपूजा, किजा पूजा, सकिमना पुन्ही, योमरी पुन्ही, घ्यो चाकु सल्हूँ, श्रीपंचमी, सिलाचऱ्हे, पाँहा चऱ्हे, दिगु पूजा, सिठी नखः, गुंपुन्ही, मोहनी आदि पर्छन्।[४१]

रवर्ट आई.लेभीले भक्तपुरका चाडपर्वलाई खगोल शास्त्रीय पंचाङ्ग (पात्रो) अनुसार तीन वर्गमा विभाजन गरेर विश्लेषण गरेका छन्, जस्तै–चान्द्रमान अनुसारका चाडपर्व, सौर्यमान अनुसारका चाडपर्व र देवीचक्र अनुसारको चाडपर्व। चान्द्रमान चाडपर्व तिथि अनुसार मनाइन्छ, जुन गथामुगः चह्रेबाट प्रारम्भ भई सिठी नखः मा गएर वर्षदिनभरिको चाडपर्व समाप्त हुन्छ। तर उनले यी पर्वहरूको क्रम स्वन्ति नखः बाट प्रारम्भ गरी इन्द्रजात्रासम्म पुऱ्याएर वर्णन समाप्त गरेका छन्। त्यस्तै सौर्यमानका चाडपर्व दिन गणना अनुसार हुनेगर्छ। घ्यो चाकु सल्हूँ र बिस्केट जात्रा सौर्यमान चाडपर्व हुन्। अनि अर्को, देवी चक्र पात्रोअनुसारका पर्वहरू हरेक वर्ष नवदुर्गाको जन्मसँगै प्रारम्भ भई नवदुर्गाको अवसान सँगै समापन हुने गर्छन्। यसरी उनले यहाँका समग्र चाडपर्वलाई तीन वर्गमा विभाजन गरेको देखिन्छ।[४२] यसका साथै यी चाडपर्वको उपयोगिता र महत्त्वलाई आधार मानेर फेरि त्यसलाई मुख्य महत्त्वपूर्ण, मध्यम महत्त्वको र सामान्य महत्त्वको गरी तीन श्रेणीमा विभाजन गरी विश्लेषण गरेका छन्। यसमा २५ वटा चाडपर्व मुख्य अथवा उच्च महत्त्वपूर्ण रहेका र त्यसदेखि बाहेक २८ वटा मध्यम महत्त्वका र २६ वटा सामान्य महत्त्वका भएको कुरा औंल्याएका छन्।[४३] तर वास्तवमा कुनै पनि चाडपर्वहरू सानो वा ठूलो अथवा अधिक महत्त्व र कम महत्त्वको हुँदैन। सबै चाडपर्वहरू समान महत्त्वका हुन्छन्। यिनीहरूमा मनाउने तरिका, हेर्ने दृष्टिकोण, प्रक्रियागत कुराहरूमा मात्र भिन्नता हुन सक्छन्। यसर्थ चाडपर्वलाई समाजको यथार्थ स्वरूपलाई अवलोकन गर्ने दर्पण, संस्कृतिको निधि आदि भन्ने गरिन्छ। तर त्यसो भएपनि मोहनी (दशैं) एउटालाई चाहिं सबैले नै महान् चाडको रूपमा मान्ने गरेको र यसदेखि बाहेक अन्य चाडहरूलाई कसैले चाडकै रूपमा मान्ने गरेका छन् भने कसैले पर्वका रूपमा मात्रै लिने गरेको देखिन्छ। यहाँ यो भनाइ उपयुक्त देखिन्छ – "सुयां नखः सा सुयां चखः, सुयां चखः सा सुयां अखः" अर्थात् कसैको लागि चाड हो भने कसैको पर्व मात्र अनि कसैको लागि पीडा मात्रै।[४४]

## निष्कर्ष

भक्तपुरको चाडपर्व यहाँको जनजीवनसित सम्बन्धित रहेको र जनजीवन चाहिं प्रत्यक्ष वा परोक्ष रूपमा खेतीपातीमा आधारित भएको हुनाले कृषि कार्यबाट चाडपर्वहरू प्रभावित भएको देख्न सकिन्छ। जस्तो रोपाईंको अवसर पर्ने हुनाले सिठी नखः (कुमार षष्ठी) देखि गथामुगः चऱ्हे (घण्टाकर्ण चतुर्दशी) सम्म यहाँका बासिन्दाले कुनै प्रकारको चाड मान्ने गर्दैनन्। चाडपर्वको वार्षिक चक्रमा पनि यस अवधिमा कुनै चाड पर्दैनन्। गथामुगः चऱ्हेदेखि मात्र यहाँ वार्षिक चाडपर्व प्रारम्भ हुने गर्दछ। चाडपर्वका अवसरमा आयोजना गरिने परम्परागत भोजमा समावेश गरिने अधिकांश परिकारहरू पनि स्थानीय कृषि उपजमा नै आधारित हुने गर्दछ।

भक्तपुरको नेवार समाजमा हरेक वर्ष ऋतुकाल जस्तै आउने हरेक चाडको आफ्नै महत्त्व रहेको पाइन्छ। चाडको प्रकृतिका आधारमा विशेष प्रकारको खाद्यवस्तु खानु ती चाडको खास विशेषता पनि हो।

किसानहरू साधारणतया पर्वमा मुख्य हर्ताकर्ता रहेकाले तिनीहरू चाडपर्वका निम्ति महिनौं दिन अघिदेखि रक्सी पार्ने, जाँड बनाउने, चिउरा कुट्ने, मासुको जोहो गर्ने, लत्ताकपडा किन्ने जस्ता पूर्वतयारीमा लागेका हुन्छन्। अनि चाडपर्वका बेला हुने जात्रामा खट बोक्ने, रथ तान्ने, बाजा बजाउने, नाच प्रस्तुत गर्ने, भजन गाउने जस्ता कार्यहरू पनि यिनीहरूले नै गर्दछन्। यसैकारण भक्तपुरका चाडपर्वहरू यहाँको सामाजिक जीवनको एउटा अभिन्न अंग बनेको छ। अस्तु।

## पाद टिपोट

१) बलदेव जुजु र सुरेन्द्रमान श्रेष्ठ, नेपाःया तान्त्रिक द्यः व पूजाविधि, यें: लेखक द्वय, ने.सं. ११०५, पृ. ३२।

२) रमेश राज कुँवर, "होरी फेष्टिबल अफ राना थारुज अफ नेपाल", भ्वाइस अफ हिष्ट्री, अंक १२, सङ्ख्या १, (जुलाई १९९७), पृ. ९५।

३) यहाँका चाडपर्वहरू धर्मप्रतिको आस्था, परिवारजनप्रतिको आत्मीयता र साथीभाइसँग गरिने रमाइलोका रूपमा रहेका छन्। यी चाडपर्वहरू विविध साँस्कृतिक क्रियाकलापले सम्पन्न छन्, जसमा धर्मको केन्द्रीय भूमिका रहने गर्छ। – ध्रुवकृष्ण दीप, दि नेपाल फेष्टिबल्स, काठमाडौंः रत्न पुस्तक भण्डार, ई.सं.१९९९, पृ. IX।

४) प्रत्येक चाडपर्व, जात्राउत्सवमा नाचगानको आयोजना गरिन्थ्यो। शहर बस्तीका मुख्य–मुख्य केन्द्रहरूमा डबली निर्माण गरिएका हुन्थे। राजदरबारभित्र नाचगानकालागि एउटा छुट्टै चोकको निर्माण गरिएको हुन्थ्यो। जुन चोकलाई नासलचोक भनिन्थ्यो। उपत्यकाका तीनवटै मल्लदरबारमा यस्ता चोक थिए। यी नाचगानहरू कुनै–कुनै महिनौंदिनसम्म प्रदर्शित गरिन्थे। मल्लशासकहरू स्वयम् कलाका उपासक भएकाले आफै नाटक, गीत आदि लेख्ने लेखाउने, खेल्ने खेलाउने परम्परा विद्यमान रहेको थियो। – तुल्सीराम वैद्य, त्रिरत्न मानन्धर र शंकरराज जोशी, सोसल

हिस्ट्री अफ नेपाल, न्यू दिल्लीः अनमोल पब्लिकेसन्स प्रा.लि., ई.सं. १९९३, पृ.२०७ ।

५) आजपनि बिस्केटको बेला भैरवनाथको रथयात्रा गर्दा मल्लराजाको प्रतीक स्वरूप शाही तरवार राजकीय ठाँटले हाजिलँ र गुजिलँ (मुजामुजा परेको जामा, सुरुवाल, भोटो र पगरी) लगाएका गुरु पुरोहितका साथ सिंगारिएको रथमा सवार गराएपछि मात्र औपचारिक जात्रा शुभारम्भ हुने परम्पराबाट के कुरा पुष्टि हुन्छ भने मल्लकालमा यस्ता जात्रा नाचगानहरू भव्यताका साथ सम्पन्न गर्न राजाहरू आफै त्यसमा सहभागी हुने गर्दथे भन्ने थाहा हुन्छ ।

६) बलराम कायस्थ, "प्राचीन नेपाली समाजमा मनोरञ्जनका विविध पक्ष", भक्तपुर, वर्ष १९, अंक १२, (२०५८ असोज) पृ.७ ।

७) ऐतिहासिक प्रमाणका आधारमा त्यसबेला अनेक जात्राहरू प्रचलित थिए भन्ने कुरा कैलाश यात्रा, द्वारोद्घाटन यात्रा, वराह यात्रा, लोकपाल स्वामीको यात्रा, पशुपतिनाथमा छाता चढाउने यात्रा, मण्डपी यात्रा आदिका उदाहरणबाट पुष्टि हुन्छ । – धनवज्र वज्राचार्य, लिच्छवीकालका अभिलेख, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३०, पृ. २७४, ४८६, ५३१ र ५६५ ।

८) (क) चिनियाँ ताङ वृत्तान्तमा नेपालीहरू सनाई र ढोल बजाएर नाचगान गर्न खुसी मान्छन् भनी उल्लेख भएको पाइन्छ ।– नयराज पन्त (सं), लिच्छवी संवत्को निर्णय, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४३, पृ.५१२ ।

(ख) शिवदेव प्रथमको लेले अभिलेख र नरेन्द्रदेवको अनन्तलिंगेश्वर अभिलेखहरूले नाचगान सम्बन्धी व्यवस्थाबारे उल्लेख गरेको छ। पहिलो अभिलेखमा मन्दिरहरूमा बाजा बजाउने व्यवस्थाका लागि वादित्र गोष्ठी र दोस्रो अभिलेखमा दश देवदास र वीस देवदासी नाचहरूको उल्लेख भएको छ। यी देवदास देवदासीहरूको मुख्य काम विविध भावभङ्गिमा गानद्वारा सम्बन्धित देवताहरूलाई खुसी पार्नु रहेको हुनुपर्छ । – हित नारायण झा, दि लिच्छवीज, वाराणसीः चोकम्वा संस्कृत सिरिज अफिस, ई.सं. १९७०, पृ.१९१ ।

९) जुजु र श्रेष्ठ, पा.टि.नं. १, पृ. ३० ।

१०) वज्राचार्य, पा.टि.नं. ७, पृ. २८३ ।

११) जगदीश चन्द्र रेग्मी, लिच्छवी संस्कृति , काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०२६, पृ.२५३ ।

१२) अनि लिच्छवीकालमा प्रचलित पुरुष देवता मल्लकालमा आउँदा स्त्रीलिङ्गी देवता भएको उदाहरण मानेश्वरको मानेश्वरी र कुमारको कुमारी पनि हो ।– गौतम वज्र वज्राचार्य, हनुमानढोका राजदरबार, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३३, पृ.१६२ ।

१३) धनवज्र वज्राचार्य र कमल प्रकाश मल्ल, दि गोपाल राजवंशावली, काठमाडौं : नेपाल रिसर्च सेन्टर, ई.सं. १९८५, गण्ठकर्ण चवदश (घण्टाकर्ण चतुर्दशी) (पत्र ६१ क), सांयात कोन्हु (गाईजात्रा) पत्र ६१ ख, ऐन्द्रेयात (इन्द्रजात्रा) पत्र २९ क, महनी (दशैंको टीका) पत्र ५६ क र "पौस्य पूर्णिमा होली कृतं" (पत्र २१ क) यस वाक्यांशले होलीलाई संकेत गर्दछ । तर हिजो आज होली त फाल्गुण पूर्णिमाका दिन सम्पन्न गरिन्छ । के त्यसबेला होली पौष पूर्णिमामा गरिन्थ्यो ?

१४) ने.सं. ५६१ को पशुपति ताम्रपत्र र टौमढी टोलको शिलालेखहरूमा महाष्टमी, महानवमी र महाष्टमीदेखि तीन दिन भनेर स्पष्ट रूपमा दशैंलाई उद्धृत गरेको बुझिन्छ । अनि सुखरात्री भनेर म्हःपूजाको रातलाई पौष पूर्णिमा पछि आउने दिक्षय संक्रान्तिको उल्लेख निश्चय पनि माघे संक्रान्तिलाई भनिएको हुनुपर्छ । पिशाच चतुर्दशी वर्तमान पाँहाचरे जात्रालाई भनेको हुनुपर्छ । सिठीकोन्हु हिजोआजको सिठी चाड अनि पशुपति ताम्रपत्रमा उल्लेखित विश्व संक्रान्ति र टौमढीको शिलालेखमा उल्लेखित "विश्वयात्रा दुई दिन" निश्चय पनि भक्तपुरको वर्तमान बिस्केट जात्रा बाहेक अरु केही हुन सक्तैन भन्ने कुरा स्पष्ट छ । –डि.आर. रेग्मी, मिडियभल नेपाल, तेस्रोभाग, कलकत्ताः के.एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ. ५९–६० र ६४–६६ ।

१५) गोपालसिंह नेपाली, दि नेवार्स, बम्बईः युनाइटेड एशिया पब्लिकेसन्स, ई.सं. १९८८, पृ. ३४३ ।

१६) प्रयाग राज शर्मा, कुल, भूमी र राज्यः नेपाल उपत्यकाको पूर्वमध्यकालिक सामाजिक अध्ययन, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५४, पृ. १४७ ।

१७) आशाकाजी वज्राचार्य (संकलक), नेपाल वर्ष क्रिया नखः चखः पुस्तकम्, यलः आशाकाजी वज्राचार्य, वि.सं. २०४४, पृ. १४७ ।

१८) स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारीको आधारमा ।

१९) जुजु र श्रेष्ठ, पा.टि.नं. १, पृ. ३२ ।

२०) मेरी एम. एण्डरसन, दि फेष्टिबल्स अफ नेपाल, लण्डनः जर्ज एलेन एण्डवीन, ई.सं. १९७१, पृ. १९४ ।

२१) संस्कृत शब्दको गोष्ठीबाट गुठी बनेको देखिन्छ, जसको अर्थ हुन्छ – कुनै पनि काम आपसमा मिलेर गर्ने भावनाको विकास गर्नु । लिच्छवीकालमा यस्ता थुप्रै गोष्ठीहरू प्रचलित थिए, जसले विविध सुविधाहरू उपलब्ध गराउँदथे । तर अहिले यस्ता लौकिक जीवनसँग सम्बन्धित गुठीहरू समाजबाट लोप भइसकेका छन् । तर विभिन्न देवीदेवता र तिनका जात्रासँग सम्बन्धित गुठीहरू भने अद्यावधि देख्न सकिन्छ । यस्ता गुठीहरू संचालन गर्न श्रद्धालु राजा तथा प्रजाले आफ्ना चलअचल सम्पति दान गर्दथे । त्यसको आयस्ताबाट वार्षिक जात्राहरू सम्पन्न हुने गर्छन् । – वज्राचार्य, पा.टि.नं. ७, पृ. २८४–२८५ ।

२२) प्रत्यक्ष अध्ययन अवलोकनबाट प्राप्त जानकारीको आधारमा ।

२३) शर्मा, पा.टि.नं.१६, पृ. १४९ ।

२४) ऐजन, पृ. १५० ।

२५) संस्कृतिविद् लीलाभक्त मुनंकर्मीबाट प्राप्त जानकारीको आधारमा ।

२६) जुजु र श्रेष्ठ, पा.टि.नं. १, पृ. १३ ।

२७) शर्मा, पा.टि.नं. १६, पृ. १५२ ।

२८) पुण्य रत्न वज्राचार्य, हाम्रो चाडपर्व, काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०४३, पृ. च–छ ।

२९) कुँवर, पा.टि.नं. २, पृ. ९६ ।

३०) ऐजन ।

३१) शर्मा, पा.टि.नं. १६, पृ. १४७ ।

३२) रबर्ट आइ. लेभी, मेसोकज्म, दिल्लीः मोतीलाल बनारसी दास, ई.सं. १९९२, पृ. ५७७–५७८ ।

३३) रेवती रमणानन्द श्रेष्ठ, नेवाः, यलः साहित्यया मूलुखा, ने.सं. ११२१, पृ.९५ ।

३४) चुन्दा वज्राचार्य, नेवाः तजिलजिइ नखःचखः, यँः नेपाल भाषा एकेडेमी, ने.सं. ११२०, पृ. ५ ।

३५) स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारीको आधारमा ।

३६) सत्यनारायण प्रजापति "भक्तपुरको चण्डेश्वरी जात्रा," रोलम्बा, वर्ष १०, अंक २, ई.सं. १९९०, पृ. ६ ।

३७) लेभी, पा.टि.नं. ३२, पृ. ४२१ ।

३८) ऐजन, पृ. ४२७ ।

३९) बलराम कायस्थ, "भक्तपुरको इन्द्रायणी जात्रा र सिद्धपोखरी मेला," जमरा स्मारिका १२, (कार्तिक २०६४), पृ. ९१–९३ ।

४०) शर्मा, पा.टि.नं.१६, पृ. १४७–१४८ ।

४१) नेपाली, पा.टि.नं. १५, पृ. ३४३–४४ र ३८१–३९७ ।

४२) लेभी, पा.टि.नं. ३२, पृ. ४११–१२, ४६३–६४ र ५०१ ।

४३) ऐजन, पृ. ५७७–५७८ ।

४४) वज्राचार्य, पा.टि.नं. ३४, पृ. ५ ।

email: balaram.kayastha@gmail.com

# शक्तिशाली हतियार विकास गर्ने कोरियालाई बधाई !

जे.पाठक

प्रजातान्त्रिक जनगणतन्त्र कोरिया अर्थात उत्तर कोरियाले एकपछि अर्को क्षेप्यास्त्रहरूको सफल परीक्षण गरेपछि विश्वमा समर्थन र विरोध, प्रशंसा र निन्दाको बाढी आएको छ । संभवत विश्वमा नाम चलेका मात्र होइन, विभिन्न देशका साना–ठूला कुनै पत्रिका र सञ्चार माध्यम त्यस सम्बन्धी समाचारबाट अछुतो रहेनन् होला । कत्तिले केवल समाचार दिए होलान् त कत्तिले आफ्नो मत र दृष्टिकोण पनि दिए होलान् । यसै सिलसिलामा नेपालका सबैजसो पत्रिकाले पनि त्यो समाचारलाई स्थान दिएका छन् । यसरी समाचार दिने क्रममा कतिपय नेपाली पत्रपत्रिकाहरू 'सूचना साम्राज्यवाद' को शिकार भएको देखियो । विश्व आतंकवादका नाइके अमेरिकी साम्राज्यवादले तयार पारेको समाचारलाई भंगेरा जत्रा अक्षरले मुख पृष्ठमा छापेर आफ्नो 'व्यावसायिक पत्रकारिता' को निष्पक्षतालाई चौबाटोमा उदांगो पारेको पनि देखियो । अमेरिकी साम्राज्यवादलाई मन नपरेको व्यवस्था र देशको सार्वभौम अधिकारविरुद्ध पत्रकारिता गर्नु वस्तुतः पत्रकारिता होइन साम्राज्यवादको तावेदारी र चाकडी हो । त्यस्ता पत्रिका र पत्रकारले पत्रकारिताको मूल्य–मान्यता, दायित्व र कर्तव्य, आवश्यकता र महत्त्वको वर्णन गर्दै हिंड्नु वस्तुतः पाखण्डको हद हो ।

प्रजग कोरियामा समाजवादी व्यवस्था छ त्यसैले त्यहाँका जनता स्वतन्त्र छन्, स्वाभीमानी र प्रतिष्ठित छन् । हरेक देशलाई आफ्नो देश र जनता, राष्ट्रको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिक अखण्डताको रक्षा गर्ने नैसर्गिक अधिकार भए झैं प्रजग कोरियालाई पनि छ । उसले हतियार बनाउने वा नबनाउने, परीक्षण गर्ने या नगर्ने जस्ता विषय त्यस देशको मौलिक अधिकारको कुरा हो । यस सन्दर्भमा सोच्नु पर्ने मुख्य कुरा के हो भने त्यो कार्य उसले आफ्नो अधिकारको जगेर्ना गर्न गरे कि अरुको अधिकार खोस्न ? आफ्नो देशको रक्षा गर्न गरे कि अरुको देश हडप्न गरे ? आत्मरक्षाको लागि गरे कि आक्रमण गर्न ? यस्ता मूलभूत प्रश्नबारे चिन्तन नगरी, स्थितिको विश्लेषण र जानकारी नै नराखी कथित शान्ति र विश्व शान्तिको थेगो भट्याएर कुनै देशको खोइरो खन्नु, त्यस देशले आफ्नो आत्मरक्षा गर्न नपाउने वा पाउँदैन भन्ने तर्क र विचार दिनु निष्पक्ष र स्वतन्त्र हुन सक्दैन । मानवोचित विवेक एवं सत्य र निष्ठाको प्रदर्शन पनि हुन सक्दैन । यथार्थमा ठूला शक्तिको सामु झुक्ने र दासत्व स्वीकार गर्ने चरित्रमात्र प्रदर्शन हुन्छ ।



किम जङ उन

निश्चय पनि प्रजग कोरियाले सफल परीक्षण गरेका हाइड्रोजन बमलगायतको आणविक हतियारको विकासले कोरियालाई सजिलै निल्न सक्दैन, अझ युद्ध भएमा कल्पनाभन्दा परको स्थिति सिर्जना हुनेछ । वीर कोरियालीहरूले भन्दै आएझैं प्रजग कोरियाविरुद्ध यदि कसैले ईंटाले हाने उसले ढुंगाले हान्नेछ । किन भने तपाईँलाई विना अपराध कसैले थप्पड हान्छ भने तपाईँले मुक्काले जवाफ दिनु गल्ती हुन्छ कि जस्तालाई तस्तै ? यसमा सबैको मत 'जस्तालाई तस्तै' नै हुनेछ, गल्ती ठहरिँदैन । तर यदि तपाईँसँग शक्ति र सामर्थ्य छैन भने थप्पडको जवाफ मुड्की कसरी दिन सक्नुहुन्छ ? निर्धा र निरीह व्यक्तिले थप्पडको जवाफ मुड्कीको कुरा छाडौं, थप्पड हान्नेलाई कर्के नजरले मात्र हेरे पनि 'अझ हेर्छस्' भनेर थप्पड र मुक्का बर्साउने छ । त्यसबेला शीर झुकाएर बाटो लाग्नुको कुनै विकल्प हुनेछैन ।

प्रजग कोरियाको वरपरका देश र समुद्रमा साम्राज्यवादी अमेरिकाले प्रशस्त घातक हतियार, सेना र सेनाका जहाजी वेडाहरू तैनाथ गरेका छन्, उसले उपनिवेश कायम गरेको दक्षिण कोरियामा हजारौं सेना र हतियारहरू तैनाथ गरेको छ । कोरियालाई उत्तर र दक्षिणमा विभाजन गर्ने ३८ औं अक्षांसको दक्षिणी भागमा प्रजग कोरियाको अस्तित्व समाप्त पार्ने उद्देश्यले दसकौंदेखि तैनाथ ती सेना र

हतियारको कारण उत्तर कोरियाली सरकार र जनता रात–दिन चिन्तामा बिताउँछन् । त्यसमाथि बेला बेलामा गर्ने साम्राज्यवादी अमेरिका र कठपुतली दक्षिण कोरियाली सैनिक अभ्यास कुनबेला र कतिखेर आक्रमणमा बदल्ने हो ठेगान छैन । बुझ्ने भाषामा संक्षेपमा भन्ने हो भने हिंस्रक र विषालु सर्प र विच्छीहरू घरको ढोकामा बसिरहेका छन् भने त्यो घरको शान्ति र सुख, आराम र चैनको अवस्था के होला ?

प्रजग कोरियालाई आणविक हतियार रहर होइन बाध्यता हो– हिंस्रक सर्प र विच्छीले आक्रमण गर्न आएमा आफ्नो रक्षा गर्नको लागि । कोरिया प्रायःद्वीपमा शान्ति र शान्तिपूर्ण पुनःएकीकरणको लागि विश्वका तमाम न्यायप्रेमी सरकार र जनता, बुद्धिजीवी र पत्रकार, लेखक र साहित्यकारलगायतले साम्राज्यवादी अमेरिकी सेना र हतियार हटाउन माग गरेका छन्, मागको बेवास्ता गरेकोले विरोध गरेका छन् । यसक्रममा शान्ति र स्वतन्त्रता प्रेमी दक्षिण कोरियाली जनताले ती विदेशी सेना र हतियारको विरुद्ध लामो समयदेखि संघर्ष गर्दै आएका छन्, जेल–नेल भोगेका छन्, शहादत प्राप्त गरेका छन् । तर साम्राज्यवादी अमेरिकाले आफ्नो आतंकवादी चरित्र, आक्रमणकारी विरासत, हस्तक्षेपकारी नीति त्यागेको छैन, 'पागल' ट्रम्प सत्तामा आएपछि अझ चर्काएको छ । यस्तै परिवेशमा प्रजग कोरिया एकपछि अर्को शक्तिशाली हतियारबाट सुसज्जित नहुने हो भने जीवन अर्पेर, रगत बगाएर, सारा जनताले असह्य दुःख, यातना र पीडा भोगेर प्राप्त गरेको स्वतन्त्रता, स्वाधीनता र समाजवादकै अस्तित्व सामु प्रश्न ठडिन सक्छ । स्वाभीमान र गौरवसाथ ठडिएको वीर कोरियाली जनताको शीर दासता र आत्मग्लानीले झुक्नेछ । प्रजग कोरियाले विकास गरेको हतियारले विश्व शान्तिलाई चोट पुर्‍याउँछ भनी बर्बराउनेहरूले के त्यस्तै चाहेको हो ?

जापानमा हालै सम्पन्न निर्वाचनबाट विजयी प्रम सिन्जो अबेले आफ्नो देशमाथि उत्तर कोरियाबाट ठूलो खतरा भएको बताएका छन् । उनले जापानी जनताको सुरक्षाको लागि उत्तर कोरिया विरुद्ध कडा रूपमा प्रस्तुत हुने पनि बताए ।

'मत जितेको तर मन नजितेका' अबेलाई जापानी जनताको सुरक्षाको चिन्ता भए झैं प्रजग कोरियाको जनताको सुरक्षाबारे कोरियाली सरकारले चिन्ता लिन पाउँदैन ? सुरक्षाको उपाय खोज्ने अधिकार हुँदैन ? देशकै सार्वभौमिकताको रक्षा गर्ने कर्तव्य निर्वाह गर्न पाउँदैन ?

प्रजग कोरियाले विकास गरेको हतियारले पनि विनाश ल्याउँछ– यसमा विवाद छैन । तर स्वतन्त्रता, स्वाधीनता, स्वाभीमान प्रेमी अल्याख जनता र देशविरुद्ध प्रयोग हुने साम्राज्यवादीहरूको विशाल हतियार भण्डारले के विनाश ल्याउँदैन ? कि त्यसले विकास ल्याउँछ ? साम्राज्यवादीहरूको हतियारले फूल वर्साउने र प्रजग कोरियाको हतियारले मात्र मृत्यु बर्साउने त पक्कै होइन । वास्तवमा प्रजग कोरियाको हतियार विकासले विनाशलाई पर धकेल्छ, मृत्यु रोक्छ । यसर्थ प्रजग कोरियाको हतियार विकास वाध्यता जनित भएपनि त्यसले विश्व शान्तिलाई सम्वर्द्धन गर्छ र गर्नेछ । जसरी हिजो साम्राज्यवादी अमेरिकाको विनाशकारी हतियार विरुद्ध सोभियत संघले, साम्राज्यवादी र अमेरिका र संशोधनवादी रुसको हतियारविरुद्ध जनवादी गणतन्त्र चीनले हतियार विकास गरेपछि विश्व शक्ति सन्तुलनमा आएको थियो ।

विश्वभरिका केही मूर्ख विद्वानहरू ठूलो देशले हतियार विकास गरे शान्तिको लागि, साना देशले विकास गरे विनाशको कारक ठान्ने गर्दछन् । भारतले आणविक हतियार विकास गर्दा भन्दा पाकिस्तानले गरेको हतियार विकास खतरनाक देख्छन् । अमेरिका, फ्रान्स, बेलायतले गरेको हतियार विकास ठीक, सोभियत संघले विकास गर्दा रडाको मच्चाउँछन् । चीनले हतियार विकास गरेपछि त भो–अहिल्यै पृथ्वी नै ध्वस्त होला जस्तो गरी कोकोहोलो मचाउँछन् । यथार्थमा सबै




प्रजग कोरियाले गएको नोभेम्बर २८ (मंसिर १२) मा परीक्षण गरेको अहिले सम्मकै शक्तिशाली क्षेप्यास्त्र

हतियार विनाशकारी नै हुन्छ । त्यसैले विश्वलाई आणविकलगायतका विनाशकारी हतियार रहित बनाउनुपर्छ । यो नै विश्व शान्तिको लागि एक महत्त्वपूर्ण पाइला हुनेछ । तर मुखमा शान्ति र विश्व शान्तिको मन्त्र जपेर पृथ्वीलाई ४० औं पटक ध्वस्त पार्न पुग्ने हतियार थुपारेर साना देशलाई रात दिन धम्काएर आतंकित पार्न खोज्छ भने तिनीहरूलाई तह लगाउन र आत्मरक्षाको लागि प्रजग कोरिया जस्तोले हतियार विकास गर्छ भने त्यसलाई स्वागत गर्नुपर्छ, कोरियाली सरकार र जनतालाई बधाई र धन्यवाद दिनुपर्छ र भन्नुपर्छ– वीर कोरियालीहरू ! साम्राज्यवादी र आक्रमणकारीहरूलाई इँटको जवाफ पत्थरले दिन अझ शक्तिशाली हतियार विकास गर्दै जाऊ– शुभ–कामना !




Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 19

When an elephant is to be broken for howdah work, his education, of course, is more protracted, as he requires to be so perfectly obedient.

There was a very large elephant caught by Jang in the Terai, which he had brought up to Nipal and broken in at Thappatalli. After the brute had recovered his footsoreness from the journey, and the wounds round his neck and feet, caused by the tightness of the ropes cutting through the skin during his early struggles, his education commenced. Two tame elephants, standing side by side his neck and feet, were firmly secured by ropes; then a network of rope was put all over his head, trunk, and body, and a crowd of boys and men clambered up these ropes and stood and sat upon him, some on his back, some on his neck, head, trunk, everywhere in fact where-with the assistance of ropes and mutual support -they could get a footing. Numbers more stood all round him, patting and coaxing him. There must have been at least twenty men standing on him at one time. These all kept pounding on him with their bare feet ; at the same time a band played and with drums, &c. made the most discordant noises. (runs, too, were constantly fired off before him, and afterwards from off his back, to accustom him to hear or see the discharge without flinching.

At first he was much frightened, but was quite helpless, so firmly was he bound. Gradually he became more accustomed to it ; then nicely made cakes, &c. were given to him. This state of things was kept up with relays of men and boys for several days and nights, the elephant never being allowed to sleep nor to rest. The pounding on his skin with their feet must, without bruising him, have greatly fatigued him and tended to reduce his powers of resistance. After a few days, as he became more docile, the ropes were loosened and gradually removed, the numbers of men on him reduced, food more plentifully given him ; then his trunk being secured, they kept playing with clothes, &c. on or about his head, made men continually climb up and down by his trunk, petting and feeding him all the time, so as to accustom him to the practice of men climbing about his head and neck. This system went on, its severity gradually relaxing, for two or three weeks, when he was so docile that he would allow his mahaut to stand by and play with him, to mount him when he liked, and dismount by his trunk; and would let Jang, who superintended the operations in person, feed him with cakes. This was about two months after his capture. He had now to be taught to go out on the roads quietly with his mahout, and to be accustomed to the different objects he might meet on the roads. For the first few days, for the sake of security to prevent his bolting in case of getting frightened, he had two elephants with him with leading ropes to his neck. However, in a few days he went so quietly that the ropes were dispensed with ; and I met him frequently taking his airing, sometimes with Jang on his back, without any kind of restriction.

His education was now all but completed as far as docility and safety were concerned. He would kneel down, rise up, &c. at the word of command; stop, turn, &c. when in motion. They only now had to teach him to carry the howdah, when, about four months after his capture, he was taken ill, refused his food, lingered evidently in great pain for a few days, and then died. Jang, myself, and the 'elephant doctor' tried different remedies, which he made no resistance to our doing, but with no effect.

# नेपालको संविधान २०७२ (२६)

भाग – १९

## स्थानीय आर्थिक कार्यप्रणाली

२२८. **कर लगाउन वा ऋण लिन नपाइने** : (१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन।

(२) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ।

२२९. **स्थानीय सञ्चित कोष** : (१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ। त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ।

(२) उपधारा (१) बमोजिमको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।

२३०. **गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान** : (१) यस संविधानको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ।

(२) उपधारा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ। क्रमशः

The next morning there was a post-mortem examination, which I was requested to superintend. The poor brute had died of internal obstruction and inflammation. It was a curious sight to see. An elephant is so large and heavy that it would be quite impossible to drag away his body for burial. It has, therefore, to be divided into portions, and taken away piecemeal. In this case his head was taken off and cleaned, as Jang wished to keep the skull. His internals were all taken out very neatly, washed, and laid out for my inspection. Jang examined them closely, and seemed thoroughly to understand the cause of his death. This over, the body was cut into numberless bits and taken away; some of them were buried, others thrown into the river.

Jang seemed quite to be able to recognise the different appearances of the healthy and the diseased parts, so as to be able to distinguish one from the other. He is very much interested in anatomy, though of course his knowledge is chiefly theoretical, as his religion would not allow him to dissect. On one occasion, when one of his servants had injured his skull from a fall, Jang explained to me his view of the nature of the internal injury. To do so he sketched, with a pencil on a bit of paper, a map of the course and distribution of the arteries of the brain and base of the skull, pointing out which went to the ears, which to the eyes, nose, &c. Of course it was not quite so correct anatomically as to secure his "passing" at the College of Surgeons, but it was correct in the main, and showed that he had a very fairly clear idea of the parts he was demonstrating, and of the injuries to which, from their position, they were most liable. **(To be continued)**


## सन्ततिको स्वास्थ्य र भावी स्वस्थ जीवनको लागि खोप लगाउन सम्झना राखौं

### भक्तपुर नगरपालिका क्षेत्रभित्र खोप सेवा प्रदान गरिने स्थान, दिन र समय

| स्थान | दिन (हरेक हप्ताको) | समय | उपलब्ध भ्याक्सिन |
|---|---|---|---|
| भक्तपुर अस्पताल, दूधपाटी | आइतबार र बुधबार | बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म | बि.सि.जि., डि.पि.टि., हे.प.बि. हिव, पोलियो दादुरा–रुबेला, जेई, टि.टि. |
| शहरी स्वास्थ्य केन्द्र, च्यामासिङ्ग | सोमबार र शुक्रबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| शहरी स्वास्थ्य केन्द्र, ब्यासी | बिहीबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| सिद्धिस्मृति महिला तथा बाल अस्पताल, भेलुखेल | आइतबार, मङ्गलबार र शुक्रबार | बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म | |
| सामुदायिक स्वास्थ्य केन्द्र, घटखा | आइतबार | बिहान ७ बजेदेखि ९ बजेसम्म | |

जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर

तपाईंको भान्छा

## मेथीका नौ फाइदाहरु

१. मेथीको सेवनले शरीरमा राम्रो कोलेस्टेरोल बढ्छ र नराम्रो कोलेस्टेरोल घट्छ। यसबाट मुटुसम्बन्धी रोग पनि कम हुन्छ।

२. मेथीको सेवनले रगतमा ग्लुकोजको स्तर कम हुन्छ, जसबाट डाइबेटिजको टाइप वान र टाइप टु दुवै नियन्त्रित हुन्छ।

३. सुत्केरी भएपछि महिलाको दुध बढाउन मेथीको सेवन फाइदाजनक हुन्छ। यसमा रहेको डायसजेनिन नामक स्टेरोइड यस मामलामा फाइदाजनक हुन्छ।

४. पेट खराब हुँदा या अपचको स्थितिमा मेथीको सेवन लाभकारी हुन्छ। यसले भोक पनि बढाउँछ।

५. कब्जियत हटाउँन मेथी फाइदाजनक मानिन्छ। यसले शरीरको मेटाबोलिजम ठीक राख्छ।

६. मेथीको सेवनले स्तन क्यान्सर र प्रोस्टेट क्यान्सरको खतरा पनि कम गर्छ।

७. उच्च रक्तचापका बिरामीका लागि मेथीको सेवन फाइदाजनक हुन्छ, यसबाट रक्तचाप पनि नियन्त्रण हुन्छ।

८. मेथीको सेवनबाट शरीरमा टेस्टोस्टेरोनको स्तर पनि बढ्छ, जसबाट मांसपेशी बन्छ र शरीर मजबूत हुन्छ।

९. छालामा र्यासेज अथवा चायाजस्ता समस्याका लाग मेथीको दानाको सेवन फाइदाजनक हुन्छ।

'स्वास्थ्य खबरपत्रिका' बाट

## बासिबियाँलो



भूईँ हो कि कौसी? असम्भव डिजाइन।

### सधैं Four

१ देखि १०० भित्रको कुनै सङ्ख्यालाई अंग्रेजी अक्षरमा लेख्नु होस्। (उदाहरणको लागि Ninety Five) यसको अक्षर गनेर त्यसलाई पनि अंग्रजी अक्षर मै लेख्नुहोस्– (Ten) यसको पनि अक्षर गनेर अंग्रेजी मै लेख्नुहोस् (Three) फेरि अक्षर गनेर अंग्रेजी मै लेख्नुहोस्। (Five)। यसरी लेख्दै जाँदा एक अङ्कको सङ्ख्यामा पुग्दा र त्यसका अक्षरलाई गनेर लेख्दा जहिले पनि Four मा पुग्नु हुन्छ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस्।

## मतसीमाविरूद्धको कारण देखाउ आदेशमा ढिलो म्याद

नेपाल मजदुर किसान पार्टीले मतसीमासहितको प्रतिगामी कानुनी प्रावधानविरुद्ध सर्वोच्च अदालतमा दिएको रिटमा कार्तिक २८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई कारण देखाउ आदेश जारी गरेको थियो।

तर सर्वोच्चको सो आदेशअनुसार मंसिर ११ गतेमात्र आदेश तयार भयो। आदेशानुसार म्याद पठाएको ७ दिनभित्र हाजिर हुन नसके १५ दिनको म्याद थप्न पाउने कानुनी व्यवस्थाअनुसार विपक्षीहरू झिकाउने काम निकै ढिलो हुने देखियो। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन परिणाम अगाडि नै सर्वोच्चबाट अन्तिम फैसला भइसक्नुपर्ने संविधानसँग बाझिएको मुद्दासमेतको आदेश तयार गर्ने र म्याद पठाउने काम किन ढिलो भयो ? के सर्वोच्चलाई सरकारमा गएका पार्टीहरूले प्रभावमा राखी आफ्नो अनुकूल चलाएको हो। जनतामाझ चर्चाको विषय भएको छ। यद्यपि, निर्वाचन परिणाम आउनु अगावै फैसला आउने अपेक्षा जनताले गरेका छन्। *('मजदुर' दैनिकबा)*

# भक्तपुर मासिक को वर्ष ३४ को विषय सूची

## वर्ष ३४ अङ्क १, २०७३ मंसिर/ सङ्ख्या २३७


१) निस्वार्थ रूपले देश र जनताको सेवामा जोड
२) पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण निर्देशक समितिको बैठक
३) आवास योजनाको काम धमाधम
४) 'जनताको आलोचनालाई सुझावको रूपमा लिनु आवश्यक छ'
५) इतिहासको एक झुठ पाना- ओम धौभडेल
६) यो कुन दरबारको ढोका हो ?- दिव्यराज
७) नागरिक भावना : हाम्रो पोखरी- हेमन्त
८) मुख्तियार रंगनाथ गुरुजु छगु झलक- चित्तरञ्ज 'नेपाली'
९) आजको अफ्रिकाका समस्याहरू (८)- प्योट्र माच्ख
१०) चित्रकथा : कस्तो बन्ला लाल बैठक भवन ?-गौरीबहादुर कार्की
११) अमेरिकामा ट्रम्पको उदय:विश्व शान्तिका लागि खतरा-प्रकाश थुसा
१२) SKETCHES FROM NIPAL (8)-Henry Ambrose Oldfield
१३) 'भक्तपुर' मासिक वर्ष ३३ को विषय सूची
१४) अर्ध प्रतिगमनलाई अझ कति ब्यहोर्नु पर्ने हो ?(सम्पादकको पृष्ठ)

**साथमा**-नेपाल एएफसी सोलिडारिटी कप च्याम्पियन/ ख्वप विश्वविद्यालयसम्बन्धी विधेयक मन्त्रीपरिषद्मा/ बसिबियाँलो/ नेपालको संविधान २०७२, भाग - ९, संघीय आर्थिक कार्यप्रणाली (१५)/ खलिल जिब्रानको धर्म/ चिनियाँ नीतिकथा : झुटो तारिफ/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/ तपाईको भान्सा : रोग प्रतिरोधात्मक क्षमता बढाउन खानुहोस् यी खानेकुरा/ कार्तिक महिनाको पर्यटक तथ्याङ्क ।


## वर्ष ३४ अङ्क २, २०७३ पुस/ सङ्ख्या २३८


१) भक्तपुर नपाको ६७ औं स्थापना दिवस मनाइयो
२) चिनियाँ नेता ल्यु भक्तपुरमा
३) स्वागत तथा विदाई कार्यक्रम
४) देश बचाउने अभियानमा लाग्न जोड
५) जर्मन प्रतिनिधिमण्डल भक्तपुरमा
६) 'आशाकाजी स्मृति बिम्ब' लोकार्पण
७) भक्तपुर नगरपालिकाको बैठक निर्णय
८) नेपालमण्डलको इतिहासमा स्वरोदय ग्रन्थ- ओम धौभडेल
९) फिडेल क्यास्ट्रो अर्थात समाजवादी निष्ठाका सगरमाथा-नीरज लवज्
१०) नागरिक भावना : अभिनन्दन समारोह- हेमन्त
११) झीगु शिल्प व चित्रकला- सत्यमोहन जोशी
१२) डा.काशीप्रसाद जयसवाल- रत्न सुन्दर शाक्य
१३) आजको अफ्रिकाका समस्याहरू (९)- प्योट्र माच्ख
१४) हराएका चोक खोज्दै- रमा लुइँटेल
१५) SKETCHES FROM NIPAL (9)-Henry Ambrose Oldfield
१६) लोकमानसिंका 'रहस्यका पोकाहरू' (सम्पादकको पृष्ठ)

**साथमा**-चिनियाँ नीतिकथा : घण्ट चोर/बसिबियाँलो/ खलिल जिब्रानको मृत्यु/ नेपालको संविधान २०७२, भाग - ११, न्यायपालिका (१६)/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/तपाईको भान्सा : विभिन्न रोगमा तुलसीको प्रयोग/ मंसिर महिनाको पर्यटक तथ्याङ्क ।


## वर्ष ३४ अङ्क ३, २०७३ माघ/ सङ्ख्या २३९


१) शान्नानको प्रतिनिधिमण्डलद्वारा भक्तपुर भ्रमण
२) इन्टरपोलका पाहुनालाई भक्तपुरमा भव्य स्वागत
३) भक्तपुर नगरपालिकाको बैठक निर्णय
४) नेपालको इतिहासमा माध्यमिककालीन अवधारणा : खातिरदारी इतिहास दर्शनको- देविचन्द्र श्रेष्ठ
५) संरक्षणको पर्खाइमा ऐतिहासिक रानी पोखरी-ओम धौभडेल
६) नागरिक भावना : भाकल- हेमन्त
७) थ्व हे ला ले ? - फत्तेबहादुर सिंह
८) नेतृत्वको अर्थ, महत्त्व र गुण- गम्भीरबहादुर हाडा










९) आजको अफ्रिकाका समस्याहरू (१०)– प्योट्र माच्ख
१०) SKETCHES FROM NIPAL (10)-Henry Ambrose Oldfield
११) सैन्यवादको जापानी सपना र एशियाको सुरक्षा चिन्ता–प्रकाश थुसा
१२) कहिल्यै साकार नहुने 'शहीदको सपना' ?(सम्पादकको पृष्ठ)

**साथमा**- जथाभावी फोहर फाल्ने पक्राउ/भनपाद्वारा विभिन्न सीपमूलक तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण/भक्तपुर नगरपालिकामा व्यक्तिगत घटना दर्ता विवरण २०७३ कार्तिक/मंसिर/पौष महिना/बसिबियाँलो/चिनियाँ नीतिकथा:के सजिलो के गाह्रो ?/ खलिल जिब्रानको महाप्रस्थान/ तलेजु परिसरभित्र आगलागी/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/नेपालको संविधान २०७२, भाग – ११, न्यायपालिका (१७)/ उत्कृष्ट मोडल पुरस्कृत/ तपाईको भान्सा : अण्डा/ पौष महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३४ अङ्क विशेष, २०७३ माघ/ सङ्ख्या २४०

(भक्तपुर नपाको ३१ औं नगरपरिषद्)

१) भक्तपुर नगरको परिचय
२) भक्तपुर नगरपालिकाको ३१ औं नगर परिषद्
३) भक्तपुर नगरपालिकाको पारदर्शिता (सम्पादकको पृष्ठ)

## वर्ष ३४ अङ्क ४, २०७३ फागुन/ सङ्ख्या २४१

१) ख्वप विश्वविद्यालय स्थापनाको काम कतैबाट रोकिनु हुँदैन
२) दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ सम्पन्न
३) भक्तपुर नपामा वडा विभाजन र वडा सचिवको व्यवस्थापन
४) नर्सहरूले सेवाभावले काम गर्नु आवश्यक
५) भक्तपुर नगरपालिकाको बैठक निर्णय
६) ख्वपदेयया चौकोट दरबार– ओम धौभारी
७) सांस्कृतिक भोजन परिकार सम्हेबजी– तेजेश्वर बाबु ग्वंग:
८) नेपाली भाषा शुद्धीकरण अभियानको खाँचो– विगोल
९) एक रुसी बौद्ध व्यक्तित्व सेर्गेई फ्योदोरोविच ओल्देनवर्ग– रत्नसुन्दर शाक्य
१०) भक्तपुर नगरपालिकाभित्र रहेका ढुङ्गेधाराहरू
११) नागरिक भावना : हनुमानघाट– हेमन्त
१२) भक्तपुर लायकू सुवर्णद्वारका कालिगड शाक्यहरू र चूडाकर्म गर्ने निवाः वाहा जेतवर्ण महाविहार– तेजरत्न शाक्य
१३) आजको अफ्रिकाका समस्याहरू (११)– प्योट्र माच्ख
१४) आकाशवाणीका आविष्कारक मार्कोनी– न्हुछेरत्न बुद्धाचार्य
१५) SKETCHES FROM NIPAL (11)- Henry Ambrose Oldfield
१६) स्थानीय तहको निर्वाचन गराउनै पर्छ (सम्पादकको पृष्ठ)

**साथमा**-संसदीय अनुगमन टोलीद्वारा भक्तपुर निरीक्षण/ फोहोर छुट्याई संकलन गर्न विभिन्न क्षेत्रमा बाल्टिन वितरण/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/ चिनियाँ नीतिकथा : बालकलाई हुर्काउने तरिका/ बसिबियाँलो/ नेपालको संविधान २०७२, भाग – १२, महान्यायाधिवक्ता (१८)/ भूकम्पीय जोखिम न्यूनीकरण र शहरी संरचना विषयक अभिमुखीकरण/ भक्तपुर नगरपालिकाको सहयोगमा घैंलाटेदेखि सल्लाघारीसम्म सरसफाइ कार्यक्रम/ तपाईको भान्सा : अमृत जस्तै अंगुर/ पाठक पत्र/ माघ महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३४ अङ्क ५, २०७३ चैत/ सङ्ख्या २४२

१) भैरव र अजिमाको रथको बाटो खोलियो
२) नयाँ वर्ष र बिस्केट जात्राको अवसरमा शुभकामना कार्यक्रम
३) बिस्केट जात्रा भव्य रूपमा सम्पन्न गर्न भेला
४) भक्तपुर नगरपालिकाको बैठक निर्णय
५) मध्यकालको अन्त्यमा मल्लिक मुद्रा : आर्थिक इतिहासका केही नौला पृष्ठहरू– देवविचन्द श्रेष्ठ
६) भक्तपुरको चण्डेश्वरी देवीको जात्रा तथा ऐतिहासिकता–ओम धौभडेल
७) भक्तपुर : कलाकृतिको खुला सङ्ग्रहालय– विगोल
८) स्थानीय तहको संरचना तथा काम, कर्तव्य र अधिकार–अनिता जधारी
९) नागरिक भावना : मोह– हेमन्त
१०) ज्व भ्वय् (नेवारी भोज) खाने कि डिनर ?– कृतिका प्रजापति
११) हेलेन किलर– श्यामकृष्ण खुलिमुली
१२) बजारको विकासमा ई-कर्मसको भूमिका– गम्भीरबहादुर हाडा
१३) 'थ्रेसहोल्ड' राजनीतिक असभ्यता !– प्रकाश नेपाल
१४) आजको अफ्रिकाका समस्याहरू (१२)– प्योट्र माच्ख
१५) 'गुप्त दस्तावेजहरू' पुस्तकमा डुबुल्की मार्दा– धीरेन्द्रमान
१६) महाकवि कालिदास– न्हुछेरत्न बुद्धाचार्य









१७) SKETCHES FROM NIPAL (12)- Henry Ambrose Oldfield

१८) अर्धप्रतिगमनको अन्त्य हुँदै (सम्पादकको पृष्ठ)

**साथमा**- चिनियाँ नीतिकथा : नक्कली बाँसुरे/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/ नेपालको संविधान २०७२, भाग - १३, प्रदेश कार्यपालिका (१९)/ नगरपालिका तथा कमलविनायक बजार समितिको संयुक्त आयोजनामा सफाइ कार्यक्रम/ बसिबियाँलो/तपाईंको भान्साः मेवाका १६ फाइदा/ चैत्र महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३४ अङ्क ६-७, २०७४ वैशाख-जेठ/ सङ्ख्या २४३

१) भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूद्वारा शपथ तथा पदभार ग्रहण

२) भक्तपुर नपाका नगर कार्यपालिकामा निर्वाचित सदस्यहरूको शपथग्रहण

३) घोषणापत्र लागू गर्न अध्यक्ष रोहितको सुझाव

४) जिल्लाका कार्यालय प्रमुखहरूसँग भक्तपुर नगरपालिका

५) हनुमन्ते खोला सफाइबारे अन्तरक्रिया

६) राष्ट्रपतिद्वारा भूकम्पले भत्काएको सम्पदाको अवलोकन

७) राष्ट्रिय कला सङ्ग्रहालयको पुनःनिर्माणबारे अन्तरक्रिया

८) भक्तपुर नपामा फोहोर मैला व्यवस्थापन गर्न अध्ययन समिति गठन

९) नवनिर्वाचित प्रमुख प्रजापतिका केही अभिव्यक्ति ...

१०) भक्तपुर नगरपालिकाको बैठक निर्णयहरू

११) भक्तपुरमा नेमकिपाको विजय र्‍याली : पार्टीको घोषणापत्र लागू गर्ने प्रतिबद्धता

१२) स्थानीय तह निर्वाचन २०७४ मा नेपाल मजदुर किसान पार्टीको भक्तपुर नगरपालिकाको लागि घोषणापत्र

१३) प्रमुख सुनिल प्रजापतिको छोटो परिचय

१४) उपप्रमुख रजनी जोशीको छोटो परिचय

१५) स्थानीय निकाय निर्वाचन २०७४ भक्तपुर नगरपालिकाको वडागत मत विवरण

१६) स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न

१७) भारसिंह कायस्थ एक सफल भारदार-ओम धौभडेल

१८) नागरिक भावना : सम्पदा-हेमन्त

१९) के पश्चिमी शैलीको प्रजातन्त्र असफल भएको हो ?- एक चिन्तन-बी.एन.

२०) भेनेजुयला किन लाग्यो संविधानसभाको बाटोमा ?-प्रकाश थुसा

२१) आजको अफ्रिकाका समस्याहरू (१३)-प्योट्र माच्ख

२२) SKETCHES FROM NIPAL (13)-Henry Ambrose Oldfield

२३) गणतन्त्र जनताको घरदैलोमा (सम्पादकको पृष्ठ)

**साथमा**- हनुमन्ते खोला सुधार गर्न ढल व्यवस्थापनबारे परामर्शदाताहरूसँग छलफल/ वृक्षरोपण-सरसफाइ गरी वातावरण दिवस मनाइयो/ निर्विरोध निर्वाचित महिला उम्मेदवारलाई धम्की/ भक्तपुरमा खानेपानीबारे नपाको चासो/ नक्सापास गर्ने जिम्मेवारी नगर प्रमुखलाई दिनुपर्ने/ दाहाल गए देउवा आए/ पहिलो महिला प्रधान न्यायाधीश सेवा निवृत्त/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/ बसिबियाँलो/ चिनियाँ नीतिकथा : अतिशयोक्ति/ नेपालको संविधान २०७२, भाग - १४, प्रदेश व्यवस्थापिका (२०)/ तपाईंको भान्सा : आँप/ वैशाख महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३४ अङ्क ८, २०७४ असार/ सङ्ख्या २४४

१) भक्तपुर नगरपालिकाद्वारा उत्कृष्ट खेलाडीको सम्मान

२) भक्तपुर नगरपालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न

३) घोषणापत्र नै हाम्रो काम गर्ने आधार

४) जनप्रतिनिधिहरूको अधिकार नखोस्न खबरदारी

५) भक्तपुरलाई सांस्कृतिक नगर बनाउने लक्ष्य

६) फोहरमैला व्यवस्थापनसम्बन्धी प्रतिवेदन हस्तान्तरण

७) भक्तपुर नगरपालिकाको बैठक निर्णय

८) बजेट निर्माणको लागि नगरवासीहरूको राय सुझाव

९) 'जनताको सुझावअनुसार काम गरिरहेका छौं' - सुनिल प्रजापति

१०) 'दत्तचित्त भएर काम गरेमा गाह्रो सजिलोको प्रश्नै आउँदैन'- रजनी जोशी

११) ऐतिहासिक व्यक्ति : उद्धवसिह भारो-ओम धौभडेल

१२) नागरिक भावना : बहुला कुकुर-हेमन्त

१३) भक्तपुर नपा कब्जा गर्ने रे !-जोराल

१४) आजको अफ्रिकाका समस्याहरू (१४)-प्योट्र माच्ख

१५) सिंहदरबारलाई पनि तालिमको आवश्यकता-दिवाकर

१६) SKETCHES FROM NIPAL (14)-Henry Ambrose Oldfield

१७) जनअपेक्षा र जनप्रतिनिधि (सम्पादकको पृष्ठ)

**साथमा**- भनपा प्रमुख र जापानी राजदूतबीच भेट/भक्तपुरमा आँखा









अस्पताल निर्माणबारे छलफल/व्यवस्थित र नमुना नपा बनाउन जोड/नपा प्रमुख र एन्फा प्रतिनिधि मण्डल भेटघाट/ पुनःनिर्माणबारे भक्तपुर नगरपालिका र जर्मन विकास बैङ्कबीच छलफल/पुनः निर्माणबारे भनपा र जाइकाबीच छलफल/ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्ने/नपाका सफाइ कर्मचारीको भेला/ नगर प्रमुखद्वारा तलेजु आगम छेँको अवलोकन/ नर्सिङ परिषद्को पक्षपातपूर्ण मूल्याङ्कन/ अनियमित निर्माण भत्काउन सुरू/ आर्किटेक्टहरूको प्रमण्डल भक्तपुर नपामा/खेलकुदलाई मौलिक हकमा राख्नुपर्ने/ नवनिर्वाचित प्रमुख प्रजापतिका केही अभिव्यक्ति .../ सरकारको आदेश 'संविधान विपरीत'/ नेपालको संविधान २०७२, भाग - १४, प्रदेश व्यवस्थापिका (२१)/ चिनियाँ नीतिकथा : भुटो तारिफ/ बसिबियाँलो / जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/ तपाईंको भान्सा : गाजर/ जेठ महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३४ अङ्क ९, २०७४ साउन/ सङ्ख्या २४५

१) भक्तपुर नपाको पहिलो नगरसभा सम्पन्न
२) स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप नहोस्
३) भक्तपुर नपाले घरघरमा नर्सिङ सेवा पुऱ्याउने
४) जनताको स्वास्थ्यमाथि खेलवाड गर्नेमाथि मानवताविरोधी अपराधमा कार्वाही गर्नुपर्ने
५) प्रमुख प्रजापतिबाट नगर बस सेवाको उद्घाटन
६) कानुनविना सुशासनको कल्पना गर्न सकिँदैन- प्रमुख प्रजापति
७) आदेशको भरमा स्थानीय तह सञ्चालनले निरङ्कुशताको खतरा
८) प्रमुख सुनिल प्रजापति र प्रजग कोरियाका राजदूत किमबीच भेटवार्ता
९) भक्तपुर नगरपालिकाको बैठक निर्णय
१०) गाईजात्रा पर्व २०७४ का उत्कृष्टलाई पुरस्कृत गरिने
११) वडाध्यक्ष परिचय : (१) हरिप्रसाद बासुकला
(२) लक्ष्मीप्रसाद ह्यौमिखा
१२) आजका नेपाली महिलाको अवस्थाः हिजोको पृष्ठभूमिबाट हेर्दा-राममणि भट्टराई
१३) भक्तपुर सुजमाही टोलको फले (पाटी)को अभिलेख-पुरुषोत्तमलोचन श्रेष्ठ
१४) मल्लकालीन दरबारी लेखक दैवज्ञ बालकृष्ण जोशी-ओम धौभडेल
१५) ऐतिहासिक र साँस्कृतिक दृष्टिले महत्त्वपूर्ण भक्तपुरका केही दर्शनीय स्थलहरू : एक अध्ययन-सह प्रा.डा. बलराम कायस्थ
१६) नागरिक भावना : यज्ञ-हेमन्त
१७) EMP भनेको के हो ?-धीरेन्द्रमान
१८) आजको अफ्रिकाका समस्याहरू (१५)-प्योट्र माच्ख
१९) SKETCHES FROM NIPAL (15)-Henry Ambrose Oldfield
२०) स्थानीय तह व्यवहारमा अधिकार सम्पन्न र स्वायत्त हुनुपर्छ (सम्पादकको पृष्ठ)

**साथमा**-असार महिनाको व्यक्तिगत घटना दर्ता विवरण/ नगरपालिकाको प्राङ्गणमा विविध बोटका बिरुवाहरू रोपी वृक्षरोपण/ चिनियाँ नीतिकथा : मलमको उपयोग/ दक्षिण कोरियाली प्राध्यापकहरू भक्तपुरमा/ खँचा पोखरीको सफाइ/ भक्तपुर नपाद्वारा सम्मानित २०७३ सालका उत्कृष्ट खेलाडीहरू/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/ नेपालको संविधान २०७२, भाग-१५, प्रदेश व्यवस्थापन कार्यविधि (२२)/बसिबियाँलो/तपाईंको भान्साःऔषधिको रूपमा कागती/असार महिनाको र वार्षिक पर्यटक तथ्याङ्कहरू ।

## वर्ष ३४ अङ्क विशेष, २०७४ साउन/ सङ्ख्या २४६

(प्रथम नगरसभा विशेष अङ्क)

१) भक्तपुर नगरपालिकाको प्रथम नगरसभा

*क) समुद्घाटन कार्यक्रम*
*ख) बन्द सत्र - पहिलो दिन*
*ग) बन्द सत्र - दोस्रो दिन*
*घ) बन्द सत्र - तेस्रो दिन*

२) नगर सभाको समापन कार्यक्रम

## वर्ष ३४ अङ्क १०, २०७४ भाद्र/ सङ्ख्या २४७

१) भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन
२) सडक चौडा बनाउँदा पीडितहरूलाई चल्तीको मूल्यअनुसार क्षतिपूर्ति दिनुपर्ने
३) शैक्षिक विकासबारे महिलाबीच अन्तरक्रिया
४) व्यक्तिगत सुविधा होइन जनताको सेवा गर्न निर्देशन









५) महिलाहरु भाषा संस्कृति बचाउन अग्रसर हुनुपर्ने
६) भूकम्प पीडितहरूलाई दोश्रो र तेश्रो किस्ता एकमुष्ट दिनुपर्ने
७) नगरपालिकाद्वारा खेलकुदको नीति नियमबारे अन्तरक्रिया
८) सफाइ जात विशेषको काम होइन
९) 'सडक मर्मतको जिम्मेवारी स्थानीय तहलाई दिनुपर्छ'
१०) 'भक्तपुर नगरको विकास निर्माणबारे हामी सबै पक्षसँग छलफल गरेर काम गर्छौं ।' सुनिल प्रजापति
११) देशको सार्वभौमिकता रक्षा र समाजवादी विचारका निम्ति युवाहरू तयार हुनुपर्ने
१२) कानुन नहुँदा स्थानीय तहलाई अप्ठेरो
१३) सहरीकरणको नाउँमा जनतालाई दुःख दिन नहुने
१४) 'भक्तपुर नगरपालिकामा जन प्रतिनिधिहरूको १०० दिन' विषयक कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिको मन्तव्यसहितको प्रतिवेदन
१५) जनताबाट सिकेर जनताकै सेवा गरौं
१६) सय दिनमा ७ वडाको प्रगति
१७) सफाइमा जनताको उत्साहप्रद सहभागिता
१८) भक्तपुर नगरपालिकाको बैठक निर्णय
१९) वडाध्यक्ष परिचय : (१) श्यामकृष्ण खत्री
(२) प्रेम गोपाल कर्माचार्य
२०) मध्यकालिक नेपालमा टोखा उपनगरको सामरिक स्थिति–देविचन्द्र श्रेष्ठ
२१) कान्तिपुरका सफल भारदार नवमीसिंह राजभण्डारी–ओम धौभडेल
२२) सात दशक पहिलेको उपत्यका–सत्यमोहन जोशी
२३) 'स्मार्ट सिटी' होइन, नेपाल माफियाको स्वर्ग हुनेछ–निर्जला
२४) भूगोल नचिन्नेले देश बनाउँदैन–कृतिका प्रजापति
२५) मौलिकता विरोधीहरूको 'स्मार्ट सिटी'–आदित्य श्रेष्ठ
२६) नागरिक भावना : विषादी–हेमन्त
२७) साँयेजु, कायस्थ एक ऐतिहासिक विवेचना–डा. वीरेन्द्रप्रसाद कायस्थ
२८) SKETCHES FROM NIPAL (16) -Henry Ambrose Oldfield
२९) स्थानीय सरकारको सय दिन (सम्पादकको पृष्ठ)

**साथमा :** भूकम्पपछिको सम्पदाको अभिलेख नपालाई बुझाइयो/फोहोर मैला व्यवस्थापन गर्न विद्यालय र कलेजको महत्त्वपूर्ण भूमिका/जनताको भविष्यसँग जोडिएकोले पर्यटन विकासमा लगानी/भक्तपुर नपाको कराते डोजो टीम प्रथम/बसिबियाँलो/चिनियाँ नीतिकथाःड्रागन मार्ने सीप/ नेपालको संविधान २०७२, भाग–१६, प्रदेश व्यवस्थापन कार्यविधि (२३)/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/तपाईको भान्साः भ्यान्टाले यसरी घटाउँछ चुरोटको कुलत/श्रावण महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३४ अङ्क ११, २०७४ असोज/सङ्ख्या २४८

१) भक्तपुर नगरपालिकाद्वारा 'गाईजात्रा पर्व २०७४' का उत्कृष्टलाई पुरस्कार वितरण
२) विश्व पर्यटन दिवसमा पर्यटकको स्वागत
३) ऐतिहासिक भाजु पोखरीको सफाइ
४) जबरजस्ती विधेयक पास गर्नु तानाशाही
५) भाषा र संस्कृति नसिक्दा विदेशमा नेपाली युवा सस्तो श्रमिक मात्र
६) ख्वप विश्वविद्यालयको स्वीकृति शर्तरहित हुनुपर्छ
७) भारतीय दूतावासको पत्रमाथि छानबिन गर्नु पर्ने
८) प्रमुख प्रजापतिबाट टेलिमेडिसिन सेवाको उद्‌घाटन
९) विकास कार्यको हिसाब व्यवस्थित र पारदर्शी हुनुपर्छ
१०) 'भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न कोसिस गर्दैछौँ'–सुनिल प्रजापति
११) 'सबै काम विदेशीहरूलाई सुम्पेर हाम्रो मौलिकता बचाइराख्न सक्दैनौं'–सुनिल प्रजापति
१२) विभिन्न वडामा जनप्रतिनिधिहरुको सय दिन
१३) सय दिनमा ९ वडाको प्रगति
१४) तःमुँज्याको ३७ औं सम्मेलन भव्यताका साथ सम्पन्न
१५) श्रेसहोल्डविरुद्ध नेमकिपाद्वारा सर्वोच्चमा रिट
१६) भक्तपुर नगरपालिकाको बैठक निर्णय
१७) मध्यपुर थिमी नगरपालिकाको मत विवरण
१८) वडाध्यक्ष परिचय–कुमार चवाल
१९) त्रिपुरासुन्दरी–ओम धौभडेल
२०) नमुना सङ्ग्रहालय खोल्ने हो कि !–विगोल
२१) आत्मनिर्भरताको लागि घरेलु तथा साना उद्योगको आवश्यकता–कृतिका प्रजापति
२२) नेपालको 'अन्न भण्डार' लाई 'बलि' चढाएर भारतले कति 'पुण्य' कमाउने ?–अनल कुमार
२३) नागरिक भावना : विश्वास–हेमन्त
२४) SKETCHES FROM NIPAL (17)-Henry Ambrose Oldfield
२५) गाईजात्राको उत्भव थलो भक्तपुर (सम्पादकको पृष्ठ)

**साथमा**-तीस वर्षदेखि बन्द दाफा भजनको पाटी खुला/ विश्व पर्यटन दिवसमा दुमाजु पोखरीको सरसफाइ/ ग्वंग पोखरीको सरसफाइ/ सफाइ सबैको लागि/ महाकाली पीठ परिसरमा सरसफाइ कार्यक्रम/ मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन/ चिनियाँ नीतिकथाः गाली र ताली/ बसिबियाँलो/ नेपालको संविधान २०७२, भाग –१७, स्थानीय कार्यपालिका (२४)/ तपाईको भान्सा : क्यान्सरबाट बच्न काउली/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/ भाद्र महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३४ अङ्क १२, २०७४ कार्तिक/सङ्ख्या २४९

१) भक्तपुर नगरव्यापी अन्तरविद्यालय खेलकुद प्रतियोगिता सम्पन्न
२) नाचगानको राजधानी र सांस्कृतिक नगर भक्तपुरमा बाँसुरी बाजा प्रतियोगिता सम्पन्न
३) सरसफाइबारे व्यवसायीहरूको भेला
४) का.रोहित राष्ट्रिय राजनीतिमा सक्रिय रहिरहने
५) बाँसुरी बाजा प्रतियोगिताको तयारी बैठक
६) पर्यटन उद्योगको प्रवर्द्धनलाई थप प्रभावकारी बनाउन छलफल
७) भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्थापना गरी छाड्नेछ
८) युवाहरूले देश र जनताको सेवा गर्ने भावनाले राजनीतिमा भाग लिनुपर्ने
९) वडा नं. ५ मा जनप्रतिनिधिहरूको सय दिन
१०) सी जिन पिङ महासचिवमा पुनःनिर्वाचित
११) रूपान्तरित संसदको कार्यकाल समाप्त
१२) योजना निर्माणभन्दा कार्यान्वयन महत्त्वपूर्ण
१३) 'समाजवाद संसारमा आजसम्म विकसित राजनैतिक व्यवस्थामध्ये उत्कृष्ट व्यवस्था हो'–सुनिल प्रजापति
१४) 'संसद शोषण, लुट र डकैतजस्ता अपराधहरूलाई वैधता दिने

थलोमात्रै साबित भयो'–सुनिल प्रजापति
१५) 'हाम्रो स्वाभिमानलाई आँचपुग्ने कुरा हामीलाई स्वीकार्य हुने छैन'–सुनिल प्रजापति
१६) सय दिनमा ३ वडाको प्रगति प्रतिवेदन–राजकृष्ण गोरा
१७) सय दिनमा ६ वडाको प्रगति प्रतिवेदन–हरिराम सुवाल
१८) भक्तपुर नगरपालिकाको बैठक निर्णय
१९) वडाध्यक्ष परिचय : राजकृष्ण गोरा
२०) नेपाल संवत्को ऐतिहासिक महत्त्वमा जँला टोलको भूमिका–ओम धौभडेल
२१) कम निष्ठहरूको सत्तालोलुप गठबन्धन–प्रकाश नेपाल
२२) नागरिक भावना : संरक्षण–हेमन्त
२३) 'थ्रेसहोल्ड' (मतसीमा): निरंकुशता फर्काउने षडयन्त्र–विवेक
२४) SKETCHES FROM NIPAL (18)-Henry Ambrose Oldfield
२५) नेमकिपाका जनप्रतिनिधिहरू इमानदार छन् (सम्पादकको पृष्ठ)

**साथमा**–जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ/ भक्तपुरमा एक लाख ७८ हजार मतदाता/ ताहामलाको भग्नावशेषमा उमा महेश्वरको मूर्ति फेला/ जनसहभागितामा सिद्धपोखरीको सरसफाइ/गपली ढुंगेधारा (पसःहिटी) को निकास मर्मत सुधार तथा ढुंगेधारा परिसर सरसफाइ/ प्रदेशसभाहरूमा समावेशी आधार/ 'नाचगानको राजधानी भक्तपुर' का लेखक राणाको निधन/ताला लगाइएको भजन पाटी खोलियो/ बसिबियाँलो/ चिनियाँ नीतिकथा : ड्र्यागनको सोख/आगलागी नियन्त्रणसम्बन्धी अभिमुखीकरण सम्पन्न/ नेपालको संविधान २०७२, भाग–१८, स्थानीय व्यवस्थापिका (२५)/ तपाईको भान्सा : ज्वानोले गर्ने फाइदाहरू/ असोज महिनाको पर्यटक तथ्याङ्क ।





# हार्दिक समवेदना



**स्व. भक्तलाल दुवाल**

**जन्म : २००८ श्रावण ३० निधन : २०७४ मंसिर १५**

भक्तपुर नगरपालिकामा २०३९, २०४४ र २०४९ सालको स्थानीय निर्वाचनमा साविक १४ वडाबाट निर्वाचित वडाध्यक्ष **भक्तलाल दुवाल**को दुःखद निधन भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका परिवार**

**भक्तपुर नगरलाई स्वच्छ र सफा राखौं**

भक्तपुर नगरपालिकाले हरेक महिनाको १ गते र १५ गते नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम गरिरहेको छ ।
यस पुनित कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ ।

# आ.व. २०७४/७५ कार्तिक महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ७२३ | ८३२ | १०२ | ७५७ | ७०५ | ७७२ | ५५८ | ६१० | ९५० | ७२० | ७१६ | ६८३ | ७७८ | ५४८ | ७१८ |
| ■ सार्क तथा चिनियाँ | १५८ | २७४ | २४४ | २६१ | २७९ | १८२ | १८१ | १२६ | २४० | ३५८ | २९९ | २९८ | १९२ | ३३५ | २१९ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ८१४ | ६७६ | १०० | ७३३ | ७०२ | ७४६ | ५९८ | ७२७ | ७५२ | ६०१ | ७३० | ५०६ | ५२० | ६३४ | ५७२ |
| ■ सार्क तथा चिनियाँ | २२९ | २१६ | ३२५ | २०७ | २०८ | २१९ | १६३ | २१३ | ४०८ | ३७८ | २३२ | २६० | २६२ | २९० | १५० |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७३ कार्तिक | १६,६१८ | ४,८४८ | २१,४६६ |
| २०७४ कार्तिक | २१,४१६ | ७,४०६ | २८,८२२ |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# संक्रमणकालको पूर्ण अन्त्य हुँदै

नेपालको गणतान्त्रिक संविधानको कार्यान्वयनको क्रममा प्रतिनिधिसभा र प्रदेशसभाहरूको निर्वाचन दुई चरणमा सम्पन्न भएका छन्। यस निर्वाचनबाट अब संविधानको प्रावधानअनुसारका संघीय संरचनाको प्रतिनिधिसभा, प्रदेशहरूका व्यवस्थापिका गठन हुनेछन् र निर्वाचित राष्ट्रपति, केन्द्रीय सरकार र प्रदेश सरकारहरू गठन हुनेछन्। राष्ट्रिय सभाको गठन पछि कार्यपालिका र व्यवस्थापिकाको संवैधानिक प्रावधान कार्यान्वयन भएको ठहरिनेछ। संक्रमणकालको पूर्ण अन्त्य भएको मानिनेछ।

हामी गणतान्त्रिक व्यवस्थाका नागरिक भयौं। तर निर्वाचन अझै स्वच्छ अर्थात प्रजातान्त्रिक घोषणापत्रको लडाईं हुनसकेको छैन। निर्दलीय पञ्चायतकालका चुनावको पदचिन्हमा बहुदलीय चुनाव भएका थिए भने गणतान्त्रिक व्यवस्थाको चुनाव पनि तात्त्विक अन्तर देखिएन। पैसाको राजनीति, आचारसंहिता उल्लंघनमा प्रतिस्पर्धा, अधिकारको दुरूपयोग र छलछामको चुनाव जस्ता धांधली र विकृतिबाट मुक्त हुन सकेको छैन। 'छिटफुट र सामान्य घटना' भनिए पनि 'सार्वभौमसत्ता र राजकीय सत्ता सम्पन्न नेपाली जनता' ले भयमुक्त वातावरणमा मत खसाल्न पाएनन्।

यस पटकको निर्वाचनमा मतदाताहरूले सत्तामा जाने दलहरूलाई निक्कै ग्याखऱ्याखती पारेको अनुभव सर्वत्र गरियो। मत माग्न नमस्कार गर्न आउनेहरू विजयी भएपछि नाकमुख नदेखाएको मात्र होइन विगतका चुनावमा गरेका आश्वासन् र वाचाहरू पटक पटक सत्तामा पुगेर पनि पूरा नगरेकोमा गुनासो, आलोचना र विरोध गरेको प्रशस्तै सुनियो। यसबाट हाम्रा मतदाताहरूको चेतनास्तर उँभो लागेको टक्लक्कै देखियो। त्यसअनुरूप राजनीतिक सचेतता कति विकसित भयो ? त्यो निर्वाचन परिणामले प्रस्ट्याउँदै जानेछ।

असल बीउबाट मात्र राम्रो बाली उत्पादन हुन्छ। धाँधलीरहित स्वच्छ चुनावबाट मात्र प्रजातन्त्र संस्थागत हुनसक्छ र देश समृद्ध हुनसक्छ। घोषणापत्र र भाषणमा देशको जतिसुकै समृद्धि र जनताको कल्याणको कुरा गरेपनि यदि चुनाव स्वच्छ, निष्पक्ष, धाँधलीरहित पारदर्शी नहुँदा जसको बहुमत र सरकार बने पनि देश र जनताको नियति 'उही नाम्लो उही कुम्लो' हुने निश्चित छ। यसबारे दलहरूमात्र होइन निर्वाचन आयोग पनि त्यतिकै सचेत, सक्षम र सबल हुनुपर्छ– भोलिका दिनले यही शिक्षा फेरि दिने तथ्य निर्विवाद छ।